# लेखापरीक्षण प्रतिवेदन

# तारकेश्वर नगरपालिका

आर्थिक वर्ष २०८०/८१



## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# तारकेश्वर नगरपालिका

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| *स्वतन्त्रता* | *(Independence)* |
| *निष्ठा* | *(Integrity)* |
| *पारदर्शिता* | *(Transparency)* |
| *जवाफदेहिता* | *(Accountability)* |
| *व्यावसायिकता* | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख — महालेखापरीक्षक

प.सं.:2081/82 मिति : २०८२-२-९

च.न.:FAR/2080-81/LOC/521

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री नगर प्रमुखज्यू,
तारकेश्वर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
काठमाडौं।

## कैफियतसहितको राय

हामीले तारकेश्वर नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन,बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरु समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचीत कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ ।पालिकाले पेस गरेको एकीकृत वित्तीय विवरण ( म.ले.प.फा.न.२७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.१५ करोड ४६ लाख ५८ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.२ करोड २१ लाख ५० हजार र गरिबसँग विश्वेश्वर कार्यक्रमको रु.९० हजार समेत गरी रु.१७ करोड ६८ लाख ९८ हजार समावेश गरेको छैन ।

२. पालिकाको रु.३ अर्ब ४५ करोड ४३ लाख ७८ हजारको लेखापरीक्षण गरिएकोमा रू. ८ करोड ७५ लाख ९३ हजार बेरुजु देखिएको छ। सो सम्बन्धमा रु.६ लाख ४५ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.३० लाख ४३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.६ करोड २६ लाख ७० हजार, नियमित गर्नुपर्ने रु.१ करोड ३८ लाख १८ हजार र पेश्की बेरुजु रु.७४ लाख १७ हजार समेत जम्मा यस वर्षको बाँकी बेरुजु रु.८ करोड ६९ लाख ४८ हजार रहेको छ।पालिकाको गत वर्षसम्म रु.३५ करोड २४ लाख १६ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष रु.८ करोड ६९ लाख ४८ हजार थप भई हालसम्मको अद्यावधिक बेरुजु रु.४३ करोड ९३ लाख ६४ हजार रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. पालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८,१४,१७, सम्पत्ति तथा राजस्व लगायतका विवरणहरु खुलासा गरेको छैन ।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने तारकेश्वर नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यस नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटिका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी तारकेश्वर नगरपालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।



( तारा प्रसाद पाण्डे )

नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

**चालु वर्षको बेरुजु**

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ८९ | १३१ | ८,७५,९३,५५२ | ० | ७ | ६,४५,२६१ | ० | ८९ | १२४ | ८,६९,४८,२८८ | ३०,४२,६८० | १,३८,१८,४१५ | ६,२६,७०,५८१ | ० | ० | ७,६४,८८,९९२ | ७४,१६,६१३ |

**अद्यावधिक बेरुजु स्थिति**

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| काठमाडौं | ३५,२४,१६,००० | ० | ० | ३५,२४,१६,००० | ० | ८,६९,४८,२८८ | ४३,९३,६४,२८८ |

**बेरुजु सम्परीक्षणको विवरण**

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ८३ | बढी भुक्तानी | ७,६२० |
| २ | २०८०/८१ | ६२ | प्रमाण पेश गर्नुपर्ने | ५०,००० |
| ३ | २०८०/८१ | २८ | धरौटी फिर्ता | ५,४३,३४१ |
| ४ | २०८०/८१ | ७५ | जुकी मेसिन खरिद | ३६,००० |
| ५ | २०८०/८१ | ५१ | गैरआवासीय छात्रवृत्ति | ८,३०० |
| जम्मा | | | | ६,४५,२६१ |

# (८०३३५४०६३०० - तारकेश्वर नगरपालिका )

## परिचय

१

**(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्वेश्यले यस तारकेश्वर नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत ११ वडा, ५९ सभा सदस्य, ३५ वर्ग किलोमिटर क्षेत्रफल तथा १,५१,५०८ जनाको जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्वेश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्वेश्य रहेको थियो।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।१०।२० देखि २०८१ ।१०।३० सम्म रहेको थियो।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका बेहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेस भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन । पालिकाको लेखापरीक्षणमा वडामार्फत गरिएका सिफारिस जारी गर्ने लगायतका पालिका कार्यालयमा प्राप्त नहुने कागजात परीक्षण गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आर्थिक वर्ष २०८०।०८१ को आयतर्फ रु.१६६६४४१५०९।४० व्ययतर्फ रु.१७८७९३६९५३।९२ गरी जम्मा रु.३४५४३७८४६३।३२ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.४,६२,१०७।३६ असुल भई दाखिला प्रमाण पेस भएको छ ।

| सि.नं | विवरण | रकम रु. |
|---|---|---|
| १ | राष्ट्रिय वाणिज्य बैंक रा.शी.नं.१५१११ मा मिति २०८१।१२।०७ मा कारोबार संकेत २०८१-९७२९३२५ बाट रु.१४९५०।३० सामाजिक सुरक्षाको फिर्ता रकम संघीय सञ्चितकोष दाखिला । | १४९५०.३ |
| २ | मिति २०८१।१२।१४ मा कारोबार सङ्केत नं२०८१-१००२७२९७ मार्फत राजस्व शीर्षक नं ११११२ मा पारिश्रमिक कर बापतको रकम रु.१८००।०० राष्ट्रिय वाणिज्य बैङ्कमा रहेको खातामार्फत सङ्घीय सञ्चित कोषमा दाखिला । | १८०० |
| ३ | मिति २०८१।११।१९ मा कारोबार सङ्केत नं२०८१-९०११७६५ मार्फत बेरुजु १५१११ मा छात्रवृत्तिबापत बढी भुक्तानी भएको रकम रु.४४००।०० राष्ट्रिय वाणिज्य बैङ्कमा रहेको खातामार्फत सङ्घीय सञ्चित कोषमा दाखिला । | ४४०० |
| ४ | मिति २०८१।११।१९ मा कारोबार सङ्केत नं२०८१-९०११७६५ मार्फत बेरुजु १५१११ मा छात्रवृत्तिबापत बढी भुक्तानी भएको रकम रु.४००।०० राष्ट्रिय वाणिज्य बैङ्कमा रहेको खातामार्फत सङ्घीय सञ्चित कोषमा दाखिला । | ४०० |
| ५ | मिति २०८१।१२।१३ मा कारोबार सङ्केत नं२०८१-९९७२०५४ मार्फत बेरुजु १५१११ मा छात्रवृत्ति र पाठ्यपुस्तक बापत बढी भुक्तानी भएको रकम रु.६९६९९।०० राष्ट्रिय वाणिज्य बैङ्कमा रहेको खातामार्फत सङ्घीय सञ्चित कोषमा दाखिला । | ६९६९९ |
| ६ | मिति २०८१।११।२२ मा कारोबार सङ्केत नं२०८१-९१४८३२० मार्फत बेरुजु १५१११ मा छात्रवृत्तिबापत बढी भुक्तानी भएको रकम रु.८४००।०० राष्ट्रिय वाणिज्य बैङ्कमा रहेको खातामार्फत सङ्घीय सञ्चित कोषमा दाखिला । | ८४०० |
| ७ | मिति २०८१।११।२१ मा कारोबार सङ्केत नं२०८१-९११००५७ मार्फत बेरुजु १५१११ मा पाठ्यपुस्तक बापत बढी भुक्तानी भएको रकम रु.१४३४३।०० राष्ट्रिय वाणिज्य बैङ्कमा रहेको खातामार्फत सङ्घीय सञ्चित कोषमा दाखिला । | १४३४३ |
| ८ | राष्ट्रिय बाणिज्य बैंक रा.शी.नं.१५१११ मा मिति २०८१।११।२६ कारोबार संकेत नं २०८१-९३२४७०६ बाट रु.३४६५९८।०६ सामाजिक सुरक्षाको फिर्ता रकम संघीय सञ्चितकोष दाखिला । | ३४६५९८.०६ |
| ९ | राष्ट्रिय बाणिज्य बैंक रा.शी.नं.१५१११ मा मिति २०८१।१२।७ कारोबार संकेत २०८१-९७२९११७ बाट रु.१५१७।०० सामाजिक सुरक्षाको फिर्ता रकम संघीय सञ्चितकोष दाखिला । | १५१७ |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरणको परीक्षण**

२.१ **एकीकृत आर्थिक विवरण** - आ.व. ०८०।०८१को पालिकाले दिएको एकीकृत आर्थिक विवरण देहाय बमोजिम रहेको छ । एकीकृत आर्थिक विवरणमा गत आर्थिक वर्षको जिम्मेवारी सुत्रको वित्तीय प्रतिवेदन-२७० भन्दा बढी रकम सारेको देखिन्छ भने कोषको हिसाब तथा वर्षान्तको मौज्दात बाँकी पनि सुत्रको वित्तीय प्रतिवेदन भन्दा फरक देखिन्छ। अत: आर्थिक वर्षको अन्त पश्चात हिसाब किताब मिलान गरी एकीकृत आर्थिक विवरणले आर्थिक कारोबारको यथार्थ चित्रण हुने गरी एकीकृत आर्थिक विवरण तयार गर्नुपर्दछ ।

| क्रस | आय | | क्र स | व्यय | |
|---|---|---|---|---|---|
| | **शीर्षक** | रकम रु. | | **शीर्षक** | रकम रु. |
| १ | **गत वर्षको जिम्मेवारी** | | १ | **चालु (खर्च तथा फिर्ता)** | ६२०९५१०१९ |
| | सञ्चित कोष | २२८६९५९१२ | २ | **पुँजीगत (खर्च तथा फिर्ता)** | ९९०६३२९८७ |
| | धरौटी खाता | ३१३५२३०५ | ३ | **धरौटी फिर्ता ( फिर्ता)** | १७५१५२९९ |
| | प्रकोप व्यवस्थापन | ६४४६८३५ | ४ | **कोष खर्च** | |
| | मर्मत संभारकोष | ६९८३६३५९ | | | |
| | विभाज्य कोष | ० | | विविध कोष खाता | ० |
| २ | **यस वर्षको धरौटी आम्दानी** | १८२४७३०४ | | विविध खर्च खाता | ७६६१४५० |
| ३ | **आन्तरिक राजस्व आम्दानी** | | | प्रकोप व्यवस्थापन कोष | ० |
| | आन्तरिक राजस्व | ४२३३४१३३३ | | विभाज्य कोष | १४५६४४९८ |
| | | ३८७३५७६६ | | मर्मत संभार कोष | १०००००००० |
| | राजस्व बाँडफाँट संघीय सरकार | ९७०४१०६३ | ५ | **अन्तर सरकारी अख्तियारी (भुक्तानी आदेश मार्फत)** | |
| | राजस्व बाँडफाँट स्थानीय सरकार | ३५३५३५९७६ | | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | २२१५०००० |
| ४ | **संघीय सरकारबाट प्राप्त अनुदान** | | | सामाजिक सुरक्षा तथा संरक्षण | १५४६५८०५८ |
| | वित्तीय समानीकरण अनुदान | १९०३७१००० | | गरीबसँग विश्वेस्वर | ९०००० |
| | ससर्त अनुदान | ३५२५४७८०० | ६ | **गत आ.व. मा सञ्चित कोषमा फरक परेकोले सञ्चित कोषको गो. भौ .नं.अनुसार समायोजन** | |
| | समपुरक अनुदान | | | | |
| | विशेष अनुदान | २१५७४०० | | | |
| ५ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | ७ | **मौज्दात** | |
| | वित्तीय समानीकरण अनुदान | २२५६८००० | | सञ्चित बैंक मौज्दात | १३३८१२२४३ |
| | ससर्त अनुदान | २१४१२००० | | धरौटी मौज्दात | ३२०८४३१० |
| | समपुरक अनुदान | १०००००००० | | विविध कोष खाता | ० |
| | विशेष अनुदान | ५०००००० | | विविध खर्च खाता | १३३२०५० |
| ६ | **विभिन्न कोष तथा खर्च खाता तर्फको आय** | | | प्रकोप व्यवस्थापन कोष | ६४४६८३५ |
| | विविध कोष खाता | | | मर्मत संभारकोष खाता | ७१७६०९४७ |
| | विविध खर्च खाता | ८९८३४९९ | | | |
| | प्रकोप व्यवस्थापन कोष | | | | |
| | मर्मत संभारकोष | ११९२४५८८ | | | |
| | विभाज्य कोष | १४५६४४९८ | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | **अन्तर सरकारी अख्तियारी (भुक्तानी आदेश मार्फत)** | | | | |
| | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | २२१५०००० | | | |
| | सामाजिक सुरक्षा तथा संरक्षण | १५४६५८०५८ | | | |
| | गरीबसँग विश्वेश्वर | ९०००० | | | |
| | **जम्मा** | २०८३६५९६९६ | | **जम्मा** | २०८३६५९६९६ |

२.२ **वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनको मस्यौदा तयार गर्दासम्म सुत्रबाट देखिएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०-२) निम्नअनुसार देखिएको छः

| क्र.स./ आर्थिक सङ्केत | विवरण | चालु आ.व.को कारोबार | | गत आ.व.को कारोबार | |
|---|---|---|---|---|---|
| | | नगद रु. | जम्मा रु. | नगद रु. | जम्मा रु. |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | |
| ११००० | कर | ७७,९५,६६,१७४.७८ | ७७,९५,६६,१७४.७८ | ६१,८७,५४,६६३.८७ | ६१,८७,५४,६६३.८७ |
| १३००० | अनुदान | ५७,९१,१७,६६२.०० | ५७,९१,१७,६६२.०० | ६९,२०,३१,६७३.५८ | ६९,२०,३१,६७३.५८ |
| १४००० | अन्य राजस्व | १३,०८,५९,६१४.६५ | १३,०८,५९,६१४.६५ | १२,४५,६०,१७९.११ | १२,४५,६०,१७९.११ |
| क | कुल जम्मा प्राप्ति | १,४८,९५,४३,४५१.४३ | १,४८,९५,४३,४५१.४३ | १,४३,५३,४६,५१६.५६ | १,४३,५३,४६,५१६.५६ |
| ३ | चालु | ६१,०१,१५,१०९.२२ | ६१,०१,१५,१०९.२२ | ६७,०८,००,५१२.३० | ६७,०८,००,५१२.३० |
| २१००० | पारिश्रमिक / सुविधा | २६,९७,२८,११५.०४ | २६,९७,२८,११५.०४ | ३५,८१,५५,२०१.७० | ३५,८१,५५,२०१.७० |
| २२००० | मालसामान तथा सेवाको उपयोग | १७,९२,२४,४३४.४४ | १७,९२,२४,४३४.४४ | २७,३१,४९,९१२.६० | २७,३१,४९,९१२.६० |
| २५००० | सहायता (Subsidy) | ८९,६२,७७४.०० | ८९,६२,७७४.०० | २५,७४,८४०.०० | २५,७४,८४०.०० |
| २६००० | अनुदान | १२,९९,४३,५६४.९४ | १२,९९,४३,५६४.९४ | ६८,४३,६३४.०० | ६८,४३,६३४.०० |
| २७००० | सामाजिक सुरक्षा | १,७३,४३,७५५.०० | १,७३,४३,७५५.०० | १,३८,५६,३५०.०० | १,३८,५६,३५०.०० |
| २८००० | अन्य खर्च | ४९,१२,४६५.८० | ४९,१२,४६५.८० | १,६२,२०,५७४.०० | १,६२,२०,५७४.०० |
| ४ | पूंजीगत | ९७,४३,१२,००९.८३ | ९७,४३,१२,००९.८३ | १,२७,८०,६३,३०२.२८ | १,२७,८०,६३,३०२.२८ |
| ३१११० | भवन तथा संरचना | १०,३७,५४,४८४.०० | १०,३७,५४,४८४.०० | ६,२९,६६,७४२.३५ | ६,२९,६६,७४२.३५ |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | २,१७,३५,४६६.९३ | २,१७,३५,४६६.९३ | २,५४,०४,७४०.०० | २,५४,०४,७४०.०० |
| ३११३० | अन्य पुँजीगत खर्च | ५१,४९,४१७.०० | ५१,४९,४१७.०० | ४,९५,५०५.०० | ४,९५,५०५.०० |
| ३११५० | सार्वजनिक निर्माण | ८४,३६,२३,६४१.९० | ८४,३६,२३,६४१.९० | १,१६,२५,८५,७८९.९३ | १,१६,२५,८५,७८९.९३ |
| ३११६० | निर्मित संरचनाको सुधार खर्च | ०.०० | ०.०० | १,९६,६३,३२५.०० | १,९६,६३,३२५.०० |
| ३११७० | पुँजीगत सुधार खर्च | ४९,०००.०० | ४९,०००.०० | ६९,४७,२००.०० | ६९,४७,२००.०० |
| ५ | वित्तीय | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ख) | कुल जम्मा भुक्तानी | १,५८,४४,२७,११९.०५ | १,५८,४४,२७,११९.०५ | १,९४,८८,६३,८१४.५८ | १,९४,८८,६३,८१४.५८ |
| ग) | बचत /कमी (ग = क-ख ) | (९,४८,८३,६६७.६२) | (९,४८,८३,६६७.६२) | (५१,३५,१७,२९८.०२) | (५१,३५,१७,२९८.०२) |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको | (२,६६,११,७७६.९०) | (२,६६,११,७७६.९०) | ३,१०,१६,५२७.६६ | ३,१०,१६,५२७.६६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | मौज्दातको थप/घट (+/-) | | | | | |
| घ.१) | कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाँकी | | | (१०,८२,३५४.५०) | (१०,८२,३५४.५०) | |
| ङ) | यस आ.व.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | (१२,१४,९५,४४४.५२) | (१२,१४,९५,४४४.५२) | (४८,२५,००,७७०.३६) | (४८,२५,००,७७०.३६) | |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | २८,९१,६३,२७६.२३ | २८,९१,६३,२७६.२३ | ७७,१६,६४,०४६.५९ | ७७,१६,६४,०४६.५९ | |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | १६,७६,६७,८३१.७१ | १६,७६,६७,८३१.७१ | २८,९१,६३,२७६.२३ | २८,९१,६३,२७६.२३ | |

२.३ **एकीकृत आर्थिक विवरण तथा वित्तीय विवरणको विश्लेषण -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोबारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । वित्तीय विवरण म.ले.प.फा.नं २७० र एकीकृत आर्थिक विवरणमा देखिएका केहि फरक बेहोरा निम्न छन्:

क) सुत्रको म.ले.प.फा.नं २७०-२ अनुसार कुल जम्मा प्राप्ति रु.१४८९५४३४५१।४३ देखिएकोमा सुत्रकै आयव्यय अनुसार संघीय सरकार तथा प्रदेश सरकारको कुल अनुदान रु.५७६८८९३१२।००,राजस्व अनुदान प्राप्तिको संक्षिप्त प्रतिवेदन अनुसार आन्तरिक राजस्व रु.२८१२९९९१४।८५, राजस्व बाँडफाँट रु.४८९३१२८०५।५५ र वित्तीय प्रतिवेदन २७० टिप्पणी ५ अनुसार कोषको प्राप्ति रु.२७२३०८०४।०० गरी जम्मा रु.१३७४७३२८३६।४ मात्र कुल प्राप्ति देखिएकोले २७०-२ मा रु.११४८१०६१५।०० बढी आम्दानी देखिएकोमा सुत्रको म.ले.प.फा.नं. २७० मा समावेश हुने कारोबार रकमको टिप्पणी तथा अन्तरसम्बन्ध खुल्ने व्यवस्था नभएकोले फरक रकम सम्बन्धमा यकिन गर्न सकिएन।

ख) संघीय हस्तान्तरित कार्यक्रमहरु सामाजिक सुरक्षा तथा संरक्षणको रु.१५४६५८०५८।००, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.२२१५००००।०० र गरिबसँग विश्वेश्वर कार्यक्रमको रु.९००००।००, समेत गरी रु.१७६८९८०५८।०० पालिकाले तयार गरेको आय व्ययमा समावेश छ । तर सुत्रमा लेखाङ्कन नभएकोले पालिकाको म.ले.प.फा.नं २७०-२ मा देखिएको छैन ।

ग) प्रकोप व्यवस्थापन कोषको सुत्रमा भएको आम्दानी तथा खर्च र पालिकाले पेस गरेको आय-व्ययमा भएको आम्दानी तथा खर्च फरक देखिएको छ ।

घ) सुत्रको म.ले.प.फा.नं. २७०-२ मा धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घटमा रु.२६६११७७६।९० माइनसमा देखाएको छ तर २७० को टिप्पणी ५ मा कोषको मौज्दात रु.३३८५५५८७।१० रहेको देखिन्छ । सुत्रमा हिसाब समायोजनको व्यवस्था भएपनि के कति कारणले र कसरी हिसाब समायोजन गरिएको हो र हिसाब किन ऋणात्मक देखाएको हो सो को कारण आधार प्रष्ट खुलेको छैन। जसबाट सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण भएको छैन । अतः सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

२.४ **फरक हिसाब** – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारीमा रु.४७१६८१३५।००, यस वर्षको प्राप्तिमा रु.२५७७८४८३४।००,यस वर्षको भुक्तानीमा रु.२५३७९६१९२।०० र बैंक मौज्दातमा रु.७७७६८५५४।०० फरक देखिएको छ । पालिकाले तयार गरेको एकीकृत आर्थिक विवरणको अ.ल्या. र सुत्रको अ.ल्या. तथा बाँकी मौज्दात समेत फरकपरेकोले सो सम्बन्धमा यकिन गर्नुपर्दछ । पालिकाले तयार गरेको आर्थिक विवरणमा संघ तथा प्रदेश फिर्तालाई पनि खर्च मानिएको र सुत्रको २७०-०१ले विभिन्न कोषको प्राप्ति भुक्तानी छुट्टाछुट्टै नदेखाई फरक मौज्दात मात्र देखाएको र अन्तरसरकारी अख्तियारीको रकम सुत्रमा नदेखिएकोले हिसाब फरक देखिएको छ। अत: पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था हुनुपर्दछ ।

| विवरण | गत वर्षको जिम्मेवारी रु. | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट रु. | यस वर्षको प्राप्ति रु. | यस वर्षको भुक्तानी रु. | बैङ्क मौज्दात रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन(म.ले.प.फा.नं.२७०) | २८९१६३२७६ | -२६६११७७६ | १४८९५४३४५१ | १५८४४२७११९ | १६७६६७८३१ | म.ले.प.फा.नं. २७०-२ मा धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट रकम प्राप्ति तथा भुक्तानी महलमा एकमुष्ट २६६११७७६ ऋणात्मक रहेको |
| एकीकृत आर्थिक विवरणअनुसार | ३३६३३१४११ | ० | १७४७३२८२८५ | १८३८२२३३११ | २४५४३६३८५ | |
| फरक | ४७१६८१३५ | -२६६११७७६ | २५७७८४८३४ | २५३७९६१९२ | ७७७६८५५४ | |

२.५ **फरक जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गत वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार रु.३७,८१,९५,०७९।०० मौज्दात रहेकोमा यस वर्ष सुत्र प्रणालीबाट सिर्जित म.ले.प.फा.नं.२७० अनुसार रु.२८,९१,६३,२७६।२३ मात्र जिम्मेवारी सारेको छ । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.८,९०,३१,८०२।७७ घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गरी पेस गर्नुपर्दछ ।

२.६ **सुत्रमा लेखाङ्कन नभएको**- महालेखा नियन्त्रकको कार्यालयले स्थानीय तहको सबै आम्दानी - खर्च लेखाङ्कनका लागि स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली सुत्रको व्यवस्था गरेको छ । एकीकृत आर्थिक विवरणमा गत आर्थिक वर्षको जिम्मेवारी सार्दा मर्मत संभार कोषको अल्या रु.६९८३६३५९।००, यस वर्षको आम्दानी रु.११९२४५८८।०० सहित रु.८१७६०९४७।०० रहेकोमा आर्थिक वर्षको अन्तमा मर्मत संभार कोषमा रु.७१७६०९४७।०० बाँकी देखिएको छ । मर्मत संभार कोषको स्टेटमेन्ट अनुसार रु. १ करोड चालु खातामा ट्रान्सफर गरेको देखिन्छ तर मर्मत संभारकोषको आम्दानी खर्चलाई सुत्रमा लेखाङ्कन गरेको देखिएन । त्यस्तै कर्मचारी कल्याण कोषमा बैंक स्टेटमेन्ट अनुसार गत वर्षको मौज्दात रु.३२७१४७१०।९६ देखिएकोमा मिति २०८०।०९।२४ मा रु.२७२६६८८८।९६ सञ्चित कोषमा ट्रान्सफर गरी खातामा रु.५४४७८२२।०० बाँकी रहेको देखिन्छ। पालिकाले उक्त रकम गत

विगत वर्षमा भुलवस राजस्वको रकम यस खातामा आम्दानी भएकोले सञ्चित कोषमा ट्रान्सफर गरेको जनाए पनि कर्मचारी कल्याण कोष संचालन सम्बन्धी कार्यविधि नभएको र उक्त कोषको कारोबारलाई सुत्रमा लेखांकन गरी आवश्यक कागजात पनि राखेको नदेखिएकोले सो सम्बन्धमा यकिन गर्नुपर्दछ । अत: सुत्र प्रणाली बाहिर हुने आर्थिक कारोबारलाई नियन्त्रण गरी सबै कोषहरुको खर्च स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली सुत्रबाट लेखाङ्कन गरी आर्थिक कारोबारको यथार्थ चित्रण हुने वित्तीय विवरणको व्यवस्था गर्नुपर्दछ ।

२.७ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले दिएको विवरण अनुसार बैङ्क हिसाब मिलान विवरण देहायअनुसार रहेको छ:

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | १३३८१२२४३ | १३३८१२२४३ | ० |
| चालु खर्च खाता | ० | ० | ० |
| पुँजीगत खर्च खाता | ० | ० | ० |
| विविध खर्च खाता | १३३२०५० | १३३२०५० | ० |
| विपद व्यवस्थापन खाता | ६४४६८३५ | ६४४६८३५ | ० |
| स्थानीय विभाज्य कोष | ० | ० | ० |
| विविध कोष खाता | ० | ० | ० |
| धरौटी | ३१६६२७००।०० | ४५५९२८१३।३६ | १३९३०११३।३६ |
| ग१.१, आन्तरिक राजस्व खाता | ० | ० | ० |
| ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० | ० |
| बैङ्क | - | - | - |

प्रदेश आर्थिक कार्यविधि नियमावली,२०७६ को नियम ७१ मा धरौटी रकमको हिसाब मिलान गर्नुपर्ने व्यवस्था छ। पालिकाको धरौटी खाताको श्रेस्ता अनुसार आर्थिक वर्षको अन्तिम मौज्दात रु.३१६६२७००।०० देखिएकोमा पालिकाको धरौटी खाताको बैंक स्टेटमेन्ट अनुसार रु.४५५९२८१३।३६ देखिएकोले बैंक अनुसार बढी देखिएको रु.१३९३०११३।३६ रकमका सम्बन्धमा एकिन गरी धरौटी खाताको हिसाब मिलान गर्नुपर्दछ । अत: पालिकाले समयमा नै म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

## ३ आवधिक योजना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नुपर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ ।

## ४ बजेट तथा कार्यक्रम तर्जुमा समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादात्म्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति

तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

## ५ बजेट पेस, पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेस गर्ने र यसरी पेस भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले मिति २०८०।०३।०७ मा रु.२ करोड ५० लाख १३ हजारको बजेट सभा समक्ष पेस गरेकोमा सभाबाट मिति २०८०।०३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।०३।१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

## ६ अवण्डा बजेट

स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अवण्डा नराखी आय र व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष निम्नानुसार रु ११५०००००००।०० अवण्डा बजेट व्यवस्था गरी विभिन्न कार्यक्रम र योजनामा रु.१०१०१२०००।०० खर्च गरेको छ।

अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वियन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन् :

| क्र सं | व उ शी नं | विवरण | विनियोजन रकम रु. | खर्च रकम रु. | मुख्य मुख्य खर्च |
|---|---|---|---|---|---|
| १ | तारकेश्वर नगर पालिका ८०३३५४०६००१ | नगर प्रमुखसँग पूर्वाधार र अन्य विविध कार्यक्रम | ७००००००००।०० | ६८५४८०००।०० | ता न पा २ पदमसाल जागरुक टोल जाने सडक स्तरोन्नति रकम रु.२००००००।००,<br>उपभोक्ता समितिमार्फत सडक निर्माण, पहिरो नियन्त्रण, मन्दिर संरक्षण क्षेत्र, वृहत खानेपानीको हेरालुलगायत कार्यहरुमा भुक्तानी |
| | | नगर उपप्रमुखसँग पूर्वाधार र अन्य विविध कार्यक्रम | ४५००००००।०० | ३२४६४०००।०० | उपभोक्ता समितिमार्फत सडक स्तरोन्नति, मोटरबाटो निर्माण, क्रियापुत्री भवन ट्रस निर्माण, प्रवेशद्वार निर्माण तथा परामर्श सेवा खरिद (दीगो विकास लक्ष्य स्थानीयकरण योजना निर्माण खर्च रु ४९६०७०।००, नीतिगत अवस्था अध्ययन तथा स्व मूल्यांकन सहजीकरण परामर्श सेवा खर्च रु ४९८३३०।००) लगायतको काममा भुक्तानी |
| | | **जम्मा** | ११५००००००।०० | १०१०१२०००।०० | |

बजेट अबण्डामा राखी कार्यपालिकाको पटक पटकको निर्णयबाट एक लाख देखि २० लाख सम्मका ६७ वटा विभिन्न कार्यक्रम तथा योजनामा खर्च गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

## ७ योजना प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ।स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण उत्पादनमूलक रोजगारी लागत सहभागिता स्थानीय स्रोत र साधन समावेशी विकास दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकताका आधारमा योजना छनौट गर्नुपर्ने

व्यवस्था छ।तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा आन्तरिक श्रोततर्फबाट निम्नअनुसार ११ वडाको लागि वडागत १५१ र पालिकास्तरका ३९० गरी कुल ५४१ वटा योजनामा बजेट खर्च गरेको विवरण प्राप्त भएको छ ।

| | **रु.१ लाख सम्म** | **रु. १ लाखदेखि ५ लाखसम्मका** | **रु. ५लाख देखि २० लाखसम्मका** | **रु.२० लाख भन्दा बढी** | **जम्मा** |
|---|---|---|---|---|---|
| वडा स्तरीय | १ | ८० | ७० | | १५१ |
| न.पा. स्तरीय | ० | १०० | १३० | १६० | ३९० |

यस पालिकामा न्यूनतम पचास हजार देखि अधिकतम तीन करोड रुपैयाँसम्मका ५४१ योजना तथा संचालन भएकामा १ देखि ५ लाख सम्मका १८० अर्थात कुल योजना संख्याको ३२.७३ प्रतिशत, ५ देखि २० लाख सम्मका २०० अर्थात ३६.३६ प्रतिशत र २० लाख भन्दा बढीका १६० अर्थात २९.०९ प्रतिशत योजना संचालन भएको देखिन्छ । उपर्युक्त विवरण अनुसार पालिकाका एक तिहाई योजना ५ लाख भन्दा कम लागतका रहेको देखिएकोले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । साना लागतका योजना संचालन गर्दा सोको अनुगमन लगायतका चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तर समेत कमजोर हुन सक्छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

चालु शीर्षकका कार्यक्रमतर्फका वितरणमुखी खर्चका उदाहरण निम्न छन्:

- ज्येष्ठ नागरिक, एकल महिला सम्बन्धी कार्यक्रमका लागि रु.१००००००।०० विनियोजन गरी वडा नं ७ को वडा समितिको मिति २०८१।३।११ को निर्णयका आधारमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने ज्येष्ठ नागरिक, एकल महिला तथा विधवा महिलालाई सिरक, खोल, म्याट्रेस वितरण गर्नका लागि २६८ सेट रु.९९१४९८।०० मा खरिद गरी वितरण गरेको छ ।

## ८ क्षेत्रगत बजेट विनियोजन

स्थानीय तहको एकीकृत समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **क्र. सं.** | **क्षेत्र** | **बजेट रकम रु.** | **विनियोजित प्रतिशत** | **खर्च रकम रु.** | **जम्मा खर्चको तुलनामा खर्च प्रतिशत** |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | ११६४३३२५०.०० | ४.६५ | ५१३५९४१७.०० | ३.२४ |
| २ | पूर्वाधार विकास | १३०८२४६६३१.२२ | ५२.२१ | ७४९८४६६८१.९० | ४७.३३ |
| ३ | सामाजिक विकास | ७५६३७५०००.०० | ३०.१८ | ५३४९६८४९७.६३ | ३३.७७ |
| ४ | वातावरण संरक्षण तथा विकास | ३१८७५००० | १.२७ | २५५८१४४२ | १.६१ |
| ५ | संस्थागत विकास सेवा प्रवाह र सुशासन | ११६१६००० | ०.४६ | ३२३८४६६ | ०.२१ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | २८१४६७२००.०० | ११.२३ | २१९४३२६१४.५२ | १३.८५ |
| | जम्मा | २५०६०१३०८१.२२ | १०० | १५८४४२७११९.०५ | ६३.२२ |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको रु.२५०६०१३०८१।२२ मध्ये पूर्वाधार विकासमा रु. १३०८२४६६३१।२२ (५२.२१%) र संस्थागत विकास सेवा प्रवाह र सुशासनमा रु.११६१६०००।०० (०.४६%) विनियोजन गरेको देखियो। खर्च भएको कुल रु.१५८४४२७११९।०५ मध्ये सबैभन्दा बढी पूर्वाधार विकासमा रु.७४ करोड ९८ लाख ४६ हजार खर्च (४७.३३%) भएको छ भने सबैभन्दा कम संस्थागत विकास सेवा प्रवाह र सुशासनमा रु.३२ लाख ३८ हजार खर्च (०.२१%) भएको देखिन्छ । अतः पालिकाको एकीकृत समानुपातिक तथा दिगो विकासका लागि सबै क्षेत्रमा पर्याप्त बजेट विनियोजन गरी समानुपातिक तथा समतामूलक तरिकाले खर्च गर्ने क्षमतामा सुधार गर्नुपर्दछ।

९ **पुँजीगत लक्ष्य प्रगति**

आर्थिक कार्यविधि तथ वित्तीय उत्तरदायित्व नियमावली, २०७७को नियम ३५ को उपनियम १ मा बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने प्रत्येक कार्यालयले अनुसूची २ को ढाँचामा त्रैमासिक प्रगति विवरण बनाउनु पर्ने तथा नियम ३६मा प्रगति त्रैमासिक अर्धवार्षिक र वार्षिक प्रगति विवरण तयार गरी प्रकाशन गरी प्रगति कम भएमा सोको समीक्षा गरी सुधार गर्नुपर्ने व्यवस्था छ । साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १९ मा आफ्नो कार्यालय तथा मातहतको कार्यालयको लागि स्वीकृत बजेट लक्ष्य अनुरूप खर्च नभएमा त्यसको जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुने व्यवस्थाको साथै विनियोजन ऐन वा अन्य ऐन बमोजिम स्वीकृत बजेट तथा कार्यक्रमको अधिनमा रही बजेट कार्यान्वयन गर्ने कर्तव्य र जिम्मेवारी सम्बन्धित लेखा उत्तरदायी अधिकृत र मातहतका जिम्मेवार व्यक्तिको हुने व्यवस्था छ। पालिकाले सञ्चालन गरेका योजना तथा कार्यक्रमहरु विषयगत शाखाबाट त्रैमासिक प्रगति विवरण पेस गर्न लगाई एकीकृत त्रैमासिक र वार्षिक प्रतिवेदन तयार गरी सोको समीक्षा गरेको देखिएन। कार्यालयबाट पेस भएको योजनाको वार्षिक प्रगति स्थिति विवरण निम्न बमोजिम आंशिक रुपमा मात्र प्राप्त भएकोले विश्लेषण गर्न सकिएन ।

| **कार्यक्रम/योजना संख्या** | **यो बर्ष खर्च** | **वार्षिक प्रगति स्थिति(भौतिक प्रगति)** | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | **शून्य प्रगति** | **२५%सम्म प्रगति** | **५०% सम्म प्रगति** | **७५% सम्म प्रगति** | **१००% सम्म प्रगति** | **कैफियत** |
| उ. स.मार्फत ८२५ | ९४१३०० | १९ | | | | ८०६ वटा | भौतिक प्रगति ८१ प्रतिशत |
| ठेक्कामार्फत ६१ | | ० | ० | ५ वटा | ४ वटा | ५२ वटा | ५२सम्पन्न(मध्ये १ को भुक्तानी बाँकी) |
| ७५ प्रतिशतभन्दा कम प्रगति हुनाको कारणः पालिकाले यस विषयमा कारण खुलाई पेस नगरेकोले विश्लेषण गर्न सकिएन । | | | | | | | |

बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने लेखा उत्तरदायी अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

१० **त्रैमासिक खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ ।

| **बजेट उपशीर्षक** | **कुल खर्च** | **त्रैमासिक खर्च (रु हजारमा)** | | | | |
|---|---|---|---|---|---|---|
| | | **प्रथम त्रैमासिक** | **दोस्रो त्रैमासिक** | **तेश्रो त्रैमासिक** | **चौथो त्रैमासिक** | **आषाढ महिना** |
| चालु खर्चतर्फ | ६१०११५ | १३३५६४ | ११९२४२ | ११७५१८ | २३९७९१ | १५७४९८ |
| पुँजीगत खर्चतर्फ | ९७४३१२ | १८०६९७ | १०२३३० | ३०४९२० | ३८६३६५ | २०६७१३ |
| जम्मा | १५८४४२७ | ३१४२६१ | २२१५७२ | ४२२४३८ | ६२६१५६ | ३६४२११ |
| प्रतिशत | १०० | १९.८४ | १३.९८ | २६.६६ | ३९.५२ | २२.९८ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.१५८४४२७०००।०० खर्च भएकोमा प्रथम त्रैमासिकमा रु. ३१४२६१०००। ०० (१९.८४%) दोस्रो त्रैमासिकमा रु.२२१५७२०००।०० (१३.९८%) र तेस्रो त्रैमासिकमा रु.४२२४३८०००।०० (२६.६६प्रतिशत) र चौथो त्रैमासिकमा रु. ६२६१५६०००।०० (३९.५२%) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ३६ करोड ४२लाख ११ हजार (२२.९८ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन।स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा अनुगमन र कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

११ **खर्च विश्लेषण**

पालिकाले यस वर्ष कुल आन्तरिक आयबाट रु.२८१२९९९१४।८५ राजस्व बाँडफाँड रु. ४८९३१२८०५।५५ र अनुदानबाट रु.५७६८८९३१२।०० विभिन्न कोष आय रु.२७२३०८०४।००, अन्तरसरकारी हस्तान्तरित कार्यक्रमबाट रु.१७६८९८०५८।०० र अन्य आय रु ११४८१०६१५।००-समेत रु.१६६६४४१५०९।४० आम्दानी भएकोमा चालु तर्फ रु.६१०११५१०९।२२र पुँजीगततर्फ रु.९७४३१२००९।८३, अन्तरसरकारी अख्तियारी बाट रु. १७६८९८०५८।०० कोष तर्फ रु.२५१७६७४९।९० र अन्य व्ययतर्फ रु.१४३५०२६।९७समेत रु १७८७९३६९५३।९२ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १५.७३ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुविधामा रु.४१२००००।०० खर्च भएको छ जुन आन्तरिक आयको १.४६ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै आय रु.१९५५६०४७८५।६३ रकमबाट ३१.१९ प्रतिशत चालु र ४९.८२ प्रतिशत मात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ । आन्तरिक आय रु.२८१२९९९१४।८५ले चालु खर्च रु.६१०११५१०९।२२ को ४६.११ प्रतिशत मात्र अंश व्यहोर्न सकेको देखियो । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१२ **शून्य प्रगति**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १९ मा उपलब्धि मापन सूचक र कार्यतालिका सहितको कार्ययोजना तयार गरी स्वीकृत बजेट तथा कार्यक्रम अनुसार बजेट कार्यान्वयन गर्नुपर्ने स्वीकृत कार्यक्रम तथा लक्ष्य अनुसार वार्षिक कार्यक्रम कार्यान्वयन नभएमा लेखा उत्तरदायी अधिकृत जिम्मेवार हुने व्यवस्था छ । यो वर्ष कार्यक्रम कार्यान्वयन अन्तर्गत निम्नानुसारका १० कार्यक्रम तथा ३८ वटा योजनाहरुको लागि बजेट व्यवस्था भएता पनि कार्यतालिका सहितको कार्ययोजना तयार गरी लक्ष्य अनुसार स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन गरेको पाइएन।कार्यक्रम कार्यान्वयन नहुँदा बजेटले अपेक्षा गरेको विकासमा समेत प्रत्यक्ष प्रभाव पर्ने देखिन्छ । उपलब्धि मापन सूचक र कार्यतालिका सहितको कार्ययोजना तयार गरी स्वीकृत बजेट तथा कार्यक्रम अनुसार बजेट कार्यान्वयन गर्नु पर्दछ ।

| आ.व. २०८०/०८१ मा सम्झौता नभएका योजनाहरु (शुन्य प्रगति भएका योजनाहरु) | | | |
|---|---|---|---|
| **सि.न.** | **योजना/कार्यक्रमको नाम** | **वडा न.** | **विनियोजित रकम रु.** |
| | **भौतिक पूर्वाधार** | | |
| १ | बाहुन खहरे खोलामा करिडोर निर्माण | १ | १५००००० |
| २ | पिपलबोटदेखि लामपिढिसम्मको पुरानो सडकको साङ्ले खोलामा पुल निर्माण | १ | १००००००० |
| ३ | नयाँ गणेश बोरिंग बाट सानो पुल पाइपलाइन बिस्तार | ४ | १०००००० |
| ४ | पृथ्वीनारायणमा.वि धितालथोक जाने सडक स्तरोन्नति | ५ | ३०००००० |
| ५ | ज्योचा सडकथप स्तरोन्नति | ६ | ३५००००० |
| ६ | ग्राम सेवामा.वि ट्रस निर्माण | ६ | २५००००० |
| ७ | ग्राम सेवामा.वि मा PVC Flooring | ६ | १०००००० |
| ८ | खुलालटार टोलमा गेटनिर्माण | ७ | ४००००० |
| ९ | पार्क निर्माण वडान.८ | ८ | २०००००० |
| १० | चारघरे डिपबोरिङ तथा पाइपलाइन बिस्तार | ९ | ६००००० |
| ११ | वडा न. ९भवन माथि डाँडागाउँ बस्तिमा खानेपानी,ढल तथा सडक स्तरोन्नति | ९ | १५००००० |
| १२ | मनमैजुगणेश मन्दिर देखि महांकाल मन्दिर सम्मको सडकमा ढुङगा बिछ्याउने | ९ | २०००००० |
| १३ | मनमैजुटफाटोलमा ढुङ्गा बिछ्याउने | १० | १०००००० |
| १४ | मानसिङस्कुलको उत्तरतर्फ कभर्डहल निर्माण | १० | १५००००० |
| १५ | ग्रामिणआदर्श बहुमुखी क्याम्पस सामुदायिक क्याम्पसमा भौतिक निर्माण कार्य व्यवस्थापन | ११ | २०००००० |
| १६ | एन.आर.कलेज शैक्षिक तथा भौतिक सुधारको लागि | ११ | ३५००००० |
| १७ | नगरपालिकाकोप्रमुख प्रशासकीय भवन अगाडि शिवको मुर्तिसहितको पार्क निर्माण | | १५००००० |
| | जम्मा | | **३८५०००००** |
| **धर्म संस्कृति** | | | |
| १८ | साङला नेवारी बस्तीमा अवस्थित पौराणिक धरोहर बाल कुमारी देवता घरनिर्माण | १ | १५००००० |
| १९ | गाम्चाटोलभित्र शिव मन्दिर निर्माण | ५ | ७००००० |
| २० | तिन धाराढुङगेधारा मर्मत | ५ | ५००००० |
| २१ | साँस्कृतिककार्यक्रम | ७ | ५००००० |
| २२ | चुनदेवीमन्दिर स्तरोन्नति | ८ | १०००००० |
| २३ | फल्चा तथा पाटीमा रङरोगन | ९ | ५००००० |
| **जम्मा** | | | **४७०००००** |
| **खानेपानी** | | | |
| २४ | अर्धेरी खोला पानीमुहान देखि ट्याङकीसम्म पाईपलाईन विस्तार तथा मूल संरक्षण | २ | ७५०००० |
| | | | |

| | | | |
|---|---|---|---|
| २५ | धितालथोक डिप बोरिङ | ५ | १०००००० |
| २६ | धर्मस्थली र जितपुरस्थित सुक्याडोलको मुहान संरक्षण | ६ | ३००००० |
| २७ | ग्राम सेवापानी ट्याङकी निर्माण | ६ | ३०००००० |
| २८ | फुटुङ फुलबारी टोलमा खानेपानी पाईपलाईन बिस्तार | ७ | ५००००० |
| २९ | फुटुङ पद्मचक्र मार्गमा रहेको धोर्जिनीको सीममा खानेपानी ट्याङकी पुर्ननिर्माण | ७ | ३००००० |
| | जम्मा | | <u>५८५००००</u> |
| | **अन्य योजना तथाकार्यक्रम** | | |
| ३० | माझ भेडीगोठ टोल भित्र रहेको कच्ची मोटर बाटो ढलान | २ | २०००००० |
| ३१ | चोगाउँ छोंतेन स्तुपा निर्माण | ३ | ४५००००० |
| ३२ | दगुर्नेपानी गुहेश्वरी हुँदै बोहोराटार वडा नं ४ को सडक मर्मत एवं स्तरोन्नति | ४ | १०००००० |
| ३३ | चापागाई टोल भित्र ढल तथा बाटो ढलान | ५ | ५००००० |
| ३४ | नागेश्वरी मन्दिर मार्ग बाटो स्तरोन्नती, बोहराटार | ५ | २०००००० |
| ३५ | डायमण्डचोक देखि पश्चिम तर्फ उकालो बाटो स्तरोन्नति | ६ | १५००००० |
| ३६ | वडा न. ८ मा रहेको तारकेश्वर मनमैजु सामुदायिक बिधालय भवननिर्माण | ८ | १०००००० |
| ३७ | सार्वजनिक शौचालय निर्माण | ११ | १०००००० |
| ३८ | तारकेश्वर न.पा. भित्र रहेका सामुदायिक बिद्यालयका बिद्यार्थीहरुका लागि पोशाक | | १५०००००० |
| ३९ | सडक बत्ती | | ५०००००० |
| ४० | सि सिक्यामेरा | | ५०००००० |
| ४१ | तेक्वान्दोखेल अन्तर्गत PSS System सामग्री खरिद | | ५००००० |
| ४२ | सडक सौन्दर्यकरण | | ५०००००० |
| ४३ | सडकसुरक्षा सामग्री खरिद | | १०००००० |
| ४४ | नगर ट्राफिक व्यवस्थापन | | १०००००० |
| ४५ | सार्वजनिक जग्गा संरक्षण | | १५००००० |
| ४६ | अन्य योजना तथा कार्यक्रम | | ३०००००० |
| ४७ | मानसिं धर्म मा.वि. तल्ला थप | | ३०००००० |
| ४८ | विद्यालय बस खरिद | | ५०००००० |
| | | | <u>५८५०००००</u> |
| <u>*जम्मा रकम*</u> | | | <u>१०७५५००००</u> |

१३ **रकमान्तर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा रकमान्तर सम्बन्धी व्यवस्था रहेको छ । पालिकाको चौधौँ नगरसभाबाट चालु तथा पुँजीगत तर्फका विभिन्न २१२ कार्यक्रमबाट रकम रु.४१,६२,१५,९१०।०० घटाई रकमान्तर गरेको छ । उक्त रकम कुल बजेट रु.२,५०,६०,१३,०८१।२२ को १६.६ प्रतिशत हुन आउँछ। कुल रकमान्तरमध्ये चालुतर्फका ४१ कार्यक्रम तथा पुँजीगततर्फका १६७

कार्यक्रमबाट रकम घटाई ५२ वटा चालु तथा १९५ वटा पुँजीगत कार्यक्रममा रकमान्तर तथा थप बजेट कायम गरेको छ । यसरी चालु आर्थिक वर्षको बीचमा बनेका कार्यक्रमहरु पर्याप्त योजना र तयारीको अभावमा दिगो नहुने र बजेट खर्च बढेको देखिए पनि नीति तथा योजना, मध्यमकालीन खर्च संरचना तथा आवधिक योजनाले परिकल्पना गरे भन्दा फरक प्रवृत्तिमा खर्च हुनाले अपेक्षित रुपमा प्रतिफल प्राप्त गर्न नसकिने हुँदा यस्तो अवस्थामा सुधार गर्नुपर्दछ ।

## १४ सेवा प्रवाह

पालिकाले उपलब्ध गराएको विवरण अनुसार सेवा प्रवाहको स्थिति निम्न बमोजिम रहेको छ ।

| **विवरण** | **निवेदन दर्ता** | **सेवा शुल्क दर रु.** | **सिफारिस भएको संख्या** |
|---|---|---|---|
| **पञ्जीकरणतर्फ** | | | |
| जन्मदर्ता | ५९५४ | निःशुल्क | विवरण प्राप्त भएन |
| मृत्युदर्ता | २४९१ | निःशुल्क | |
| बसाईसराई दर्ता | ९२५७ | निःशुल्क | |
| विवाह दर्ता | ३७५० | निःशुल्क | |
| **पूर्वाधारतर्फ सेवा प्रवाहको अवस्था** | | | |
| विवरण | परिमाण (कि. मि. वा लाभान्वित घरधुरी) | खर्च रु. हजारमा | कैफियत |
| पूर्वाधार विकास सडक नयाँ ट्रयाक | ९५ मिटर | ४०४७६१ (पालिकासँग विवरण माग हुँदा प्राप्त)<br>६०६५८६ (सुत्र प्रणालीबाट देखिएको यातायात पूर्वाधार क्षेत्रको खर्च) | |
| कालोपत्रे सडक निर्माण | ९८४ मिटर | | |
| कालोपत्रे सडक मर्मत | १२.२०७ कि मि | | |
| सडक ढलान | ११.८४७ कि मि | | |
| ग्राभेल सडक निर्माण | ७४२१ मिटर | | |
| ग्राभेल सडक मर्मत | २११७ मिटर | | |
| खानेपानी लाइन विस्तार | ४४९३० मिटर | ४३७६३ (पालिकासँग विवरण माग हुँदा प्राप्त)<br>५४१९७ (सुत्र प्रणालीबाट देखिएको खानेपानी तथा सरसफाई क्षेत्रको खर्च) | |
| सिंचाई | विवरण प्राप्त भएन | ७७९ (सुत्र प्रणालीबाट देखिएको जलश्रोत तथा सिंचाई क्षेत्रको खर्च) | |

उपर्युक्त विवरण अनुसार पालिकाबाट पञ्जीकरणतर्फ २१४५२ सिफारिस जारी भएको देखिन्छ । पूर्वाधार विकासतर्फ सडक ढलान ११.८५ कि. मि., कालोपत्रे सडक निर्माण ९८४ मि., ग्राभेल सडक निर्माण ७४२१ मि. र खानेपानी पाइपलाइन ४४९३० मिटरको कार्य गरेको विवरण प्राप्त भएको छ । पूर्वाधार निर्माणबाट लाभान्वित घरधुरीको विवरण प्राप्त हुन सकेन । पेस गरिएको खर्चसम्बन्धी विवरण सुत्र प्रणालीसँग भिडाउँदा मेल नखाएकोले पालिकाबाट प्राप्त विवरणप्रति आश्वस्त हुन सकिएन ।

## १५ खरिद योजना तथा गुरुयोजना

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने तथा नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. ९७,४३,१२,००९।८३ को पुँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ ।पालिकाले आफ्नो खरिद नियमावली बनाएको छैन ।यस्तो अवस्थामा सार्वजनिक खरिद ऐन तथा नियम बमोजिम खरिद कार्य गर्नुपर्नेमा वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१६ **खरिद विधि**

**क) विवरण भिडान नभएको :** सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ मा संभव भएसम्म प्रतिस्पर्धा संकुचित नहुने गरी खरिद गर्नुपर्ने उल्लेख गरिएको छ। पालिकाले यस वर्ष गरेको खरिद सम्बन्धी विवरण निम्न बमोजिम रहेको छ । तेस्रो चौमासिकमा व्यवस्था भएको खरिद सम्बन्धी विवरण कार्यालयसँग माग गरिएकोमा कार्यालयबाट प्राप्त भएन विश्लेषण गर्न सकिएन । पालिकाले पेस गरेको विवरण बमोजिम तीन फर्मसँग दर लिई सोझै खरिद विधिबाट जम्मा रु.१२९१४५८४।०० तथा बोलपत्रका माध्यमबाट भएको खरिद रु.२४२१९२६३१।०० गरी जम्मा निर्माण खर्च रु.२५५१०७२१५।०० देखिन्छ । पालिकाको सुत्र प्रणालीबाट सिर्जित असारको फाँटवारी हेर्दा पालिकाबाट निर्माणजन्य खर्च शीर्षकमा भएको कुल खर्च रकम ९७ करोड ४३ लाख १२ हजार देखिन्छ । यो अंक पालिकाबाट माग गरिएको विवरणको अंकसँग मेल नखाएकाले प्राप्त विवरण सम्बन्धमा आश्वस्त हुन सकिएन । पालिकाबाट निर्माण योजना सम्बन्धी एकीकृत विवरण माग गर्दा पेस हुन नआएकाले यस सम्बन्धमा यकिन गर्न सकिएन । निर्माण बाहेकका क्षेत्रमा औषधी, मसलन्द तथा परामर्श सेवा समेत खरिद भएको छ । चालु शीर्षको फाँटवारीबाट यस सम्बन्धमा खरिदको मात्र विवरण छुट्टै प्राप्त नहुने हुनाले सो सम्बन्धमा यकिन गर्न सकिएन ।

पालिकाबाट पेस भएको विवरण निम्न बमोजिम रहेको छ ।

| **कुल निर्माण खर्च** | **सोझै खरिद** | | **सिलबन्दी दरभाउपत्र** | | **बोलपत्र** | | **तेश्रो चौमासिकमा व्यवस्था भएको** | |
|---|---|---|---|---|---|---|---|---|
| | **संख्या** | **रकम रु.** | **संख्या** | **रकम** | **संख्या** | **रकम रु.** | **संख्या** | **रकम** |
| यकिन गर्न सकिएन | २० | १२९१४५८४।०० | ० | ०।०० | ६१ | २४२१९२६३१।०० | विवरण प्राप्त नभएको | |

ख) **लागत अनुमान बेगर खर्च:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ को उपदफा (१) मा सार्वजनिक निकायले निर्माण कार्यको खरिदको हकमा एक लाख भन्दा कम भए पनि तथा अन्य खरिदको हकमा एक लाख रुपैयाँभन्दा बढीको खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने र दफा ५(क) मा लागत अनुमान तोकिएबमोजिम स्वीकृत गर्नुपर्ने उल्लेख छ । सोही आधारमा खरिदको विधि निर्धारण गरिने व्यवस्था दफा ८ मा उल्लेख छ । पालिकाले विभिन्न मालसामान तथा परामर्श सेवा खरिद गरेकोमा लागत अनुमान तयार गरेको नपाइएको केही उदाहरण निम्न बमोजिम रहेका छन्ः

| क्र सं | गो भौ नं / मिति | खरिदको विवरण | फर्मको नाम | खर्च रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | १०५६/२०८१।३।२४ | डायलायसिस सेवाका लागि औषधी सामग्री खरिद | मानसरोवर मेडिहेल्थ प्रा लि | ९९१३२८।०० | कर बीजक तथा दाखिला प्रतिवेदनमा सामानको पूर्ण स्पेशिफिकेसन उल्लेख नभएको, प्राप्त सामग्री तोकिएको स्पेशिफिकेसन बमोजिम भए नभएको प्रतिवेदन संलग्न नभएको |
| २ | १०५७/२०८१।३।२४ | ज्येष्ठ नागरिकका लागि पि सि भि खोप खरिद गरी लगाएको | मेडिगोल्ड इन्टरनेशनल प्रा लि | ९७६३४५।०० | |
| ३ | १०५८/२०८१।३।२४ | औषधी खरिद | रिदान मेडि कन्सर्न | ३१९५२५।०० | कर बीजक तथा दाखिला प्रतिवेदनमा सामानको पूर्ण स्पेशिफिकेसन उल्लेख नभएको, प्राप्त सामग्री तोकिएको स्पेशिफिकेसन बमोजिम भए नभएको प्रतिवेदन संलग्न नभएको |
| ४ | १०६२/२०८१।३।२४ | पशु सेवा शाखाको मागका आधारमा औषधी खरिद | आश्ना मेडिकल लाइफ साइन्स प्रा लि | २९२८८५।०० | |
| ५ | १०८२/२०८१।३।२४ | Real Time EMR सफ्टवेयर खरिद | डिकोड टेक्नोलोजी प्रा लि | २२७१३०।०० | |
| ६ | १०८४/२०८१।३।२४ | SDG Localization Plan निर्माण | थ्रेसहोल्ड इन्जिनियरिङ सलुसन प्रा लि | ४९६०७०।०० | प्रतिवेदनको Plagiarism Test भएको प्रमाण पेस भएन । कार्यान्वयनमा गएको प्रमाण पेस भएन ।पाम्स प्रणालीमा दाखिला भएको छैन । |
| ७ | १०८७/२०८१।३।२४ | नीतिगत अवस्था अध्ययन तथा स्वमूल्यांकन सहजीकरण परामर्शसेवा | प्रमोशन नेपाल मिडिया | ४९८३३०।०० | प्रतिवेदन पेस हुन आएन ।जिन्सीमा दाखिला देखिएन । |

१७ **ठेक्का प्रतिस्पर्धा**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ९ मा खुला रुपमा बोलपत्र आह्वान गरी खरिद गर्ने सम्बन्धी व्यवस्था छ। पालिकाले ६१ वटा बोलपत्र मार्फत प्रतिस्पर्धी आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका निर्माणका योजना कार्यान्वियन गरेको देखिन्छ । यस्ता योजना लागत अनुमानको तुलनामा ४.९ देखि ४७.४४ प्रतिशत सम्म घटीमा सम्पन्न गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो।पालिकाको स्वीकृत नर्म्सका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो।यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य हुनसक्ने अवस्थामा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो कि भन्ने सम्बन्धमा नर्म्स समेत सम्बन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ ।

| क्र सं | योजनाको नाम | निर्माण व्यवसायीको नाम | सम्झौता कबोल अंक | घटी प्रतिशत |
|---|---|---|---|---|
| १ | चिसापानी आयटार फेदी सडक - TARA/01/NCB/080-081 | बुद्धसत्यवती कन्स्ट्रक्सन | १३०८१०१७ | ४२.८५ |
| २ | मरणपाटी पुल देखि दक्षिणपट्टी विष्णुमती करिडोरमा प्लम वाल निर्माण वडा १० - TARA/19/NCB/ 080-81 | एरिका कन्स्ट्रक्सन | ३३५७८९९ | ४७.४४ |
| ३ | आलडाँडा चोगाउँ सडकपर्खाल निर्माण वडा ३ - TARA/20/NCB/080-81 | कपिलेश्वर निर्माण सेवा | १४५२६५४ | ४०.८३ |
| ४ | झुलाफाँट मूल सडक वडा ५ - TARA/21/NCB/ 080-81 | मनसुन इन्फ्रास्ट्रक्चर प्रा लि | २३५२२२१ | ४.९४ |
| ५ | तीनपिप्ले जितपुरफेदी रामघाट सडक - TARA/27/NCB/080-81 | कपिलेश्वर निर्माण सेवा | १४१५४७२ | ४२.३३ |
| ६ | बैखुनखुडोल मुड्खु ता न पा ५ - TARA/31/NCB/080-81 | आशीमाला कन्स्ट्रक्सन प्रा लि | १६८३१३० | ४२.९३ |
| ७ | कालीदेवी मा वि कोठा थप तथा जमिन संरक्षण वडा २ - TARA/38/NCB/080-081 | दुर्गा लक्ष्मी निर्माण सेवा | २८४७०२० | ४०.४९ |
| ८ | वडा नं ८ र ११ को सिमानामा बाटो स्तरोन्नति वडा ११ -TARA/46/NCB/080-081 | स्वस्तिक नेपाल कन्स्ट्रक्सन प्रा लि | २७१३२५० | ४५.७३ |
| ९ | सांग्ला खोला करिडोर विष्णुमती दोबाटोदेखि ईन्द्रायणी पुलसम्म सडक स्तरोन्नति - TARA/49/NCB/080-081 | जे बि एन एस-कृशु जे भी | १९६८५८३२ | ४०.७१ |
| १० | सुदर्शनखेल मैदान ता न पा ५ -TARA/50/NCB/080-081 | बिदिन ईन्जिनियरिङ कन्सल्ट एण्ड कन्स्ट्रक्ट प्रा लि | १०८६५४५० | ४५.२७ |
| ११ | तारकेश्वर नगरपालिका रहेका मुहानबाट पानी संकलन गर्न वृहत खानेपानी योजना (ट्यांक निर्माण)वडा नं ३ -TARA/51/NCB/080-081 | बाक्चापाखा कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ५४२२१३० | ४३.८२ |
| १२ | मुड्खुदेखि साउखोला करिडोर निर्माण वडा नं ५ -TARA/54NCB/080-081 | कृशु निर्माण सेवा प्रा लि | १३८८१५० | ४३.७९ |

## १८ स्वीकृत दरबन्दी र पदपूर्तिको अवस्था :-

१८.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ७० को दरबन्दी रहेकोमा लेखापरीक्षण अवधि सम्म ५० पद स्थायी पद पूर्ति भई १९ करार सहित ६९ पदपूर्ति रहेको विवरण पेस भएको छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका सव ईन्जिनियर ४, तथा पशु प्राविधिकजस्ता पदहरु रिक्त रहेका छन् । पालिकामा रिक्त रहेका अधिक दरवन्दीमा करारबाट पदपूर्ति भएको देखिन्छ । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

| क्र.सं | स्वीकृत पद | संख्या | पदपूर्ति(लेखापरीक्षण अवधि सम्मको स्थिति) | | | | जम्मा पद पूर्ति | रिक्त पद |
|---|---|---|---|---|---|---|---|---|
| | | | संघबाट समायोजन भई आएको समेत | साविक स्थानीयमा कार्यरत | आन्तरिक पदपूर्ति | करारबाट | | |
| १ | प्रमुख प्रशासकीय अधिकृत | १ | १ | | | | **१** | |
| २ | ईन्जिनियर | ३ | ३ | | | | ३ | |
| ३ | शिक्षा अधिकृत | २ | २ | | | | २ | |
| ४ | लेखा अधिकृत | १ | १ | | | | १ | |
| ५ | प्रशासन अधिकृत | ५ | ५ | | | | ५ | |
| ६ | कृषि अधिकृत | १ | १ | | | | १ | |
| ७ | पशु अधिकृत | १ | १ | | | | १ | |
| ८ | जनस्वास्थ्य अधिकृत | १ | १ | | | | १ | |
| ९ | हे.अ | १ | १ | | | | १ | |
| १० | आन्तरिक लेखा अधिकृत | १ | १ | | | | १ | |
| ११ | स.ले.अ.छैठौ | १ | १ | | | | १ | |
| १२ | प्रशासन सहायक (पाँचौ) | ११ | ११ | | | | ११ | |
| १3 | कम्प्युटर अपरेटर (पाँचौ) | १ | | | | १ | १ | |
| १४ | लेखा सहायक (पाँचौ) | १ | १ | | | | १ | |
| १५ | प्रा.स (शिक्षा) | १ | १ | | | | १ | |
| १६ | सब. ईन्जिनियर | ११ | २ | ५ | | ४ | ११ | |
| १७ | सहायक पाँचौँ (कृषि) | २ | १ | | | | १ | १ |
| १८ | सहायक पशु स्वास्थ्य प्राविधिक | १ | १ | | | | १ | |
| १९ | सहायक पशु सेवा प्राविधिक | १ | | | | १ | १ | |
| २० | अ.हे.व | १ | १ | | | | १ | |
| २१ | खा.पा.स.टे | १ | १ | | | | १ | |
| २२ | नायब पशु स्वास्थ्य प्राविधिक | १ | १ | | | | १ | |
| २३ | नायव पशु सेवा प्राविधिक | १ | १ | | | | १ | |
| २४ | स्टाफ नर्स | १ | १ | | | | १ | |
| २५ | ना.प्र. सहायक (कृषि) | १ | १ | | | | १ | |
| २६ | अ.सब. ईन्जिनियर | २ | २ | | | | २ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २७ | स.म.वि.नि | ३ | ३ | | | | ३ | |
| २८ | प्रशासन सहायक(चौथो) | १२ | ४ | | | ८ | १२ | |
| | | ७० | ५० | ५ | ० | १४ | ६९ | १ |

| वडा सचिवको दरवन्दी तथा पद पूर्ति | | | |
|---|---|---|---|
| **वडा संख्या** | **वडा सचिवको दरबन्दी** | पद पूर्ति | **रिक्त संख्या** |
| ११ | ११ | ११ | ० |

१८.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरुमा बाहेक अन्य पद समेत १११जना कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु २७५१३०००।०० भुक्तानी गरेको पाइयो । पालिकाबाट प्राप्त विवरणमा नगर प्रहरी, सवारी चालक, बगैंचे, प्लम्बर ,योजना एवम् कार्यक्रम करार बाहेक दरवन्दी करार र दरवन्दी बाहेक करार खुलाई विवरण पेस भएन । विवरण पेस नहुँदा दरबन्दी बाहेक कर्मचारी भए नभएको र दरवन्दी बाहेकका कर्मचारी भए पारिश्रमिक र अन्य सुविधामा कति खर्च भयो यकिन गरी विश्लेषण गर्न सकिएन । कार्यालयले संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी कार्य बोझ अनुसार दरवन्दी स्वीकृत गराई प्रदेश लोक सेवा आयोगमा पदपूर्तिको लागि माग पठाई पदपूर्ति प्रकृया अगाडी बढाउनु पर्दछ ।

| **कर्मचारी संख्या** | **समय अवधि** | **वार्षिक खर्च रु. हजारमा** |
|---|---|---|
| १११ | १ वर्ष | २७५१३ |

## १९ तलवी प्रतिवेदन :-

निजामती सेवा ऐन, २०४९, स्वास्थ्य सेवा ऐन, २०५३, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा शिक्षा ऐन, २०२८ मा तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ ।पालिकाले यो वर्ष तलबी प्रतिवेदन पारित नगराई संघीय कर्मचारी प्रमुख प्रशासकीय अधिकृत १ जनाको रु.९१५४६५।०० , सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत तर्फ ७७ जनाको रु.५०९५७०३४।०० र नगरपालिका स्थायी कर्मचारी तर्फ ६९ जनाको रु.४८३३७६६३।०० समेत १४७ जना कर्मचारीको रु.१००११०१६२।०० खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

| **कर्मचारीको प्रकार** | **संख्या** | **वार्षिक तलब भत्ता भुक्तानी रकम** |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | १ | ९१५४६५ |
| सङ्घीय सरकारबाट हस्तान्तरित चालुबाट तलव खाने कर्मचारी | ७७ | ५०९५७०३४ |
| पालिका स्थायी कर्मचारी | ६९ | ४८३३७६६३ |
| जम्मा | | १००११०१६२ |

## २० पेश्की बाँकी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाको सुत्रको पेश्की विवरण अनुसार गत वर्षसम्मको फर्छयौट गर्न बाँकी पेश्की रकम रु.२६१४५००३।५६ मा यस वर्ष म्याद नाघेको रु.७४१६६१२।९० र ननाघेको

रु.१५४९१६४।०० समेत जम्मा पेश्की बाँकी रु.३५११०७८०।४६ देखिएकोले नियमानुसार पेश्की फछ्र्यौट गर्नुपर्दछ । यस वर्षको म्याद नाघेको पेश्की बाँकी फछ्र्यौट गर्नुपर्ने रु...

**(विस्तृत विवरण बेरूजु दफा २० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| पेश्की | ७४,१६,६१२.९ |

२१ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाइएन । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी रहेको सम्बन्धमा यकिन गर्न सम्ने अवस्था देखिँदैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम छन्:

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन गरेको भए पनि आवधिक रुपमा अद्यावधिक गरेको पाइएन,

• पालिकाले २०७९।८० को अवधिमा भएको आफ्नो आर्थिक कारोबारको वार्षिक प्रतिवेदन अनुसूची २११ बमोजिम ढाँचामा तयार गरेको पाइएन,

• स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आए तापनि पूर्णरुपमा कार्यान्वियनमा आउन सकेको देखिएन,

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन,

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको विश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा गरेको देखिएन,

• दिगो विकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालीन लक्ष्यहरु तोकी मूल्याङ्कन गर्ने कार्य भएको देखिएन,

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाइएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन,

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ,

• सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक बडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन,

• कर्मचारीहरुको कार्य विवरण बनाई लागू गरेको पाइएन,

• पालिकामा कार्यरत स्थायी दरबन्दीमा रहेका कर्मचारीहरुको तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नुपर्नेमा तलबी प्रतिवेदन पारित गराएको पाइएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा उपभोक्ता समितिबाट भएका निर्माण कार्य सम्पन्न गरिसकेपछि सार्वजनिक निकायले भौतिक संरचना लगायत विभिन्न विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले विगत वर्षदेखि भएको कार्यको लगत नराखेको कारण एकै योजनालाई एक भन्दा बढी वर्षमा बजेट विनियोजन नहुने गरी व्यवस्थापन गरेको पाइएन,

• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ३२ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम/नामेसी स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने उक्त कार्यविधिको पालना गरेको पाइएन,

• विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समितिमा पेस गरेको पाइएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सो को अभिलेख राखेको पाइएन,

अतः आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा तथा लागू गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

२२ **आन्तरिक लेखापरीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण वार्षिक रुपमा गराएको छ। तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनुपर्दछ ।

२३ **जिन्सी व्यवस्थापन :-**

जिन्सी व्यवस्थापनको आन्तरिक नियन्त्रण प्रभावकारी व्यवस्थाको लागि सामानहरुको सुरक्षा, मर्मत सम्भार, र कुशल तथा प्रभावकारी व्यवस्थापनका लागि जिन्सी निरीक्षण प्रतिवेदन अनुसार देहाय बमोजिमका कैफियत देखिएकोले अविलम्ब सुधार गर्नु पर्दछ ।

• प्रत्येक शाखा/वडा/स्वास्थ्य संस्था लगायत सबै कार्यालयको भित्ते पाटीमा खप्ने सामानको विवरण खुलाई राख्नुपर्ने र त्यस्तो सामानहरु थपघट भएमा तत्काल सो लिस्टमा संशोधन गरी सम्बन्धित शाखा वा कार्यालय प्रमुखले प्रमाणित गर्नु पर्नेमा सो गरेको पाइएन ,

• वडा कार्यालय तथा स्वास्थ्य संस्थामा समेत सहायक जिन्सी खाता राखी ती कार्यालयका कर्मचारीहरु सरुवा गर्दा बरबुझारथ अनिवार्य गराउनुपर्ने व्यवस्था गर्नु पर्नेमा सो गरेको पाइएन ,

• वडा कार्यालयहरुले जिन्सी सामान खरिद गर्दा सोको अभिलेख सहायक जिन्सी खाता राखी नगर कार्यपालिकाको जिन्सी शाखामा अभिलेख राख्नु पर्नेमा सो गरेको पाइएन ,

• सबै जिन्सी सामानको कोडिङ र नम्बरिङ गर्ने र त्यसको अभिलेख शाखागत र कोठा नंबरका आधारमा अद्यावधिक गर्ने, अब नयाँ प्राप्त हुने जिन्सी सामानमा कोडिङ र नम्बरिङ गरेर मात्र शाखा तथा अन्तर्गतका कार्यालयहरुमा चलानी गर्नु पर्नेमा सो गरेको पाइएन , सबै कोठा, लवीमा रहेका सामानहरुको विवरण जिम्मेवार शाखा प्रमुखले प्रमाणित गरी भित्तामा टाँस गर्ने, सरुवाको बोधार्थ प्राप्त हुनसाथ जिन्सी शाखाले जिन्सी सामानको अवस्थाबारे स्थलगत अवलोकन गरी प्रयोग भएका सामान अभिलेखसँग रुजु गर्ने व्यवस्था गर्नु पर्नेमा सो गरेको पाइएन,

• वडा कार्यालय वा अन्य कार्यालयले खरिद गरेका जिन्सी सामानको बोधार्य केन्द्रीय जिन्सी शाखामा पठाई केन्द्रीय जिन्सी शाखामा अभिलेख राख्ने र केन्द्रीय जिन्सी खाताबाट अनुगमन गर्न व्यवस्था गर्नु पर्नेमा सो गरेको पाइएन ,

• जिन्सीमा दाखिला हुने सम्पूर्ण खप्ने सामान कोडिङ नम्बरिङ गरी भण्डारण गर्ने र सामान बुझ्दा माग फारममा नम्बर सहितको सामान बुझिलिने व्यवस्था तत्काल लागू गर्नु पर्नेमा सो गरेको पाईएन ,

• PAMS मा सम्पूर्ण जिन्सी विवरण प्रविष्टि गरी विवरण अधावधिक गरेको पाईएन

अत: पालिकाले जिन्सी निरीक्षण प्रतिवेदन अनुसार देखिएको कैफियत अविलम्ब सुधार गर्नु पर्दछ ।

**जिन्सी सामान मर्मत तथा लिलाम :-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ को उपनियम ३ र ४ अनुसार जिन्सी निरीक्षण प्रतिवेदनको आधारमा लिलाम बिक्री गर्नुपर्ने भएमा नियम १०६ बमोजिम लिलाम बिक्री गर्ने र मर्मत सम्भार गर्नुपर्ने भएमा तीन महिना भित्र मर्मत सम्भार गरी सक्नु पर्ने व्यवस्था छ । कार्यालयबाट प्राप्त जिन्सी निरीक्षण फारम अनुसार साइकल थान ३, डेस्कटप कम्प्यूटर थान १२, ल्यापटप थान १५, बेबी वार्मर थान १, माईक्रोस्कोप थान ३, अटो क्लेभ मेशिन थान १० ईलेक्ट्रिक मोटर थान १, फ्रिज थान १, कुर्ची थान ४१, सोफा सेट थान ५ र प्रिन्टर थान २८ मर्मत गर्नु पर्ने तथा डिजिटल क्यामरा थान ४, डेस्कटप कम्प्यूटर थान १९, ल्यापटप थान ९, प्रिन्टर थान ३१, कुर्ची थान ३५, सोफा सेट थान ५, सेफ थान १ बाटर डिस्पेन्सर थान ११, तौलने मेशिन थान २, नेबुलाईजर मेशिन थान ६, अटो क्लेभ मेशिन थान २, पानी तान्ने पम्प थान ४, घुम्ने कुर्ची थान १० जस्ता सामान लिलाम बिक्री गर्नु पर्ने उल्लेख छ । कार्यालयबाट समयमा मर्मत तथा लिलाम बिक्री नहुँदा जिन्सी समानको मूल्य ह्रास हुँदै जाने र मर्मत गर्दा लागत मूल्य बढ्दै जाने भएकाले नियमानुसार जिन्सी निरीक्षण प्रतिवेदन अनुसार समयमै मर्मत गर्नुपर्ने मालसामानको मर्मत र लिलाम बिक्री गर्नुपर्नेको लिलाम बिक्री गर्नुपर्दछ ।

२४ **कानुन निर्माण स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमुना कानुनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले

हालसम्म १० ऐन, ५ नियमावली, २५ कार्यविधि, ४ निर्देशिका, ४ मापदण्ड लगायत ४८ कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । कार्यपालिकाबाट स्वीकृत उक्त कानुनहरु राजपत्रमा प्रकाशन गरेको छ ।

| कानुनको विवरण | गत वर्षसम्म निर्माण संख्या | यस वर्ष निर्माण संख्या | जम्मा कानुन निर्माण संख्या | राजपत्रमा प्रकाशित संख्या |
|---|---|---|---|---|
| ऐन | ८ | २ | १० | १० |
| नियमावली | ४ | १ | ५ | ५ |
| कार्यविधि | २३ | २ | २५ | २५ |
| निर्देशिका | ४ | ० | ४ | ४ |
| मापदण्ड | ४ | ० | ४ | ४ |
| **जम्मा** | **४३** | **५** | **४८** | **४८** |

२५ **न्यायिक समिति र न्याय सम्पादन**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत वर्ष फछ्र्यौट वा कारवाही किनारा गरी टुङ्गो लगाउन बाँकी ३३ र यो वर्ष थप भएको ३६ गरी कुल ६९ विवाद दर्ता भएकोमा ४४ वटा मात्र फस्र्यौट भई २५ वटा बाँकी देखिन्छ। उजुरी सम्बन्धमा समयमै न्याय निरुपण गरी विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाई न्याय सम्पादन चुस्त राख्नुपर्दछ ।

| उजुरीको प्रकार | गत आ.वमा फछ्र्यौट गर्न बाँकी | यो आ.व मा थप | यो आ.व मा फछ्र्यौट | फछ्र्यौट बाँकी | फछ्र्यौट नहुनाको कारण |
|---|---|---|---|---|---|
| चरन घास दाउरा | नभएको | नभएको | | | |
| गाली बेइजति | नभएको | नभएको | | | |
| साध सिमाना | ७ | ८ | नभएको | १५ | मुद्दा व्यवस्थापनमा समस्या |
| पारिवारिक मेलमिलाप | नभएको | १ | १ | | |
| ज्याला मजदुरी नपाएको | नभएको | नभएको | | | |
| जग्गा भोगचलन सम्बन्धि बिवाद | २६ | २७ | ४३ | १० | मुद्दा व्यवस्थापनमा समस्या |
| सामान्य कुटपिट | नभएको | नभएको | | | |
| **जम्मा** | **३३** | **३६** | **४४** | **२५** | |

२६ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरिवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरणअनुसार पालिका भित्र ८७ वटा सहकारी संस्था रहेकामा ५६ वटा सक्रिय रहेकामा २९ वटा निष्क्रिय र २ वटा समस्याग्रस्त रहेको छन् । पालिका भित्रका सहकारी संस्थाहरुमध्ये ५६ वटा मात्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको विवरण पेस भएको छ । पालिकाबाट सहकारीहरुको अनुगमन निरीक्षण गरेको प्रतिवेदन पेस नभएकोले नियमित सघन अनुगमन गर्ने गरेको देखिएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । सहकारी सदस्यहरुको हित र बचत रकमको सुरक्षा तथा लगानीमा हुन सक्ने दुरुपयेग रोक्न कोपोमिस प्रणालीमा विवरण दाखिला गर्न लगाई प्रचलित कानुनी व्यवस्था अनुरुप त्यस्ता संस्थाहरुको नियमित र सघन अनुगमन गर्ने कार्यमा ध्यान दिनु पर्दछ ।

| पालिकाभित्र रहेको सहकारीको किसिम | सहकारीको संख्या | सक्रिय संख्या | निष्क्रिय संख्या | समस्याग्रस्त | सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली(COPOMIS) बाट विवरण दाखिला |
|---|---|---|---|---|---|
| बचत तथा ऋण सहकारी संस्था लि. | ४८ | ३४ | १४ | ० | ३४ |
| बहुउद्देश्यीय सहकारी संस्था लि. | ११ | ८ | ३ | ० | ८ |
| कृषि सहकारी संस्था लि. | २३ | १३ | ८ | २ | १३ |
| दुग्ध सहकारी संस्था लि. | ४ | ० | ४ | ० | ० |
| उद्योग | १ | १ | ० | ० | १ |
| जम्मा | ८७ | ५६ | २९ | २ | ५६ |

**ख) समस्याग्रस्त सहकारी**

| **समस्याग्रस्त सहकारी विवरण** | **समस्याग्रस्त हुनुको कारण** |
|---|---|
| आ.व. ०८०।८१ मा नभएको | |
| आ.व. ०८०।८१ सम्ममा समस्याग्रस्त २ वटा रहेको | वचतकर्ताको वचत फिर्ता गर्न नसकेको, संचालक फरार रहेको, प्रहरीमा उजुरी परेको । |

## २७ आर्थिक सहायता :-

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले तारकेश्वर नगरपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७७ अनुसार विभिन्न ३३ संघसंस्था र व्यक्तिहरुलाई जनही रु.२०००।०० देखि रु.२५०००।०० सम्मको गरी जम्मा रु.१०८४५७७।००आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.२८१२९९९१४।०० को ०.३९ प्रतिशत हुन आउँछ । सेवाग्राहीको आर्थिक अवस्थाको आधारमा अपरिहार्य अवस्थामा मात्र यस्तो सहयोग वितरण गर्नु पर्दछ ।

## २८ धरौटी फिर्ता

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१७** को निर्णयले रू **५४३,३४१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

## २९ पालिका योजना आयोग उपाध्यक्ष :-

स्थानिय तह संचालन ऐन, २०७४ तथा वागमती प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ मा स्थानीय तहले योजना आयोगको उपाध्यक्ष पद सृजना गरी पदपूर्ति गर्न पाउने कानुनी व्यवस्था गरेको देखिँदैन । पालिकाले संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी योजना आयोग उपाध्यक्ष सृजना गरी पालिकाबाट प्रमुख प्रशासकीय अधिकृत पदबाट सेवा निवृत्त डा .कृष्ण बहादुर घिमिरेलाई उक्त पदमा नियुक्त गरेको र निजलाई मासिक रु.५२५००।०० का दरले यो वर्ष रु.३६७०००।०० भुक्तानी दिएको पाईयो ।कानुनमा व्यवस्था नभएको यस्तो नियुक्ति र पारिश्रमिक भुक्तानी नियम संगत नदेखिएको रु...

| | |
|---|---|
| अनियमित भएको | ३,६७,००० |

## ३० बाजा हस्तान्तरण :-

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था रहेको छ। पञ्चेश्वर महादेवको मन्दिरको लागि रु १४९१६० मुल्य बराबरका खैँजडी थान २ ,मादल थान १, हार्मोनियम थान २, तबला थान १ तथा म्युजिक सिस्टम ट्रली १ खरिद गरेकोमा उक्त सामान हस्तान्तरण गरेको भरपाई तथा मन्दिर व्यवस्थापन समितिको अभिलेखमा जनाएको प्रमाण पेस नभएकोले पेस हुनु पर्ने रु...

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,४९,१६० |

## ३१ अन्य निकायको खर्च :-

कुनै पनि निकायको काम, कर्तव्य र जिम्मेवारी र व्यवसाय अनुसारको कार्य सम्पादन गर्न आवश्यक बजेट तालुक निकायबाट व्यवस्था गरिएको हुन्छ ।सुरक्षा निकाय तथा अन्य निकायको जिम्मेवारी कर्तव्य र व्यवसायसँग सम्बन्धित विषयमा सहयोग लिएबापत खर्चको दायित्व लिई भुक्तानी गर्नु मनासिब हुँदैन । पालिकाले सुरक्षा तथा सहजीकरण गरेबापत विभिन्न निकायको निम्न बमोजिमको खर्च रकम भुक्तानी गरेको छ।पालिकाले यस वर्ष भुक्तानी दिएका मध्ये नमुना परीक्षणबाट देखिएको खर्च देहाय बमोजिम छ ।

| क्र सं | ईन्धन पाउने कार्यालय | प्रयोजन | दिएको | मासिक परिमाण | जाम्मा | मूल्य रु | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | प्रहरी चौकी धर्मस्थली | ईन्धन खर्च | पेट्रोल | ५० लिटर | ६०० लि | १०५००० | औषत दर रु १७५ |
| २ | प्रहरी चौकी मुड्खु | ईन्धन खर्च | पेट्रोल | ३० | ३६० लि | ६३००० | औषत दर रु १७५ |
| ३ | प्रहरी चौकी नेपालटार | ईन्धन खर्च | पेट्रोल | ३० | ३६० लि | ६३००० | औषत दर रु १७५ |
| ४ | प्रहरी चौकी गुम्बा | ईन्धन खर्च | पेट्रोल | ३० | ३६० लि | ६३००० | औषत दर रु १७५ |
| ५ | प्रहरी चौकी काभ्रेस्थली | ईन्धन खर्च | पेट्रोल | ३० | ३६० लि | ६३००० | औषत दर रु १७५ |
| ६ | प्रहरी चौकी साङ्ला | ईन्धन खर्च | पेट्रोल | ३० | ३६० लि | ६३००० | औषत दर रु १७५ |
| ९ | प्रहरी चौकी जितपुरफेदी | छपाई सम्बन्धी कार्यको भुक्तानी | नागार्जुन प्रिन्टङ प्रेशको भुक्तानी | | | ७५०६५ | |
| १० | प्रहरी वृत्त बालाजु | सवारी साधन मर्मत | विष्णु वर्कशप प्रा लि को विल भुक्तानी | | | ९७७८५ | |
| जम्मा | | | | | | ५९२८५० | |

अन्य निकायको खर्चको दायित्व लिँदा पालिकालाई व्ययभार बढेकोले यस्तो भुक्तानी नियम संगत नदेखिएको रु…

| | |
|---|---|
| अनियमित भएको | ५,९२,८५० |

## ३२ नदीजन्य तथा प्राकृतिक श्रोतको संकलन र निकासीबाट आय :-

३२.१ पालिका क्षेत्र भित्रका नदीजन्य सामग्री उत्खननका लागि जिल्ला समन्वय समिति, काठमाडौँको मिति २०७८।५।१६ को प्रारम्भिक वातावरणीय मूल्याङ्कन प्रतिवेदन अनुसार निम्नानुसार २४२९४८६.९ घन फिट परिमाणमा नदीजन्य पदार्थ निकासी गर्न स्वीकृति दिएकोमा कार्यालयले अन्य क्षेत्रबाट आउने समेत गरी निम्नानुसार २५९५८१६.६० घन फिट ढुङ्गा, गिट्टी र बालुवा तथा ४६७५५७.१० घन फिट माटो निकासी गर्न रु.२८३८९३०७.६७ मूल्य अभिवृद्धि कर बाहेकको न्यूनतम कबोल अंक स्वीकृत गरी ठेक्का आव्हान गरेको पाईयो ।ठेक्काको लागि प्रथम आ.व. २०८०/०८१ को लागि नगरपालिका क्षेत्रभित्रबाट संकलन भई आन्तरिक खपत वा अन्यत्र निकासी पैठारीका लागि ढुङ्गा, गिट्टी, बालुवा र माटो लिई गुड्ने सवारी साधनसँग बिक्री शुल्क संकलन गर्नका लागि पहिलो पटक मिति २०८०/०४/१२ गते गोरखापत्र राष्ट्रिय दैनिकमा ३० दिने ठेक्का सम्बन्धी विद्युतीय बोलपत्र आव्हानको सूचना प्रकाशित गरेकोमा ठेक्का लाग्न नसक्दा मिति २०८०/०५/११ गते पुनः दोस्रो पटक गोरखापत्र राष्ट्रिय दैनिकमा १५ दिने ठेक्का सम्बन्धी विद्युतीय बोलपत्र आव्हानको सूचना प्रकाशित गरेको देखिन्छ । सो सूचना अनुसार पनि ठेक्का लाग्न नसकेकोले मिति २०८०/०५/२७ गते पुनः तेस्रो पटक गोरखापत्र राष्ट्रिय दैनिकमा ७ दिने ठेक्का सम्बन्धी विद्युतीय बोलपत्र आह्वानको सूचना प्रकाशित गरेको समेत ठेक्का लाग्न नसक्दा मिति २०८०/०७/२१ गतेको कार्यपालिकाको बैठकले प्राविधिकको सिफारिस समेतको आधार लिई ४ वटा प्याकेजमा १५२ स्थानमा थुप्रिएको २६२७२०० घन फिट ढुङ्गा, गिट्टी, बालुवा र माटो लिलाम बढाबढको विधिबाट बिक्री गर्न राष्ट्रिय दैनिकमा १५ दिने लिलाम बिक्री सम्बन्धी सूचना प्रकाशित गर्ने निर्णय गरेकोले मिति २०८०/०७/२३ गते राष्ट्रिय दैनिकमा १५ दिने लिलाम बिक्री सम्बन्धी सूचना प्रकाशित गरेकोमा मिति २०८०/०८/०८ गतेको म्यादभित्र लिलामी बिक्री सम्बन्धी कुनै पनि बोलपत्र पेस नभएकोले २०८०।८।१० मा पुनः सूचना प्रकाशन गरी अमानत विधिबाट १५ जना कर्मचारी नियुक्ति गरी १६००० थान म्यानुअल नगदी रसिदबाट मू अ कर समेत रु १४५६४४७९ संकलन भएको पाईयो ।

| | निकासी श्रोत | आई ई ई परिमाण घन फिट | दर रु | आई ई ई अनुसार रु | न्युनतम कबोल प्रयोजन परिमाण | न्युनतम कबोल प्रयोजन मूल्य रु | न्युनतम कबोल प्रयोजन ५ प्रतिशत थप समेत मूल्य रु | अमानत बाट संकलित राजस्व |
|---|---|---|---|---|---|---|---|---|
| ढुङ्गा गिट्टी तथा वालुवा | साङ्ला खोला :- क्षेत्र मनोहर खोला देखी साङ्ला खोला निहुरे खोला हुदै चुनिखोला दोभान | ४६३९०२ .७८ | ९ | ४१७५१२५ | ४६४०३५ | ४५९३९४६.५ | ४८२३६४३.८२ | |
| | महादेव खोला :- महादेव खोला घाट हुदै थोक बाट बग्ने खोला | १६३८२१७.१२ | ९ | १४७४३९५४ | १६३८२१७ | १६२१८३४८.३ | १७०२९२६५.७१ | |
| | चुनी खोला :- काभ्रेस्थली फुटुङ सिमाना करिव १ किलो मिटर | ३२७३६७ | ९ | २९४६३०३ | ३२७३६७ | ३२४०९३३.३ | ३४०२९७९.९६ | |
| जम्मा | | २४२९४८६.९ | | २१८६५३८२।१ | २४२९४८६.९ | २४०५३२२८.१० | २५२५५८८९.५१ | |
| अन्य क्षेत्र बाट आउने ढुङ्गा गिट्टी तथा वालुवा | | छैन | ९ | छैन | १६६३२९.७० | १४९६९६७.३ | १४९६९६७।३ | |
| अन्य क्षेत्र को समेत जम्मा | | | | | २५९५८१६।६० | २५९५०१९५.४ | २६७५२८५६.८१ | |
| माटो | | नभएको | ३.५० | नभएको | ४६७५५७.१० | १६३६४५०.८३ | १६३६४५०.८३ | |
| कुल जम्मा | | | | | | २७५८६६४६।२० | **२८३८९३०७.६७** | १४५६४४७९ |

पालिकाले नदी जन्य प्राकृतिक श्रोतको निकासीबाट रु.२८३८९३०७।६७ प्राप्त हुने अनुमान गरेकोमा रु १४५६४४७९।०० प्राप्त भएको छ । सोबाट अमानतमा लगाईएका १५ जना कर्मचारीको ६.३ महिनाको प्रति कर्मचारी मासिक रु.१७५००।०० ले हुने पारिश्रमिक रु.१६५३७५०।०० कटाउँदा खुद रु.१२९१०७२९।०० प्राप्त भएको विवरण पेस भएको छ । अमानतबाट राजस्व संकलन गर्दा ४५.४७ प्रतिशत मात्र आम्दानी भएको देखिन्छ ।

३२.२ **फरक हिसाब :-** पालिकाको सुत्र प्रणालीको विभाज्य कोषको संकलन तथा दाखिला विवरण अनुसार दहत्तर बहत्तर राजस्व शीर्षकमा रु.१,१३,२०,४७९।०० राजस्व संकलन तथा दाखिला भएको, राजस्व शाखाको आम्दानी तथा दाखिला विवरण अनुसार रु.१४५६४४७९।९९ र बिक्री परिमाण विवरण अनुसार ९६०२२८० घन फिट गिट्टी ,ढुङ्गा, वालुवाको रु.१०८५०५७६।४ र ९०४३२० घन फिट माटोको रु.३५७६५८५।६० गरी रु.१४४२७१६१।८० देखिएकोले फरक फरक हिसाबका सम्बन्धमा हिसाब मिलान विवरण तयार गरी असुली दाखिला यकिन गर्नु पर्दछ ।

३२.३ **राजस्व बाँडफाँट :-** ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ मा गाउँपालिका वा नगरपालिकाले यस मापदण्ड बमोजिम साधारण निर्माणमुखी खानीजन्य र नदीजन्य पदार्थको बिक्री एवम् अनुमती वा नवीकरण शुल्क वा करबाट संकलित राजस्वमध्ये साठी प्रतिशत रकम सम्बन्धित गाउँपालिका वा नगरपालिकाको स्थानीय सञ्चित कोषमा र चालिस प्रतिशत रकम सम्बन्धित प्रदेश सरकारको प्रदेश सञ्चित कोषमा जम्मा हुने गरी बाँडफाँट गर्नुपर्ने व्यवस्था छ। स्थानीय तहले आर्थिक ऐन बमोजिम असुल गरेको देहाय अनुसारको रकम राजस्व बाँडफाँट गर्नु पर्नेमा गरेको छैन। पालिकाको राजस्वशाखाले पेस विवरण अनुसार मू अ कर बाहेक रु.१२६७१०९७।००आम्दानी देखाएको छ । उक्त रकमको ४० प्रतिशतले हुने रु.५०६८४३८।०० प्रदेश सञ्चित कोषमा पठाउनु पर्नेमा पठाएको नदेखिएकोले प्रदेश सञ्चित कोष पठाउनु पर्दछ ।

| आय शीर्षक | संकलित रकम मू अ कर बाहेक | प्रदेशलाई पठाउनु पर्ने प्रतिशत ४० | पठाएको रकम | पठाउन बाँकी रकम |
|---|---|---|---|---|
| दहत्तर बहत्तर | १२६७१०९७।० | ५०६८४३८.०० | ० | ५०६८४३८.०० |

३२.४ **मूल्य अभिवृद्धि कर** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल गरी बेदर्तावालाबाट सङ्कलन गरिने राजस्व शीर्षक नं.३३३१७ मा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले अमानत विधिबाट असुल भएको मूल्य अभिवृद्धि कर रु १८९३३८२।०० असुल गरेकोमा असुल गरेको मूल्य अभिवृद्धि कर राजस्व शीर्षकमा दाखिला गरेको नदेखिएकोले दाखिला गरेको प्रमाण पेस हुनु पर्ने रु...

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १८,९३,३८२ |

३३ **आन्तरिक आय :-**

३३.१ **आय अनुमान :-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाको आ व २०८०।८१ को नीति, कार्यक्रम तथा बजेट पुस्तिका अनुसार रु. ३३ करोड ७ लाख ९१ हजार आन्तरिक श्रोतबाट प्राप्त गर्ने अनुमान गरेको पाईयो । सुत्र प्रणालीबाट प्राप्त विवरण अनुसार आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ सम्पत्ति कर भूमिकर मालपोत, कर, सेवा शुल्क,दस्तुर आदि बापत अनुमानित रु.४१ करोड २९ लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु.२८ करोड १२ लाख ९९ हजार ६८.१२ प्रतिशत आय संकलन गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गर्दै संघीय र प्रदेश सरकार प्रतिको निर्भरता घटाउन आन्तरिक आयको हिस्सा बढाउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

३३.२ **आन्तरिक आयको लेखा :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २५ मा विनियोजन, राजस्व, धरौटी र अन्य कारोबारको लेखा महालेखानियन्त्रक कार्यालयले तर्जुमा गरी महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नु पर्ने व्यवस्था

तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५७को उपनियम२ मा सरकारी कारोबारको लेखा महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नु पर्ने साथै दफा ११(१) मा जिम्मेवार व्यक्तिले प्रत्येक कारोबारको स्पष्ट देखिने गरी प्रचलित कानुनले तोके बमोजिमको रित पुर्‍याई लेखा तयार गरी राख्नुपर्ने उल्लेख छ । कार्यालयले आन्तरिक आयको महालेखा परीक्षकबाट स्वीकृत अभिलेख फारमहरु राखेको छैन । निम्नानुसारका महालेखापरीक्षकको फारमहरु स्वीकृत भएकोमा उक्त फारमहरु प्रयोग गरी अभिलेख राखेको देखिएन। अभिलेख नराखिँदा आन्तरिक आम्दानीको शीर्षकगत आम्दानी रु २८१२९९९१४।८५ दाखिला र बाँकीको हिसाब यति नै हो भनी विश्वस्त हुन सकिएन ।

| **महालेखापरीक्षकको फारम** | **फारम नम्बर** |
|---|---|
| नगदी रसिद | १०१ |
| आम्दानी /राजस्वको दैनिक आम्दानी किताब | १०२ |
| आम्दानी /राजस्वको शीर्षकगत खाता | १०४ |
| आम्दानी /राजस्वको दैनिक गोश्वारा खाता | १०५ |
| राजस्वको दैनिक नगद प्राप्ति खाता | १०६ |
| आम्दानी /राजस्वको बैंक भौचर प्राप्त खाता | १०७ |
| आम्दानी /राजस्वको बैंक/नगदी किताब | १०८ |
| आम्दानी /राजस्वको बैंक हिसाब मिलान विवरण | १०९ |
| आम्दानी /राजस्वको शीर्षकगत आर्थिक विवरण | ११० |

३३.३ **राजस्व असुली** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ।पालिकाको २०८०।८१ को नीति ,कार्यक्रम तथा बजेट पुस्तिका अनुसार ३३ करोड ७ लाख ९१ हजार आन्तरिक श्रोतबाट प्राप्त गर्ने अनुमान गरेको पाईयो । पालिकाबाट प्राप्त सुत्र प्रणालीको राजस्वको प्रतिवेदन अनुसार आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ सम्पत्ति कर, भूमिकर, मालपोत, कर, सेवा शुल्क, दस्तुर आदि बापत अनुमानित रु.४१ करोड २९ लाख प्राप्त हुने प्रक्षेपण गरेको मा आर्थिक वर्ष २०८०।८१ मा रु.२८ करोड १२ लाख ९९ हजार आय संकलन गरेको छ । राख्नुपर्ने महालेखापरीक्षकको फारम नम्बरहरू नराखेको र प्राप्त हुनुपर्ने आम्दानी तथा प्राप्त भएको आम्दानी सम्बन्धमा परीक्षण भिडान गर्ने प्रचलन भएको देखिएन ।यसले प्राप्त हुनुपर्ने आम्दानी सम्बन्धमा यकिन हुन सकिएन ।

३३.४ **केन्द्रीय अनुदान र आन्तरिक आयको तुलना :**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

[ रकम रु. हजारमा ]

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ५३१९८६ | २८१२९९ | ५२.८७ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ५२.८७ प्रतिशत रहेको छ । पालिकाको आन्तरिक आय सङ्कलनको क्षेत्र बढाई आय संकलन दायरालाई फराकिलो पार्दै आन्तरिक आयलाई पालिकाको विकास, समृद्धितर्फ खर्च गर्दै ठुला तथा दीर्घकालीन महत्वका योजना बनाउन स्वावलम्बी र आत्मनिर्भर रहनेतर्फ ध्यान दिनुपर्दछ ।

३३.५ **कर तथा शुल्क असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, बहाल कर, व्यवसाय कर र बहाल विटौरी शुल्क लगायतका कर उठाउने व्यवस्था रहेको छ । पालिकाको सुत्र सफ्टवेयरले देखाए अनुसार पालिकाको यस आ.व मा विभिन्न आय शीर्षकको आय अनुमान र असुली स्थिति देहाय बमोजिम रहेको देखिन्छ ।

| क्र.सं. | प्राप्तिको श्रोत | वार्षिक अनुमानित आय | सुत्र सफ्टवेयर अनुसार आम्दानी | प्रतिशत | सांग्रिला सफ्टवेयर अनुसार शीर्षकगत संकलन रु |
|---|---|---|---|---|---|
| २ | ११३१३ -सम्पत्ति कर | ७००००००००. | १९९९७७४५. | २८.५७ | ७५४४७४१३ |
| ३ | ११३१४ -भूमिकर/मालपोत | २५०००००. | ४७९१३६. | १९.१७ | २४०१५६५ |
| ४ | ११३१५ -घरजग्गा रजिष्ट्रेशन दस्तुर | ०.०० | १५२९८०. | ० | ० |
| ५ | ११३१७ -वहाल कर | ४००००००००. | ८०७२४०८.६३ | २०.१८ | ४३०४७००९.०७ |
| ६ | ११३१८ -वहाल विटौरी कर | १००००००. | ०.०० | ०. | ० |
| ७ | ११४५१ -सवारी साधन कर (साना सवारी) | ४५५३६०००. | ०.०० | ०. | ० |
| ८ | ११४५६ -बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ०.०० | ७०९३०. | ० | ० |
| ९ | ११४७९ -अन्य मनोरञ्जन कर | ५००००. | ०.०० | ०. | ५६९०० |
| १० | ११६११ -व्यवसायले भुक्तानी गर्ने | ०.०० | १४४७०१८. | ० | ० |
| ११ | ११६२१ -व्यवसाय बाहेक अन्यले भुक्तानी गर्ने | ०.०० | ५०००. | ० | ० |
| १२ | ११६३१ -कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोबारमा लाग्ने कर | ०.०० | ४७३४००. | ० | ० |
| १३ | ११६९१ -अन्य कर | ०.०० | १४९५४६३३५.९ | ० | ० |
| १४ | १४११९ -अन्य निकायबाट प्राप्त ब्याज | ०.०० | १०७२३६. | ० | ० |
| १५ | १४२१३ -अन्य बिक्रीबाट प्राप्त रकम | ०.०० | ३०००. | ० | ० |
| १६ | १४२१८ -विद्युत सेवा शुल्क | ०.०० | ७१५.०० | ० | ० |
| १७ | १४२१९ -अन्य सेवा शुल्क तथा बिक्री | ०.०० | ४२४०. | ० | ० |
| १८ | १४२२१ -न्यायिक दस्तूर | ०.०० | ३४४००. | ० | ० |
| १९ | १४२२३ -शिक्षा क्षेत्रको आम्दानी | ०.०० | ३३३५००. | ० | ० |
| २० | १४२२४ -परीक्षा शुल्क | २४०००००. | ५१७७०६. | २१.५७ | ० |
| २१ | १४२२५ -यातायात क्षेत्रको आम्दानी | ०.०० | ५००.०० | ० | ० |
| २२ | १४२२९ -अन्य प्रशासनिक सेवा शुल्क | ०.०० | ९८३२७६८. | ० | २६३५०० |
| २३ | १४२४१ -पार्किङ्ग शुल्क | ०.०० | ५००.०० | ० | ० |
| २४ | १४२४२ -नक्सापास दस्तुर | ८००००००००. | ११५६१४४१. | १४.४५ | ६२६०३०७० |
| २५ | १४२४३ -सिफारिश दस्तुर | ६५००००००. | ४६१३४४६. | ७.१ | ५९३११९९२ |
| २६ | १४२४४ -व्यक्तिगत घटना दर्ता दस्तुर | ०.०० | २३१५०. | ० | २२८९३२ |
| २७ | १४२४९ -अन्य दस्तुर | ०.०० | २६११२२४. | ० | ३२८५८० |
| २८ | १४२५३ -व्यावसाय रजिष्ट्रेशन दस्तुर | ०.०० | १७३५९९८. | ० | ८४५३२०० |
| २९ | १४२६५ -अन्य क्षेत्रको आय | ३६५७४०००. | ०.०० | ० | ० |
| ३० | १४३११ -न्यायिक दण्ड, जरिवाना र जफत | ०.०० | ५१२००. | ० | ३२४०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३१ | १४३१२ -प्रशासनिक दण्ड, जरिवाना र जफत | ४०००००. | ७५२५०. | १८.८१ | १०२९१०७ |
| ३२ | १४३१३ -धरौटी सदरस्याहा | ०.०० | ११०००. | ० | ० |
| ३३ | १४५२९ -अन्य राजस्व | ३९४४१०००. | ६९१३०७८०.३२ | १७५.२८ | १५८७१०० |
| ३४ | १४६११ -व्यवसाय कर | ३००००००० | ४०६९०७. | १.३६ | ० |
| जम्मा | | ४१२९०१०००. | २८१२९९९१४.८५ | ६८.१३ | २५४७९०७६८।०७ |

उपरोक्त विवरण अनुसार शीर्षकगत रुपमा विश्लेषण गर्दा भूमिकर १९.१७ प्रतिशत संकलन गरेको छ भने सम्पत्ति कर २८.५७ प्रतिशत र वहाल कर २०.१८ प्रतिशत संकलन गरेको देखिन्छ । पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली तथ्याकंपरक र यथार्थपरक मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र रहेका नयाँ तथा ठुला करदाताको पहिचान गर्दै करदाताको आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गरी सम्पूर्ण करदातालाई करको दायरामा ल्याउँदै आन्तरिक आयको हिस्सा बढाउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

३४ **कर राजस्व असुली :-**

३४.१ **बहाल रकममा कर :-** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५७ अनुसार नगरपालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्था वा निकायले घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक रुपमा बहालमा दिएमा पालिकाले त्यस्तो वहाल रकममा कर लगाउन सक्ने व्यवस्था रहेको छ ।पालिकाले घर जग्गा बहाल कर बापत रु. ४००००००००।०० कर उठाउने लक्ष्य लिएकोमा रु.८०७२४०८।६३ लक्ष्यको २०.१८ प्रतिशत मात्र असुल गरेको छ ।उक्त बहाल करको लागि घर सर्वेक्षण तथा तथ्याङ्क सकंलन गरी व्यवस्थित लगत नराखेकाले तथ्याङ्क अद्यावधिक गरी करको दायरा अभिवृद्धि गरी आन्तरिक आय वृद्धि गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार ३५३४ जना करदाताको रु ४२१२५८९।९३ बहाल कर असुल गर्न बाँकी देखिएको छ ।ऐन अनुसार दाखिला नभए दाखिला गर्न वाँकी रकम र सो रकमको दश प्रतिशतका दरले जरिवाना समेत यकिन गरीअसुल गर्नु पर्दछ । समयमा कर नतिरेका केही करदाताको उदाहरण निम्नानुसार छन् ।

| सि नं | करदाता संकेत नं | कर दाताको नाम थर | २०८०।८१ सम्म बक्यौता रकम रु |
|---|---|---|---|
| १ | ०० - २७ - ०७८५ | मैया बस्नेत | १०८०० |
| २ | ०० - २१ - ००३५ | धनराज सुनार | ३३६०० |
| ३ | ००३ - २८ -००४३ | यशोदा न्यौपाने | १८९१२ |
| ४ | ०७ - २७ - ०२५२ | मीश्री खत्री समेत | २०८९१ |
| ५ | ०० - ३१ - १४७३ | साङग्री माया असरपति | १५६०७ |
| ६ | ०८ -२० -००८५ | देबेन्द्र राज थापा | ३०००० |
| ७ | ०८ - ३१ - ०५३२ | श्रृजना लामा | १२००० |
| ८ | ११ - ३१ - ०४०२ | श्री रत्न बाटीका प्रि स्कुल | २८६०३ |
| ९ | १० - ३१ - ०२५४ | शंकर थपलिया | १८००० |
| १० | ०० -३१- १०३२ | शिव देवकोटा | १६८०० |
| ११ | ०२- २९ -००५६ | राजु चापागाँई | १०००० |
| १२ | ०२ - २२ - ०१६४ | निर्मला लामिछाने | १०८०० |
| १३ | ०९ - २२ - ०००१ | निरञ्जना खनाल मरहट्टा | ३०००० |
| १४ | ०५ -२३- ००४१ | पुरुषोत्तम कार्की | १३८०० |
| १५ | ००- १३ -००७ | झुमा घतानी | १३७६१ |
| १६ | ०९ -२५- ०१६८ | विष्णुमाया राना | १२२०० |
| १७ | ०२ -२७ -०५९७ | मुन लाईट उद्योग | १८००० |
| १८ | ०० -२०- ०००९ | दिल कुमारी गुरुङ | १४४०० |
| १९ | १० -०६ -०११२ | कविता पौडेल | २४३०० |
| २० | ००- ३१- ००२२ | शारदा गहतराज | ११४०० |
| २१ | ०० -३१ - ००४४ | सुमन सुनार | १६८०० |
| २२ | ११- २८- ००१४ | यशोदा श्रेष्ठ | १३००९ |
| २३ | ०६- ३१ -१३२० | सबिना थापा मगर समेत | ३८६८३ |
| २४ | ०० -२५- ००५८ | बिष्णु कुमार श्रेष्ठ | १२००० |
| २५ | ०१ -२५ -००३९ | विन्दी देवी गौली | ३२००० |
| २६ | ०७- २० -००६५ | दिनेश बहादुर गुरुङ | २४००० |
| २७ | ०५- ३१- ००६७ | सरस्वती चौधरी | २०४०० |

३४.२ **सम्पत्ति कर :-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५ तथा तारकेश्वर नगरपालिकाको आर्थिक ऐन २०८० बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्र भित्र सम्पत्ति कर लगाउन सक्ने व्यवस्था छ ।पालिकाले आ.व ०८०।०८१ मा सम्पत्ति कर बापत रु. ७००००००।०० संकलन गर्ने लक्ष्य लिएकोमा रकम रु.१९९९७७४५।०० मात्र लक्ष्यको २८.५७ प्रतिशत संकलन गरेको देखिन्छ ।

पालिका भित्र रहेका विभिन्न ठुला करदाताहरु समेत करको दायरामा नआएको हुँदा सम्पत्ति करको अभिलेख व्यवस्थित गरी सबैलाई करको दायरामा ल्याई राजस्व संकलनको लक्ष्य प्राप्त गर्ने तर्फ ध्यान दिनुपर्दछ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार १३ हवार ८०० जना करदाताको रु.१२९२१७२।00 सम्पत्ति कर असुल गर्न बाँकी देखिएको छ ।ऐन अनुसार दाखिला नभए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतका दरले जरिवाना समेत यकिन गरी असुल गर्नु पर्दछ । समयमा कर नतिरेका केही करदाताको उदाहरण निम्नानुसार छन् ।

| आ.व. २०८०।०८१ सम्मको सम्पत्ति कर बक्यौता विवरण | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | वडा नं. | करदाता संकेत | करदाताको नाम थर | बक्यौता रकम (रू.) | कैफियत |
| १ | १ | ४६०५३ | शान्ती डंगोल | ३५८७४ | |
| २ | १ | ०१-२९-१५४ | राजेन्द्र फुयाल | ११६२९ | |
| ३ | १ | ४५३११ | दुर्गा गुरुङ | ११११० | |
| ४ | १ | ०१-२९-०४४० | राजु सार्की मगराती | १०९६५ | |
| ५ | १ | ३१०७६ | रुमादेबी अर्याल | १०८९७ | |
| जम्मा | | | | ८०४७५ | |
| ६ | २ | ०२-२२-०१८४ | न्हुछेरत्न शाक्य | ६८३२९ | |
| ७ | २ | ०२-२९-०६९३ | राज कुमार फुयाल समेत | ४७८९४ | |
| ८ | २ | ०२-२२-०११०० | नरेश के°सी° समेत | ४६६३० | |
| ९ | २ | ०२-३१-०१४० | सुधा देबकोटा | ४३१४६ | |
| १० | २ | ०२-२९-०३१९ | रमेश प्रसाद भण्डारी | ३७२२१ | |
| जम्मा | | | | २४३२२० | |
| ११ | ३ | ०३-३१-०१३६ | शुभद्रा अर्याल | २२२१४ | |
| १२ | ३ | ३८८०५ | राजेन्द्र अर्याल | १९०५२ | |
| १३ | ३ | १४७०० | लक्ष्मण प्रसाद घिमिरे काँठे | १८४४५ | |
| १४ | ३ | ०३-३१-०१८५ | सुरेन्द्र उपाध्याय | १३८८७ | |
| १५ | ३ | २४९२८ | शिबदास प्रधानाङ समेत | १२७७४ | |
| जम्मा | | | | ८६३७२ | |
| १६ | ४ | ०४-२३-०१९० | प्रशान्त लामा समेत | ६५९६५ | |
| १७ | ४ | ०४-२३-०१३३ | प्रियम्बधा जोशी गौतम | २९३५५ | |
| १८ | ४ | ३७३४८ | ईश्वरी अधिकारी रिमाल | २९०२० | |
| १९ | ४ | ३२२३४ | अन्जु देउजा | २८९६८ | |
| २० | ४ | ०४-३१-०५३७ | शिवराम श्रेष्ठ | २३६८१ | |
| २१ | ४ | ३७३७३ | मिरा धिताल | १९१८० | |
| जम्मा | | | | १३०२०४ | |
| २२ | ५ | २०२३४ | बालकृष्ण प्रधान | ४१२६५ | |
| २३ | ५ | ०५-२९-०९५७ | रविन्द्र अर्याल | ३३०६६ | |
| २४ | ५ | ०५-३१-०१५२ | शुशिल राय | ३१९२९ | |
| २५ | ५ | १३२९१ | धनकुमार बिश्वकर्मा | ३१७५२ | |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २६ | ५ | ०५-३१-०२४ | शान्ता लामा तामाङ | ३०३४६ | |
| जम्मा | | | | १६८३५८ | |
| २७ | ६ | ४०३४३ | टोप प्रसाद गजुरेल | ५९१५४ | |
| २८ | ६ | ३८५०८ | ऋषि बहादुर प्रधान | ५७३१८ | |
| २९ | ६ | ०६-३१-०७३३ | सावित्री आचार्य अधिकारी | ५४११८ | |
| ३० | ६ | ०६-३१-०५७५ | सानुवावु विन्दुकार | ४४२३२ | |
| ३१ | ६ | ०६-३२-०१२१ | हरि शरण सापकोटा | ३६३३८ | |
| जम्मा | | | | २५११६० | |
| ३२ | ७ | ४३३०४ | पदमा प्रधान पाठक | ४४४०२ | |
| ३३ | ७ | ०७-३१-१३२४ | श्याम कृष्ण खड्गी शाही | ४१२३७ | |
| ३४ | ७ | ३७८१७ | ठकिन कुमार गुरुङ | ३१६४२ | |
| ३५ | ७ | २३५८३ | बिजय कुमार महर्जन | २९८२४ | |
| ३६ | ७ | ०७-०६-०१९० | कान्छी तामाङ | २८११७ | |
| जम्मा | | | | १७५२२२ | |
| ३७ | ८ | ४०७५८ | उत्तम राज के०सी० समेत | ६५७७२ | |
| ३८ | ८ | ०८-३१-०२३८ | शशि कुमार लामा | ५५११० | |
| ३९ | ८ | ११५५७ | नवराज तिवारी | ५१४८२ | |
| ४० | ८ | ३१२८४ | बिमला श्रेष्ठ समेत | ३७२५७ | |
| ४१ | ८ | ०८-३१-०१८५ | सरस्वती पाण्डे | २९९०१ | |
| जम्मा | | | | २३९५२२ | |
| ४२ | ९ | १२३२३ | भेष कुमारी पौडेल | ६०४२१ | |
| ४३ | ९ | ३९७१७ | चम्पा शाही | ५४६३८ | |
| ४४ | ९ | ४४४६४ | बाटुली महर्जन | ५३४८३ | |
| ४५ | ९ | ०९-३१-०२८४ | सिताराम थापा | ४९७५५ | |
| ४६ | ९ | ४४१०४ | लक्ष्मी न्यौपाने सिग्देल | ४४५०६ | |
| जम्मा | | | | २६२८०३ | |
| ४७ | १० | १०-३१-०१९८ | श्यामबाबु महर्जन समेत | ५५२४६ | |
| ४८ | १० | ४३०१८ | चक्रमान महर्जन | ४०४०७ | |
| ४९ | १० | ४५५९४ | राम प्रसाद खकुरेल | ३९५४६ | |
| ५० | १० | १८९२४ | पोशक चन्द्र थापा | ३५०७२ | |
| ५१ | १० | १०-३१-०२३० | सर्वसक्ती बचत तथा ऋण सहकारी संसथा लि० | ३५०३६ | |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| जम्मा | | | | २०५३०७ | |
| ५२ | ११ | ११-०६-०१०५ | किरण बस्नेत | ५३६४४ | |
| ५३ | ११ | १३१०८ | देवकी राना मगर | ५३०५८ | |
| ५४ | ११ | ११-३१-०१४९ | संगिता गुरुङ | ५२६२२ | |
| ५५ | ११ | १६०१८ | गंगा बहादुर कुँवर | ५००८७ | |
| ५६ | ११ | ११-३१-०२०१ | सेती महर्जन | ४६२६६ | |
| जम्मा | | | | २५५६७७ | |

३४.३ **व्यवसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोबारको आधारमा व्यवसाय कर लगाउन सक्ने व्यवस्था रहेको छ । पालिकाको आर्थिक ऐन, २०८० को दफा ६ मा पालिकाको क्षेत्रभित्र व्यापार, व्यवसाय,सेवामा पुँजिगत लगानी तथा आर्थिक कारोबारका आधारमा वर्गिकरण गरी सोहि ऐनको अनुशुचि ४ वमोजिम व्यवसाय कर लगाइने तथा असुल गर्ने उल्लेख गरेको छ ।जसअनुसार विभिन्न व्यवसाय जस्तै डिपार्टमेन्ट स्टोर,ज्वेलरी,इलेक्ट्रोनिक्स,निर्माण सामग्री,हार्डवेयर,फर्निसिङ,ईटा वालुवा डिपो, पेट्रोलियम पदार्थ, दैनिक उपभोग्य पदार्थ, निर्माण तथा कन्स्ट्रक्सन ,होटल एण्ड लज रेष्टुरेन्ट, ईटा उद्योग,पानि उद्योग,बालुवा ढुङ्गा जस्ता खानीजन्य पदार्थ प्रशोधन गर्ने उद्योग लगायत अन्य विभिन्न उद्योग व्यवसायको दर्ता तथा नवीकरण शुल्क निर्धारण गरेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क बापत रु.३००००००००।०० प्राप्त गर्ने अनुमान गरेकोमा रकम रु.२१४२९०५।०० अर्थात ७.१४ प्रतिशत मात्र संकलन गरेको छ । पालिकाले आफ्नो क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक नगरेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लेखित असुली तथ्याकंपरक र यथार्थपरक मान्न सक्ने अवस्था देखिएन ।तसर्थ पालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अभिलेख अद्यावधिक गर्दै सबै व्यवसायीहरुलाई करको दायराभित्र ल्याई आन्तरिक राजस्व अभिवृद्धि गर्न ध्यान दिनुपर्दछ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार २९५३ जना करदाताको रु.१२३३३००।०० व्यवसाय कर असुल गर्न बाँकी देखिएको छ ।ऐन अनुसार दाखिला नभए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतका दरले जरिवाना समेत यकिन गरी असुल गर्नु पर्दछ । समयमा कर नतिरेका केही करदाताको उदाहरण निम्नानुसार छन् ।

| सि.नं | व्यवसाय विवरण | वडा नं | करदाता सं नं | करदाताको नाम | बक्यौता |
|---|---|---|---|---|---|
| १ | सफ्टी पेपर इन्डष्ट्री प्रा.लि., सफ्टी हाइजिन प्रा°लि | ३ | २७०५७ | यादव घिमिरे | ४०००० |
| २ | श्री महिला श्री बहुउद्देश्यीय सहकारी संस्था लि. | १० | १०-३१-०४१ | श्री महिला श्री बहुउद्देश्यीय सहकारी संस्था लि. | १२०३८ |
| ३ | चुनिदेवी स्टोर | १ | १-२९-०७६८ | रत्न लाल पुतुवार | ६१८९ |
| ४ | सेल्फइड्ड कन्सल्टिंग प्रा°लि° | ६ | ००-०६-०६०२ | कपिल पौडेल | ५००० |
| ५ | मिलन बस्ती खाजा घर | १ | ००-२३-०६४२ | पुजा पौडेल | ८४३९ |
| ६ | ओ मेघा रेस्टुरेन्ट | १ | ००-३१-१५९० | सुनिता अंगाई पुडासैनी | ८४३९ |
| ७ | पूजा लिक्वायर सप्लार्यस | २ | ००-३१-११५१ | सरोज डंगोल | ६३०० |
| ८ | ग्रिन गार्डेन फेमिली रिसोर्ट | ५ | ०५-२५-०१५४ | बासुदेब लामा | ३९३८ |
| ९ | बिन्दु लामा पसल, बैखु खाजा घर | ५ | ०५-२५-०२२३ | बिन्दु लामा | ३९३८ |
| १० | श्री हाउस अफ इन्टिरियर्स प्रा.लि | ११ | ००-२७-०१५५ | मुक्तिनाथ धमला | १५७५ |
| ११ | थापा चमेना गृह | ४ | ३४७९५ | रुकमिणी थापा | २६८२ |

३५ **फोहरमैला व्यवस्थापन :-**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३ र ४ बमोजिम पालिका भित्रको फोहरमैलाको प्रबन्ध र व्यवस्थापन गर्ने जिम्मेवारी र दायित्व स्थानीय तहको हुने उल्लेख छ । यस सम्बन्धमा देखिएका प्रमुख व्यहोराहरु देहाय बमोजिम रहेका छन् ।

(क) ऐनको दफा १५(१) अनुसार स्थानीय तहले दफा १४ बमोजिम निजी क्षेत्र वा सामुदायिक संस्थाबाट फोहरमैला व्यवस्थापन गराउँदा ऐनमा प्रतिस्पर्धा मार्फत गराउनु पर्ने व्यवस्था छ । साथै ऐनमा व्यवस्थापकको छनौट गरी व्यवस्थापन गर्ने जिम्मा दिनु पर्ने र दफा १५(२) मा उपदफा (१) बमोजिम फोहरमैला व्यवस्थापकको छनौट गर्दा त्यसका आधार समेत उल्लेख गरेको छ । पालिकाले उल्लिखित कानुनले दिएको अधिकार प्रयोग गरी प्रतिस्पर्धा मार्फत फोहोर व्यवस्थापन र कर संकलन नगरेको साथै तारकेश्वर नगरपालिकाको आर्थिक ऐन २०८० मा फोहरमैला व्यवस्थापन तथा कर संकलन सम्बन्धी व्यवस्था गरेको छैन ।

(ख) ऐनको दफा ५१(१) अनुसार यो ऐन तथा ऐन अन्तर्गत बनेको नियमावलीको अधिनमा रही स्थानीय तहले विभिन्न प्रकृत्तिका फोहरमैला व्यवस्थापनको लागि बेग्लाबेग्लै मापदण्ड जारी गर्न तथा दफा ५१(२) अनुसार सम्बन्धित स्थानीय तहले फोहरमैला व्यवस्थापन सम्बन्धमा आवश्यक निर्देशिका बनाई लागु गर्न सक्ने व्यवस्था छ । तर पालिकाले हासम्म यस ऐनको कार्यान्वयनका लागि आवश्यक पर्ने मापदण्ड र निर्देशिकाहरु जारी गरेको छैन ।

(ग) फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३ र ४ अनुसार करको दायरा बढाई न्यूनतम कबोल अंक निर्धारण गरी कानुन अनुसार बोलपत्र आह्यवान गरी प्रतिस्पर्धा गराई व्यवस्थापकको छनौट गरी कर संकलन गरी आय बढाउनु पर्दछ ।

अतः ऐन बमोजिम फोहरमैला व्यवस्थापन सम्बन्धमा आवश्यक निर्देशिका बनाई सोबाट प्राप्त आम्दानी तथा फोहरमैला व्यवस्थापनमा निजी क्षेत्रलाई संलग्न गराउँदा प्राप्त हुने अम्दानी स्थानीय तहले एउटा छुट्टै शीर्षकमा राखी सो रकम तोकिएको मापदण्डको अधिनमा रही फोहरमैलाको व्यवस्थापन, वातावरणीय संरक्षण तथा फोहरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रको विकासमा खर्च गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

३६ **रसिद नियन्त्रण खाता तथा नगदी रसिद :-**

आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २५ मा विनियोजन, राजस्व धरौटी र अन्य कारोवारको लेखा महालेखानियन्त्रक कार्यालयले तर्जुमा गरी महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नु पर्ने व्यवस्था तथा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ५७को उपनियम२ मा सरकारी कारोवारको लेखा महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नु पर्ने व्यवस्था छ ।नगदी रसिदको जिम्मेवारी परिमाण, छपाई तथा प्राप्ति परिमाण , शाखा महाशाखा लाई वितरण तथा मौज्दात परिमाणको व्यवस्थित अभिलेख तथा नियन्त्रणको लागि रसिद नियन्त्रण खाता महा लेखा परीक्षकको फारम नंबर ९०४ को व्यवस्था भएकोमा सोको प्रयोग भएको देखिएन । पालिकाले नदीजन्य प्राकृतिकश्रोतको निकासीको अमानतबाट आय संकलन गर्न हातले काट्ने म्यानुअल रसिद २१००० छपाएकोमा १६००० थान नगदी रसिद प्रयोग गरी रु १४५६४४७९।०० राजस्व संकलन गरेको विवरण पेस गरेको छ । ४ वटा स्वास्थ्य ईकाई को लागि हातले काट्ने म्यानुअल रसिद ११५० थान उपलब्ध गराएको प्रयोग भएको रसिद संख्या र राजस्व प्राप्तिको विवरण पेस हुन आएन। पालिका , वडा कार्यालय तथा ४ स्वास्थ्य ईकाईमा समेत राजस्व संकलन गर्न रसिद प्रयोग गरेकोमा रसिदको नियन्त्रणको लागि तोकिएको ढाँचामा रसिद नियन्त्रण खाता राखी अभिलेख राखेको देखिएन। रसिद वितरण र फिर्ताको अभिलेख नराख्दा राजस्व नोक्सानीको जोखिम हुने भएकोले तोकिएको ढाँचामा रसिद नियन्त्रण खातामा अभिलेख राख्नु पर्दछ ।

३७ **घरनक्शा पास :-**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को परिच्छेद ३ मा पालिका तथा वडा कार्यालयको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था रहेको छ । कार्यालयबाट प्राप्त विवरण अनुसार घरनक्शा पासको लागि ६०४ वटा निवेदन पेस भएको, अस्थायी अनुमति ४०४ आवेदन परेको मध्ये ४५० वटा निर्माण सम्पन्न भई स्थायी अनुमति दिएको विवरण पेस भएको छ । कार्य सम्पन्न मध्ये विगत ४१० वटा र यो

वर्षको अनुमतिको लागि ६०४ जनाले निवेदन दिएकोमा ४०४ जनाले भवन निर्माण अस्थायी अनुमति पाएकोमा ४० भवन निर्माण सम्पन्न भएको विवरण पेस गरेको छ।साथै पालिकाले गत विगत र यो वर्षमा निर्माण भएका घर टहरा भवनहरुको प्रकार र अनुमति लिन बाँकीको अभिलेख राखेको छैन । व्यवस्थित अभिलेख राखी अनुमतिको दायरामा ल्याउनु पर्दछ ।

| घरनक्शा पासको निवेदन संख्या | अस्थायी अनुमति | कार्यसम्पन्न संख्या | | |
|---|---|---|---|---|
| | | गत विगत वर्ष अनुमित लिएका मध्ये | यो वर्ष अनुमति लिएका मध्ये | जम्मा |
| ६०४ | ४०४ | ४१० | ४० | ४५० |

## ३८ राजस्वको सफ्टवेयर खरिद तथा संचालन :-

३८.१ (१७२-२०८०-७-२):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६२(३) अनुसार उपदफा (२) बमोजिम विकास गरिएको प्रणालीमा समावेश नभएको वा पर्याप्त नभएको कुनै प्रणाली विकास गर्नुपर्ने भएमा तोकिए बमोजिम महालेखा नियन्त्रक कार्यालयको स्वीकृति लिनुपर्ने व्यवस्था छ ।पालिकाले यो वर्ष निम्न सफ्टवेयरहरु खरिद गरी प्रयोग गरेकोमा तोकिए बमोजिम स्वीकृति लिएको देखिएन । नेपाल सरकारको आधिकारिक निकायबाट स्वीकृति नलिई सफ्टवेयर खरिद गरेको नियम संगत देखिएन । तसर्थ महालेखा नियन्त्रक कार्यालयको स्वीकृति लिएर मात्र सफ्टवेयर खरिद तथा संचालन गर्नु पर्दछ । पालिकाले राजस्वको आय लेखाङ्कन ,सम्पत्ति कर सम्बन्धी कार्यपालिका र ११ वटा वडाहरुमा प्रचलनमा रहेको सफ्टवेयरको वार्षिक सेवा शुल्क बापत साङ्ग्रिला ईन्फोसिस प्रा लि काठमाण्डौलाई रु.२९८९९८।०० भुक्तानी गरेको पाईयो । SUTRA राजस्व मोड्यूल प्रयोगमा आई सकेको अवस्थामा सम्भावित जोखिमलाई मध्यनजर गरी वर्षान्तमा सूचना तथ्याङ्क Backup संरक्षण गरी राख्ने र SUTRA बाट सम्पूर्ण जानकारी उपलब्ध हुने अवस्थामा यस्ता सफ्टवेयर प्रयोग निरुत्साहित गर्नु पर्दछ ।

३८.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकामा राजस्व संकलनका लागि २ वटा सफ्टवेयर सांग्रिला इन्फोसेयस र सुत्र सफ्टवेयर (आंशिक) प्रयोग गरिएको पाइयो। पालिकाको सुत्रको राजस्व संकलन विवरण अनुसार आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ सम्पत्तिकर, भूमिकर मालपोत, कर, सेवा शुल्क, दस्तुर आदि बापत अनुमानित रु. ४१ करोड २९ लाख १ हजार प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा निकासी कर सहित रु.२८ करोड १२ लाख ९९ हजार आय संकलन भएको देखिन्छ भने सांग्रिला इन्फोसेयसको आय विवरण अनुसार निकासी कर सहित रु.२५ करोड ४७ लाख ९०हजार ७६८ संकलन भएको देखिन्छ ।यसरी एउटै कार्यका लागि दुईवटा सफ्टवेयर प्रयोग भई फरक फरक विवरण प्राप्त भएको, फरक – फरक सफ्टवेयरमा प्रविष्टि गर्दा समय खेर गएको र फरक फरक विवरणको आधिकारितामा पनि प्रश्न उठ्न सक्ने भएकोले राजस्व संकलनका लागि दुईवटा सफ्टवेयरको प्रयोगभन्दा तालुक निकायले निर्देशन तथा स्वीकृत गरको सफ्टवेयरमा नै राजस्वको हिसाब यथार्थपरक ढंगले व्यवस्थित गरी राख्नुपर्दछ ।

## ३९ सवारी साधन मर्मत खर्च :-

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३को उपनियम ५ मा मर्मत गरिने सवारी साधनको दक्ष प्राविधिकबाट लागत अनुमान स्वीकृत गराउनु पर्ने व्यवस्था रहेको छ।यस नियमावलीको प्रकृया अपनाई मर्मत संम्भार गराउनु पर्ने मर्मत गराउँदा कुनै मालसामान पार्टपूर्जा वा उपकरण प्रतिस्थापन गर्नु पर्ने भए यस नियमावलीको प्रकृया अपनाई खरिद गर्नु पर्ने।यसरी खरिद गरेको सामानको जिन्सी दाखिला गराई रु ५०००।००भन्दा बढी मूल्यका सामानको अभिलेख राखी प्रतिस्थापन गरिएको कुरा सम्बन्धित प्राविधिक बाट प्रमाणित गराई पुराना सामान जिन्सी दाखिला गर्नु पर्ने उल्लेख छ । पालिकामा रहेका हलुका सवारी साधन ५ वटा, एम्बुलेन्स २ वटा, व्याकहो लोडर १ वटा, ट्रिपर १ वटा, मोटर साईकल ३५ वटा, स्कुटर १८ वटा गरी ६२ वटा सवारी साधन मर्मतको लागि रु.३५०००००।०० विनियोजन भएकोमा रु.२९६५४६५।०० खर्च भएको छ। सवारी साधन मर्मत गराएकोमा उल्लेखित प्रकृया

अपनाएको देखिएन ।खरिद कानुनको प्रकृया नअपनाई मर्मत गराउँदा खरिदमा मितव्ययिता, दक्षता, पारदर्शिता एवं टिकाउपना भएको छ भनी विश्वस्त हुने आधार नभएकोले खरिद कानुनको पालना गरी मर्मत गराउनु पर्दछ ।

| सि नं | व उ शी नं | भौ नं | मिति | सवारीसाधनको नाम नंबर | मर्मत सेवा प्रदायक | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | न पा चालु | ३६७ | २०८०।९।१९ | व्याक हो लोडर | सिप्रदी ट्रेडीङ प्रा ली | ८२५०० | सेवा प्रदायकको एकल कोटेशनका आधारमा |
| २ | न पा चालु | ३६७ | २०८०।९।१९ | टाटा पिक अप | सिप्रदी ट्रेडीङ प्रा ली | १४६१४५ | सेवा प्रदायकको एकल कोटेशनका आधारमा |
| ३ | न पा चालु | ८४४ | २०८१।३।२ | B A B १५९० | श्रीकृष्ण अटो वर्कसप | ३०९४८६ | गाडी मोडिफीकेसन सेवा प्रदायकको एकल कोटेशनका आधारमा |

४० **ईन्धन खर्च :-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली , २०७७ को नियम ३९ मा भुक्तानी दिदाँ रीत पुगे वा नपुगेको जाँच गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था रहेको छ। पालिकाले यो वर्ष इन्धनको लागि रु १०१३५००० बजेट विनियोजन गरेकोमा रु८६१५६८२ खर्च गरेको छ जुन आन्तरिक आय रु २८१२९९००० को ३।०६ प्रतिशत हुन आउछ ।पालिकामा हलुका सवारी साधन ५ वटा, एम्वुलेन्स २ वटा ,व्याकहो लोडर १ ,वटा ट्रिपर १ ,वटा मोटर साईकल ३५ वटा. स्कुटर १८ वटा गरी ६२ वटा सवारी साधनमा निम्नानुसार ईन्धन खर्च भएको छ । कार्यपालिकाको निर्णय अनुसार पालिकाले नगर प्रमुख, उप प्रमुख र प्रमुख प्रशासकिय अधिकृत लाई आवश्यकता अनुसार ,वडा अध्यक्षहरुलाई मासिक ३० लिटर ,प्राविधिक कर्मचारीलाई मासिक २० लिटर, अन्य कर्मचारीहरुलाई मासिक १२ लिटर , स्वास्य केन्द्र ईन्चार्जलाई मासिक १२ लिटर, नगर प्रहरीलाई उपलब्ध भ्यान १ र वाईक ५को लागि प्रशासन शाखाबाट प्रमाणित लगबुक अनुसार , एम्वुलेन्सलाई स्वास्थ्य शाखाबाट प्रमाणित लगबुक अनुसार ,व्याकहो लोडर र ट्रिपर को लागि काममा खटाउनेले आदेश प्रमाणित अनुसार ईन्धन खर्च हुने गरेको छ। कोटा प्रणाली बाहेक अन्य साधनको लगबुकप्रविष्ठी गरो सोही अनुसार ईन्धन उपलब्ध गराउने गरेको पाईयो ।सबै साधनको लगबुक प्रविष्ठी गराई सो को अनुगमन गरी ईन्धन खर्चमा नियन्त्रण गरी मितव्ययीता गर्नु पर्दछ ।

| सि नं | प्रयोजन | बजेट | खर्च |
|---|---|---|---|
| १ | पदाधिकारी | ३५५५००० | ३११९६७५ |
| २ | कार्यालय | ६५८०००० | ५४९६००७ |
| | | १०१३५००० | ८६१५६८२ |

कार्यालयबाट प्राप्त खर्चको फाँटवारी अनुसार पदाधिकारी ईन्धन तर्फ रु ३११९६७५ खर्च भएको देखिन्छ । बागमती प्रदेश स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन २०७५ अनुसार नगर प्रमुखले वार्षिक ९६० लिटर नगर उप प्रमुखले ९६० लिटर र वडा अध्यक्ष्यहरुले २४० लिटर ले ११जनाले २६४० लिटर गरी वार्षिक ४५६० लिटर ईन्धन खर्च गर्न पाउने मापदण्ड तोकिएकोमा ईन्धन वापत खर्च भएको रु ३११९७६५ लाई वार्षिक औषत रु १७४ ले हिसाव गर्दा १७९२९ लिटर ईन्धन पदाधीकारी ईन्धनमा खर्च भएको देखियो । यस प्रकार ईन्धनमा १३३६९ लिटर बढी खर्च गरेको पाईयो। औषत रुपमा हेर्दा वार्षिक रु २३२६२०६ ईन्धनमा कानुनले दिएको सुविधा भन्दा बढी खर्च भएको छ ।कार्यालयले मापदण्ड निर्माण गरी योजना तथा कार्यक्रमगत रुपमा लाग्ने ईन्धन खर्चको अनुमान गरी बजेटमा समावेश गरी बजेट बाट नै ईन्धन खर्चमा नियन्त्रण गरिनु पर्दछ ।

४१ **न्यानो झोला खरिद र वितरण विवरण :-**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८०।८१ मा ससर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसूतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने

व्यवस्था छ । यस पालिका अन्तर्गतका २ बर्थिङ सेन्टरमा गत वर्ष २८ थान र यस वर्ष ८० थान खरिद गरी १०८ थान झोला रहेकोमा यस वर्ष ४५ जना प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा खरिद गरिएका ५३ थान न्यानो झोला मौज्दातमा रहेका छन्।खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन। तसर्थ: माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय सामाग्री खरिद गर्नुपर्दछ।लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

| क्र सं | स्वास्थ्य संस्था। वर्थिङ सेन्टरको नाम | | गतवर्षको न्यानो झोलाको अवस्था | | | | | यस वर्षको न्यानो झोलाको अवस्था | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | गत वर्षको न्यानो झोलाको खरिद संख्या | गतवर्षको न्यानो झोलाकोखरिद रकम | गत वर्षभरी जन्म भएका शिशु संख्या | गतवर्ष पालिकाबाट प्राप्त न्यानो झोलाको संख्या | गतवर्षको न्यानो झोलाको वितरण संख्या | गतवर्षको न्यानो झोलाकोमौज्दात | यसवर्षको न्यानो झोलाको खरिद संख्या | यसवर्षको न्यानो झोलाको खरिद रकम | यस वर्षभरी जन्म भएका शिशु संख्या | यसवर्ष पालिकाबाट प्राप्त न्यानो झोलाको संख्या | यसवर्षको न्यानो झोलाको वितरण संख्या |
| १ | सांग्ला प्रा.स्वा. के | ६० | ६० | ३२ | ६० | ३२ | २८ | ८० | ७२००० | ४५ | १०८ | ४५ |
| | मनमैजु स्वा चौ | | | | | | | | | | | |

## ४२ **औषधी खरिद :-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १ (क) मा २५ लाख रुपैयाँसम्मको औषधीजन्य वस्तु उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । सार्वजनिक खरिद ऐनको दफा ८ को उपदफा २ मा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने कुरा उल्लेख छ । पालिकाले निम्नलिखित आपूर्तिकर्ता ।फर्मबाट रु२४६२२२६।०० मूल्यका औषधी तथा औषधीजन्य वस्तु सोझै खरिद गरेकोमा निम्न बेहोरा देखिएका छन् :

| औषधी खरिद गर्ने फर्म/ सप्लायर्सको को नाम | खरिद रकम | खरिद विधि | कुन कार्यकमको लागि औषधी खरिद |
|---|---|---|---|
| गोसाई कुण्ड मेडिसिन सप्लायर्स प्रा लि | ९७१९३२ | सोझै | स्वास्थ्य चौकी वितरण |
| सतिदेवी मेडीसिन सप्लायर | ९८७२९४ | सोझै | स्वास्थ्य चौकी वितरण |
| मुड्डी ईन्टर प्राईजेज | ५०३००० | सोझै | स्वास्थ्य चौकी वितरण |
| जम्मा | २४६२२२६ | | |

आपूर्ति भएका औषधीका उत्पादकले डब्लु.एच.ओ. बाट असल उत्पादन अभ्यास (Good Manufacturing Practice) को प्रमाण-पत्र प्राप्त गरेको हुनुपर्नेमा सो सम्बन्धी अभिलेख तथा प्रमाण पेस नभएको, औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधीहरु नि:शुल्क वितरणको लागि भन्ने प्रमाण संलग्न नभएको , आपूर्ति भएका औषधी एवम् सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेसिफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन।औषधीजन्य सामाग्रीको अभिलेख व्यवस्थापनका लागि विद्युतीय रसद व्यवस्थापन सूचना प्रणाली (electronic Logistics Management Information System) को व्यवस्था भए तापनि शाखाबाट हस्तलिखित माग फारम पेस भएको देखिन्छ । औषधीहरु PAMS प्रणालीमा दाखिला गरेको देखिन्छ तर उक्त प्रणालीमा औषधीको पूर्ण स्पेसिफिकेसन तथा अन्य विवरण नखुल्ने हुँदा दुवै प्रणालीको प्रयोग हुनुपर्दछ । अतः औषधीको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको नभएको यकिन गरी हस्तान्तरण गर्ने तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधीहरुको जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । साथै खरिद कार्य प्रतिस्पर्धात्मक विधिबाट गर्नुपर्ने देखिन्छ ।

## ४३ **निःशुल्क उपचार सहायता :-**

जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ मा स्वास्थ्य सेवाको पहुँच तथा सुनिश्चितता हुने व्यवस्था रहेको छ ।नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको विपन्न नागरिक औषधी उपचार कोष निर्देशिका, २०७५को दफा ३ मा विपन्न नागरिकलाई औषधी उपचार बापत आर्थिक सहायता दिने प्रबन्ध गरिएको तथा दफा ४ मा यस्तो सेवा लिने प्रक्रिया वारेमा उल्लेख छ । सोही मन्त्रालयबाट जारी भएको विपन्न नागरिक औषधीउपचार कार्यक्रम संचालन निर्देशिका, २०८० ले पनि विपन्न नागरिकलाई औषधी उपचार बापत सहायता दिने प्रक्रिया बारेमा उल्लेख गरिएको छ । सोही बमोजिम विपन्न नागरिक, असहाय तथा गरीब जस्ता लक्षित वर्गलाई निःशुल्क उपचार बापतको आर्थिक सहायता वितरण बापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकाबाट १८६ जनाको लागि रु ५४८००००।००खर्च भएको छ। यस्तो आर्थिक सहायता विपन्नता र अपरिहार्यताको आधारमा उपलब्ध गराउनु पर्दछ ।

| क्र. सं. | उपचारको किसिम | व्यक्ति संख्या | रकम रु हजारमा | श्रोत व्यहोर्ने (संघ/प्रदेश/ स्थानीय) | कैफियत |
|---|---|---|---|---|---|
| १ | मृगौला प्रत्यारोपण गरेका डायलाईसिस गराइरहेका क्यान्सर रोगी र मेरुदण्ड पक्षघात रोगीलाइ औषधी उपचार खर्च बापत मासिक ५ हजार दरले उपलब्ध गराइने | १८६ | ५४८० | संघीय ससर्त | सम्बन्धितको खातामा ट्रान्सफर गरिएको |

## ४४ सामाजिक सुरक्षा

सामाजिक सुरक्षा नियमावली, २०७६ मा प्रत्येक वर्ष भाद्र महिनाभित्र वडा समितिको सिफारिसमा वडा कार्यालयले लाभग्राहीहरुको नामावली नवीकरण गरी पालिकाबाट प्रमाणित गरी लाभग्राही अद्यावधिक गर्दै सोही लाभग्राहीलाई मात्र सामाजिक सुरक्षा भत्ता वितरण गर्ने व्यवस्था रहेको छ ।पालिकालाई यस वर्ष सामाजिक सुरक्षा तर्फ रु.१५ करोड ६९लाख ९१ हजार बजेट विनियोजन भएकोमा रु.१५ करोड ४६ लाख ५८ हजार खर्च भएको छ भने आ.व. भित्र को.ले.नि.का को खर्च खातामा रु.१६६५१२।००फिर्ता भएको जनाएको छ । पालिकाले सफ्टवेयरबाट लाभग्राहीहरुको वडा कार्यालयमा दर्ता नवीकरण गरेता पनि पालिकाबाट प्रमाणित गरी मूल अभिलेख राखेको देखिएन । सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राही मध्ये मृत्यु भएकाको पालिकामा ढिला लगत कट्टा भएको कारण बढी निकासा भएको तथा बैंकमा निष्क्रिय खातामा रहेको रकम मध्ये लेखापरीक्षणका क्रममा राष्ट्रिय बाणिज्य बैंक रा.शि.नं.१५१११ मा मिति २०८१।११।२६ कारोबार संकेत नं २०८१-९३२४७०६ बाट रु.३४६५९८।०६ , २०८१।१२।७ कारोबार संकेत २०८१-९७२९११७ बाट रु.१५१७।०० र कारोबार संकेत २०८१-९७२९३२५ बाट रु.१४९५०।३० फिर्ता गरेको भौचर पेस भएको छ । पालिकाले लगत कट्टा भएको व्यक्तिको तथा निष्क्रिय खातामा रहेको रकम समयमै बैंकबाट फिर्ता लिने गरेको देखिएन । अत: पालिकाले लगत कट्टा अद्यावद्यिक गर्दै निष्कृय खाता लगायत बैंकबाट फिर्ता प्राप्त गर्नुपर्ने बाँकी रकमका सम्बन्धमा यकिन गरी सञ्चित कोषमा जम्मा गर्नुपर्दछ ।

## ४५ शिक्षक दरबन्दी र पदपूर्ति

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या | एक शिक्षक बराबर विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|
| १ | कुञ्चिप्वाकल मा. वि | १५ | १५ | ६ | २४८ | १७ |
| २ | कालिका कठेरी आ. वि | १ | १ | | ३६ | ३६ |
| ३ | साङला बालकुमारी मा. वि | २१ | २१ | ८ | ४७६ | २३ |
| ४ | कालीदेवी मा. वि | ३२ | ३२ | २० | १२५९ | ३९ |
| ५ | ज्ञानोदय आ. वि | ३ | ३ | | १३० | ४३ |
| ६ | काभ्रेस्थली मा . वि | १६ | १६ | ५ | ६७३ | ४२ |
| ७ | जितपुर मा.वि | २८ | २८ | १८ | ४९६ | १८ |
| ८ | नागार्जुन ठूलागाँउ मा. वि | १९ | १९ | ८ | ३०७ | १६ |
| ९ | कालिकाशरण मा.वि | १२ | १२ | ३ | ४७० | ३९ |
| १० | महाँदेवस्थान आ. वि | ३ | ३ | १ | ५० | १७ |
| ११ | सरस्वती आ. वि | ४ | ४ | | ७० | १८ |
| १२ | खड्वालकोट आ. वि | २ | २ | | ७३ | ३७ |
| १३ | पुरानो गुहेश्वरी मा. वि | १३ | १३ | ६ | ४७९ | ३७ |
| १४ | पृथ्वीनारायण मा. वि | २७ | २७ | ४ | ११२५ | ४२ |
| १५ | नागार्जुन मा. वि | १७ | १७ | | ४४८ | २६ |
| १६ | ग्राम सेवा मा.वि | २३ | २३ | ४ | ७१० | ३१ |
| १७ | धर्म विद्याश्रम आ. वि | ४ | ४ | | १३६ | ३४ |
| १८ | फुटुङ्ग मा. वि | २० | २० | ९ | ८७७ | ४४ |
| १९ | मनमैजु मा. वि | १६ | १६ | ४ | ८७६ | ५५ |
| २० | मानसिंह धर्म मा. वि | २३ | २३ | ६ | १३८८ | ६० |
| २१ | नेपाल राष्ट्रिय मा.वि. | २९ | २९ | ३ | १४९५ | ५२ |
| जम्मा | | ३२८ | ३२८ | १०५ | ११८२२ | ३६ |

माथिको तालिका अध्ययन गर्दा सबैभन्दा बढी विद्यार्थी संख्या भएको १४९५ जना विद्यार्थी संख्या रहेको विद्यालय श्री नेपाल राष्ट्रिय मा वि मा २९ जनाको शिक्षक दरबन्दी रहेकोमा २९ जनाको नै पदपूर्ति भएको देखिन्छ भने सबैभन्दा कम विद्यार्थी भएको श्री कालिका कठेरी आ.वि.मा ३६ जना विद्यार्थी रहेको देखिन्छ भने १ जना शिक्षक रहेको देखिन्छ। पालिकामा शिक्षक पदपूर्ति दरबन्दीअनुसार ३२८ जना नै भएको र विद्यार्थी संख्या ११८२२ जना रहेकोमा शिक्षक विद्यार्थी अनुपात १:३६ भएको देखिन्छ । पालिकाले सार्वजनिक विद्यालय समायोजन एवम् एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ को परिच्छेद ३ का आधारमा समायोजन वा एकीकरण हुनुपर्ने विद्यालयमा पर्ने नपर्ने यकिन गरी विद्यालयको आवश्यकता अनुसार विद्यालय समायोजन वा एकीकरण गरी विद्यार्थीको अनुपात बमोजिम योग्यताका आधारमा शिक्षक पदपूर्ति गर्नुपर्दछ ।

४६ **पालिका श्रोत बाट शिक्षक कर्मचारी पारिश्रमिक :-**

पालिका श्रोतबाट शिक्षक कर्मचारी पारिश्रमिक पालिकाले विद्यालयका कर्मचारी, शिक्षक तथा बालविकास सहजकर्ताको पारिश्रमिक रु.९४८५३६६६।०० खर्च लेखेको छ। संगठन तथा व्यवस्थापन सर्वेक्षण नगरी ,दिगोपना तथा आन्तरिक आय र अन्य समायोजन

सम्बन्धमा प्रयास नगरी, ठूलो रकम खर्च गरी शिक्षक कर्मचारी भर्ना गर्दा गरेको छ । पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी दरवन्दी मिलान गर्न नेपाल सरकारसँग अनुरोध गरी दरवन्दी कायम गर्नुपर्ने, दरवन्दी मिलान पश्चात शिक्षक सेवा आयोगबाट स्थायी रुपमा पदपूर्ति प्रयोजनार्थ सिफारिस हुने पदहरु माग गरी पदपूर्ति प्रकृया अगाडी बढाउने तथा आयोगबाट पदपूर्ति नहुने अन्य पद आन्तरिक आयको दिगो श्रोत व्यवस्थापन गर्नु पर्दछ ।साथै पालिका श्रोत पूर्ण अनुदान तत्कालमा आंशिक दरबन्दी भएका शिक्षण संस्थाबाट शून्य दरबन्दी भएका विद्यालयमा स्थानान्तरण गरी समायोजन गर्दै जानु पर्दछ ।

| सि नं | प्रकार | शैक्षीक संस्था संख्या | शिक्षक कर्मचारी संख्या | वजेट | खर्च |
|---|---|---|---|---|---|
| १ | मेयर सामुदायिक विद्यालय शिक्षक भत्ता | २१ | ४८४ | १०००००० | ९६८००० |
| | मेयर प्रध्यानाध्यापक प्रोत्साहन भत्ता | २३ | २३ | ८२८००० | ८२८००० |
| २ | वाल विकास सहजकर्ता पारिश्रमिक थप[संघ रु १००००पालिका थप रु ८०००] | २१ | ३२ | ३३२८००० | ३३२८००० |
| ३ | नगर वाल विकास सहजकर्ता | २३ | ३९ | ५१२४००० | ५१२४००० |
| ४ | विद्यालय सहयोगी [संघ रु८०००पालिका थप रु ७०००] | २१ | २१ | १९११००० | १९११००० |
| ५ | विद्यालय सहायक[संघ रु१३५००पालिका थप रु ८०००] | २१ | १५ | १५६०००० | १५६०००० |
| ६ | नगरपालिका शिक्षक | ११ | १७ | | ७०६०००० |
| ७ | शिक्षण सहयोग अनुदान ECD १८०००।०० , आधारभूत २५०००।०० , मा वि ४००००।०० | २१ | ३८[वालविकास २१, आ वि १०, मा वि ७] | ७५१५००० | ७४०४२६६६ |
| ८ | धार्मिक तथा महिला विद्यालय एकमुष्ठ | २ | | २०००००० | १०००००० |
| | जम्मा | | | | ९४८५३६६६ |

## ४७ परीक्षा संचालन खर्च :-

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्त्व नियमावली, २०७७ को नियम १९ मा अर्थमन्त्रालयको सहमतिमा आफुले सम्पादन गर्ने कामको प्रकृति अनुसार मापदण्ड बनाउन सक्ने व्यवस्था छ।पालिकाले मापदण्ड बेगर निम्न कार्यक्रम सञ्चालन गरेको छ :

| सि. नं | परीक्षा/कार्यक्रमको प्रकार | विनियोजन रु | कुल खर्च रु |
|---|---|---|---|
| १ | आधारभूत तह परीक्षा | २०००००० | २०००००० |
| २ | एस ई ई तयारी कक्षा | ५००००० | ४६८१४० |
| जम्मा | | २५००००० | २४६८१४० |

पालिकाले संचालन गर्ने परीक्षाको मापदण्ड तयार गरेको देखिएन ।पालिकाले नतिजा प्रकाशन सफ्टवेयरमार्फत गर्ने गरेको जनाएको छ । नतिजा प्रकाशनमा पारदर्शिता भए तापनि प्रश्नपत्रको गोपनीयता सम्बन्धमा स्पष्ट व्यवस्था गरेको नदेखिएकाले सम्पूर्ण प्रक्रिया न्यायोचित हिसाबले सम्पन्न गरियो गरिएन यकिन गर्न सकिएन । कार्यपालिकाको पटके निर्णयका आधारमा परीक्षा तयारी बैठक खर्च, मोडेरेशन खर्च, प्रश्न पत्र छपाई खर्च, केन्द्राध्यक्ष भत्ता, सहायक केन्द्राध्यक्ष भत्ता, उत्तर पुस्तिका कोडिङ, डिकोडिङ खर्च, नतिजा प्रकाशन खर्च जस्ता खर्च गरी लेखाङ्कन गर्ने गरेको पाईयो । परीक्षा संचालन कार्यविधि तथा मापदण्ड तयार गरी खर्च लेखाङ्कन गर्नु पर्दछ ।

## ४८ सामुदायिक सिकाइ केन्द्र

शिक्षा तथा मानव श्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ मा स्थानीय तहले नियमित रूपमा सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्रहरूको स्थलगत निरीक्षण गरी वार्षिक साधारण सभा भएको, साधारण सभाबाट बजेट र कार्यक्रम पास गरेको, गत आवको खर्च स्वीकृत गरेको, लेखापरीक्षण गरी प्रतिवेदन पेस गरेको र शैक्षिक सूचना व्यवस्थापन प्रणाली (NFE EMIS)

भरेका यी पाँच मापदण्ड पूरा गरेका सामुदायिक सिकाइ केन्द्रहरूलाई एकमुस्ट रु २ लाख ५० हजार रकम अनुदान उपलब्ध गराउने व्यवस्था रहेको छ। यस पालिकाद्वारा देहायका सामुदायिक अध्ययन/ सिकाइ केन्द्रलाई देहायअनुसार भुक्तानी गरेको पाइयो ।

| **सामुदायिक सिकाइ केन्द्र। मापदण्ड** | **वार्षिक साधारण सभा भएको** | **साधारण सभाबाट बजेट र कार्यक्रम पास गरेको** | **गत आवको खर्च स्वीकृत गरेको** | **लेखापरीक्षण गरी प्रतिवेदन पेस गरेको,** | **शैक्षिक सूचना व्यवस्थापन प्रणाली (NFE EMIS) भरेका** | **भुक्तानी रकम** |
|---|---|---|---|---|---|---|
| जागृति सामुदायिक सिकाइ केन्द्र | छ | छैन | छैन | छ | छैन | २१००००। |
| स्वस्तिक महिला सामुदायिक केन्द्र | छ | छैन | छैन | छ | छैन | २५००००। |
| मनमैजु महिला सामुदायिक सिकाइ केन्द्र | छैन मिति२०८०।०८।१३ गते बैठक बसी मिति २०८०।०८।११ गते नयाँ कार्यसमितिको बैठक गरिएकोमा साधारण सभासम्बन्धमा कुनै निर्णय भएको नदेखिएको । | छैन | छैन | छ | छैन | १३८५६२। |

माथिको तालिकाअनुसार पालिकाले सामुदायिक सिकाइ केन्द्रलाई कार्यक्रम कार्यान्वयन पुस्तिकामा तोकिएको मापदण्ड पूरा नगरी रु.५९८५६२।०० भुक्तानी भएको देखिन्छ । पालिकाले कार्यक्रम कार्यान्वयनमा तोकिएको मापदण्ड अनुसारको प्रमाण पेस गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु...

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,९८,५६२ |

४९ **कागजात पेस नभएको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५७ मा कार्यालयले लेखा राख्दा सो लेखा प्रमाणित गर्ने बिल, भरपाई, तथा अन्य कागजात सिलसिलाबद्ध रुपमा राख्ने व्यवस्था छ ।पालिकाको लेखापरीक्षणको क्रममा नमुना छनौट गरी परीक्षण गर्दा देहायका कार्यक्रमहरुको कागजात पेस हुन आएन । महालेखा परीक्षकको कार्यालय, बागमती प्रदेश लेखापरीक्षण महानिर्देशनालयबाट प.सं. २०८१।०८२ च.नं.१२ मिति २०८१।१२।०७ को कागजात पेस गर्ने सम्बन्धमा पठाइएको पत्रानुसार आवासीय तथा गैरआवासीय छात्रवृत्ति कार्यक्रमतर्फ आवासीय छात्रवृत्ति कार्यक्रमतर्फको रु.३५००००।०० को कागजात पेस भएको, विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदानअन्तर्गतको रु.२०७२०००।०० को कागजात पेस भएको तथा पाठ्यपुस्तकबापत भुक्तानी भएको रकम यकिन भएको तर शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम अन्तर्गत र गो भौ नं १५६-२०८१।०३।२४ को रु. ६५१०००।००को कागजात लेखापरीक्षणको समयमा प्राप्त भएन । स्यानिटरी प्याडको रु.९४१२००।९४ रकमको खरिद गरिएको सम्पूर्ण बोलपत्रसम्बन्धी कागजात पेस नभएको तर २८६०० वटा स्यानिटरी प्याड खरिद गरेको विवरण मात्र पेस भएको छ ।पालिकाबाट सम्बन्धित शीर्षकअनुसार विद्यालयको नाम नामेसी सहितको कागजात प्रमाण पेस गर्नुपर्ने रु....

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १५,९२,२०० |

५० **दिवाखाजा**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को दफा २.८.७ को क्रियाकलाप नं. २.८.११.१ मा तोकिएको विद्यार्थीको लागि दिवाखाजा सम्बन्धी व्यवस्था छ ।जसमा स्थानीय तहलेदिवा खाजाबापत रकम निकासा गर्दा विद्यालयको प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिको अध्यक्षबाट विद्यार्थीको संख्यात्मक हाजिरी विवरण प्रमाणित गराई स्थानीय तहमा सङ्कलन गरी संख्या यकिन भएपछि मात्र खाजाबापतको अनुदान उपलब्ध गराउने व्यवस्था छ ।

यस पालिकाको अधिकांश विद्यालयहरुबाट विद्यार्थी संख्या र सो विद्यार्थी संख्याको पठाइएको हाजिरी प्रधानअध्यापक र विद्यालय व्यवस्थापन समितिबाट प्रमाणित गरेर पठाएको देखिएन; प्रमाणित गरेर पठाएकोमा पनि कक्षागत शिक्षकको हस्ताक्षर भएको देखिएन। अधिकांश विद्यालयहरुको कक्षागत हाजिरी विवरणको प्रतिलिपी पेस भएको देखिएन। पठाइएको हाजिरी विवरणमा कुन कुन महिनाको हो स्पष्ट यकिन गर्न सकिएन। पालिकाले दिवाखाजाबापत विभिन्न समयमा दैनिक खाजाबापतको दर रु. १५।०० का आधारमा विद्यालयहरुलाई भुक्तानी भएको रकम रु. ११५१८६००।०० देखिन्छ भने IEMIS को संख्या अनुसार १८० दिनको रु.१५।०० का दरले हेर्दा रु.१७५२०३००।०० दिवाखाजा बापतको रकम देखिन्छ।सबै विद्यार्थी सबै दिन उपस्थित भए भएन भन्ने यकिन गर्न विद्यार्थीको हाजिरी विवरण परीक्षण गर्ने तथा सत्यापन गर्ने गरेको देखिएन। पालिकाले दिवाखाजाबापत भुक्तानी गरेको रकम यथार्थपरक भए नभएको यकिन गर्न सकिएन । पालिकाले दिवा खाजामा हुनुपर्ने आवश्यक मात्रा, स्वच्छता र पोषण तत्वका साथै स्थानीयस्तरमा उत्पादन हुने खाद्यान्न प्रयोग गरी दिवाखाजा खुवाएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन पेस गरेको देखिँदैन। पालिकाले अनुगमन गरी कार्यक्रम कार्यान्वयन पुस्तिकाले तोकेबमोजिमको खाजा नखुवाउने विद्यालयलाई जिम्मेवार बनाउनु पर्दछ । साथै पालिकाले कार्यक्रम कार्यान्वयन पुस्तिकामा व्यवस्था भएबमोजिम विद्यालयको प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिको अध्यक्षबाट विद्यार्थीको संख्यात्मक हाजिरी विवरण प्रमाणित गराई स्थानीय तहमा सङ्कलन गरी संख्या यकिन भएपछि मात्र हाजिरी गणना गरी दिवा खाजाबापतको रकम निकासा गर्नुपर्दछ।

## ५१ गैरआवासीय छात्रवृत्ति

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **१,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **१,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

## ५२ संस्थागत विद्यालयको छात्रवृत्ति

नेपालको संविधानको अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ। अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन , २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास शिक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पांचसय जनासम्म, पांचसय देखि आठसय जनासम्म र आठसय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ । शिक्षा नियमावली , २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरिब, अपाङ्ग, महिला, दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ । शैक्षिक सत्र २०८० मा पालिकाभित्र रहेका देहायबमोजिमका ६३ संस्थागत विद्यालयहरुमा अध्ययनरत ३०५०३ विद्यार्थीमध्ये ४४७७ जनालाई छात्रवृत्ति प्रदान गरेको विवरण पालिकाको शिक्षा शाखाबाट प्राप्त भएको छ । यो संख्या संस्थागत विद्यालयको अध्ययनरत विद्यार्थी संख्याको १४.६८ प्रतिशत हो । शिक्षा शाखाबाट प्राप्त विवरण विश्लेषण गर्दा संस्थागत विद्यालयले प्रदान गरेको छात्रवृत्ति आरक्षणको वर्गीकरण अनुसार छात्रवृत्ति प्रदान गरेको देखिदैन। पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वयनको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनको लागि यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिकाको र सम्बन्धित विद्यालयको वेबसाइटबाट सार्वजनीकरण गर्नु गराउनु पर्दछ ।

| क्र. सं. | विद्यालयको नाम | विद्यार्थी संख्या | छात्रवृत्ती प्राप्त विद्यार्थी संख्या | | | | | जम्मा छात्रवृत्ती पाउने संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | गरिब | अपाङ्ग | महिला | दलित | जनजाति | | |
| १ | ल्याण्डमार्क एकेडेमी | ५८५ | १६ | १ | १९ | ३ | १५ | ६९ | ११.७९ |
| २ | बालकुञ्ज विद्यालय | ३०० | २६ | | २३ | ६ | १४ | ४६ | १५. |
| ३ | दिव्यश्री पाठशाला | २०० | ६ | | ५ | | ९ | २० | १०. |
| ४ | सस्कार स्कुल | १५४ | १० | | ४ | २ | १ | १७ | ११.०४ |
| ५ | ग्रिनहिल्स एकेडेमी | ६३० | ३ | | २३ | २ | ३५ | ६३ | १०. |
| ६ | युनाइटेड स्कलर्स एकेडेमी | ४२३ | १३ | १ | १५ | | १४ | ४३ | १०.१६ |
| ७ | स्प्रिङ्ग भ्याली एकाडेमी | ५१५ | १८ | ४ | १४ | ४ | १९ | ५९ | ११.४६ |
| ८ | लाली गुराँस विद्या सदन | १६८ | १६ | | ८ | ३ | ९ | ३६ | १६. |
| ९ | तारकेश्वर विद्याकुञ्ज इ बो स्कुल | १७८ | ८ | | २ | २ | ८ | २० | ११.२३ |
| १० | नर्थ स्टार ई बोर्डिङ स्कुल | १९३ | १३ | | ५ | ४ | २ | २४ | १२.४४ |
| ११ | सेक्रेट हार्ट मा.वि | ७१३ | २१ | | ४७ | १ | १७ | ८७ | १२.२ |
| १२ | श्रृजना ज्ञान सागर स्कुल | ६७९ | ३० | ४ | २७ | ३ | १० | ७४ | १०.९ |
| १३ | आदर्श विद्याकुञ्ज | २५६ | १० | १ | ११ | २ | ५ | २९ | ११.३३ |
| १४ | लाली गरासँ विद्या कुञ्ज | २५४ | १२ | | ५ | ४ | ८ | २९ | ११.४१ |
| १५ | गोलढुङ्गा अर्किड ऐकेडेमी | ३७७ | ३८ | | ७ | २ | ४७ | ९४ | २४.९३ |
| १६ | बालकोपिला प्रि स्कुल | २२० | ७ | | १२ | १ | ८ | ३४ | १५.५४ |
| १७ | टाईम्स एकेडेमी | २६० | २२ | | ९ | १५ | ७ | ५३ | २०.३८ |
| १८ | दिपशिखा मा.वि. | २६७ | १२ | ३ | ८ | १४ | | ३७ | १३.८६ |
| १९ | जेनियल मोर्डन एकेडेमी | ३६१ | २१ | | २० | ८ | ४० | ८९ | २४.६५ |
| २० | वालश्रृजना बो.स्कुल | ३५० | ५ | | ७ | ६ | ६ | ३७ | १०.५७ |
| २१ | सेन्ट जोभिर्यस विद्या मन्दिर | ३०१ | १३ | १ | १५ | ४ | ११ | ४४ | १४.६२ |
| २२ | निर्बाण ई . स्कुल | १४० | १५ | | ५ | ६ | २ | २८ | २०. |
| २३ | एलीगेन्ट पर्ल इङ्लिस स्कुल | ३७७ | २२ | | ३ | ३ | १३ | ४१ | १०.८७ |
| २४ | संस्कृति शिक्ष सदन | ५०० | २१ | | २८ | | ११ | ६० | १२. |
| २५ | सेन्ट जोसेफ बोर्डिङ सेकेन्डरी स्कुल | ५८८ | १७ | | २१ | १७ | १७ | ७२ | १२.३ |
| २६ | वात्सल्य किण्डरवेल्ट | १४३ | १२ | | ६ | ६ | ६ | ३० | २०.९७ |
| २७ | मिलन धर्मस्थली स्कुल | ५५९ | २१ | | ३७ | ७ | ५१ | ८७ | १५.५६ |
| २८ | गिनिज पब्लिक सेकेन्डरी स्कुल | ४८४ | २८ | | २ | ५ | ३५ | ७० | १४.४६ |
| २९ | नर्थ भ्याली मा.वि | ४८९ | ३३ | १० | २ | ८ | | ५३ | १०.८४ |
| | | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३० | सन फ्लावर एकेडेमी | ८४५ | २२ | | ३९ | ३ | २१ | ८५ | १०.०६ |
| ३१ | पद्यचक्र स्कुल | ३९८ | १९ | | ११ | ६ | २० | ५६ | १४.०७ |
| ३२ | तेजस्वी एकेडेमी | ६५० | २२ | २ | १५ | ५ | २७ | ७१ | १३.४५ |
| ३३ | रोजमेरी आइडल बोर्डिङ स्कुल | ८८९ | ४४ | | ३० | १५ | ८९ | १७८ | २०.०२ |
| ३४ | महाँलक्ष्मी इङ्लिस हाई स्कुल | ५९० | १५ | | १९ | ५ | २५ | ६४ | १०.८५ |
| ३५ | काठमाडौं लिंङकन स्कुल | ६०० | ३३ | | ९ | १ | २० | ६३ | १०. |
| ३६ | किन्डरगार्टेन सेकेन्डरी स्कुल | ३५५ | ७ | | १२ | ३ | १४ | ३६ | १०.१४ |
| ३७ | रमाईलो पाठशाला | ६०० | ३४ | ३ | १५ | ५ | २४ | ८१ | १३.५ |
| ३८ | सिद्धार्थ मोडल एकेडेमी | ३९५ | ११ | | १६ | ३ | ११ | ४१ | ११. |
| ३९ | प्रारम्भ वल्ड स्कुल | १०७८ | ४२ | | ४७ | ५ | २६ | १२० | ११.१३ |
| ४० | कौशल ई.बो.स्कुल | १३६६ | १२६ | | | ४ | ३८ | १६८ | १२.३ |
| ४१ | अमादबलम एकेडेमी | ३८७ | २६ | | ९ | १ | १४ | ५० | १२.९ |
| ४२ | मेगा पब्लिक स्कुल | २९६ | ८ | २ | १३ | ४ | १४ | ४१ | १३.८५ |
| ४३ | नेपाल रत्न स्कुल | ४०२ | | | | | | ४०२ | १००. |
| ४४ | प्राईम किड्स एकेडेमी | १७९ | ६ | | ४ | | ८ | १८ | १०.०५ |
| ४५ | ज्ञान भूमि सेकेण्डरी स्कुल | ५०२ | ५५ | | १२ | ४ | २८ | ९९ | १९.७२ |
| ४६ | नर्थ पोल एकेडेमी | ४६९ | १० | | १० | २० | ६ | ४६ | १०. |
| ४७ | माउन्ट लार्को एकेडेमी | ३२२ | १४ | | ५ | ६ | २९ | ५४ | १३. |
| ४८ | हिम रश्मिहाई स्कुल | १०७३ | ७३ | | ६१ | १३ | २२ | १६९ | १५.७५ |
| ४९ | जीवन ज्योति इङ्लिस बोर्डिङ स्कुल | ६३२ | ३८ | ३ | ३४ | १७ | १८ | ११० | १७.४१ |
| ५० | एन्जल्स हार्ट नेशनल स्कुल | ३३५ | २४ | | २ | | ७ | ३३ | १०. |
| ५१ | पिस ल्याण्ड एकेडेमी | २४२ | २० | | १९ | २ | ५ | ४२ | १७. |
| ५२ | शुभकामना इ.बो.स्कुल | ४८७ | १० | १२ | २ | १२ | १४ | ५० | १०.२७ |
| ५३ | न्यु ऐरा एकेडेमी | ५३० | ३१ | १ | २३ | २ | २१ | ७९ | १४.९ |
| ५४ | एन्जल्सहार्ट मा.वि | १००३ | ९१ | | | ६७ | ७७ | १६८ | १७. |
| ५५ | लालिगुराँस नेशनल एकेडेमी | १७८२ | | | | | | २४५ | १३.७५ |
| ५६ | नर्थ प्वाइन्ट एकेडेमी | ३९७ | १६ | १५ | | ८ | १९ | ५२ | १३.०९ |
| ५७ | न्यु सिरस एकेडेमी | २८४ | २१ | | १२ | १ | ९ | ४३ | १५. |
| ५८ | स्वर्णदिप ई.स्कुल | ३३३ | ३५ | १ | ६ | ७ | २१ | ७० | २१. |
| ५९ | गुरुकुल पब्लिक मा.वि. | ३०५ | ५३ | | १३ | १२ | ८ | ८६ | २८.२ |
| ६० | प्रोमिनेन्ट किड्स स्कुल | ६०१ | २५ | | २५ | ४ | ९ | ६३ | १०.४८ |
| | | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६१ | युरेकाहाई स्कुल | ३९० | १६ | १ | १७ | | ९ | ४३ | ११. |
| ६२ | काठमाण्डौ शिक्षालय सेकेण्डरी स्कुल | ५२० | २० | | १८ | ५ | १५ | ५८ | ११.१५ |
| ६३ | एभरेष्ट किड्स ई.स्कुल | ३३० | १५ | १ | १६ | ५ | ११ | ४८ | १४.५५ |
| जम्मा | | ३०२३१ | १४७१ | ६६ | ९०४ | ३८३ | १०९९ | ४४७७ | १४.६८ |

५३ **पाठ्यपुस्तक**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को दफा २.८.३ को क्रियाकलाप नं.२.४.६.१ मा सार्वजनिक विद्यालयका लागि नि:शुल्क पाठ्यपुस्तक अनुदानसम्बन्धी व्यवस्था छ । जसमा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तहअन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा कक्षा १-१२ सम्मका विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्ययपुस्तकको सङ्ख्या यकिन गर्ने, यकिन भएका विद्यार्थी सङ्ख्याका लागि स्वीकृत दररेटका आधारमा हिसाब गरी अनुदान उपलब्ध गराउने व्यवस्था रहेको छ। यस पालिकाबाट पहिलो किस्ता ७० प्रतिशत रकम रु.४३३७४८१।०० र बाँकी नपुग रकम रु.२००७७४०।०० गरी २४ विद्यालयहरुलाई रु. ६३४५२२१।०० भुक्तानी गरेको देखिन्छ । पालिकाको शिक्षा शाखाबाट सामुदायिक विद्यालयमा कक्षा १-१२ सम्ममा अध्ययनरत विद्यार्थीहरूको तथ्याङ्क IEMIS मा प्रविष्ट तथ्याङ्कसँग भिडान गरी सत्यापन गराईको पाइएन। साथै शिक्षा अधिकृतबाट आवश्यक कक्षागत र विषयगत पाठ्ययपुस्तकको सङ्ख्या यकिन गर्ने गरिएको पाइएन, विद्यालयले पेस गरेको पुस्तकको बिल बीजक रकमको आधारमा ७०% मा नपुग रकम थप गरी भुक्तानीको लागि सिफारिस गरेको देखियो । साथै पाठ्पुस्तक खरिद गरिएको बीजकमा उल्लेखित पाठ्यपुस्तकको संख्या र विद्यार्थीलाई पाठ्यपुस्तक वितरण गरेको भर्पाईमा भएको संख्याबीच मिले नमिलेको सम्बन्धमा चेकजाँच तथा भिडान गरिएको पनि देखिएन । पालिकाले पाठ्यपुस्तकबापत विद्यालयलाई भुक्तानी गरेको रकम सम्बन्धमा आश्वस्त हुन सकिएन । पालिकाले कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भएबमोजिम विद्यार्थी संख्या सत्यापन गराइ पाठ्यपुस्तक यकिन गरी भुक्तानीको लागि सिफारिस गर्नुपर्दछ । र पाठ्यपुस्तक खरिद गरिएको बीजकमा उल्लेखित पाठ्यपुस्तकको संख्या र वितरण भर्पाईबीच पनि तादात्म्यता भए नभएको सम्बन्धमा चेकजाँच र भिडान गर्नुपर्नुपर्दछ। पालिकाको शिक्षा शाखाबाट विद्यालयको सम्पूर्ण विद्यार्थीहरुले पाठ्यपुस्तक प्राप्त गरेको सुनिश्चित भएको प्रतिवेदन पेस गर्नुपर्दछ ।

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | विद्यार्थी संख्या | जम्मा निकासा | निकासा ७०% | थप निकासा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | कालिदेवी मावि | काभ्रेस्थली ९ थुम्की | ९८४ | ६८५३१४ | ४४४९२० | २४०३९५ | **विद्यार्थी संख्या बढेको** |
| २ | ग्राम सेवा मा वि | धर्मस्थली ६ खेलाचौर | ६१७ | ३८९१९२ | २७२४३५ | ११६७५८ | |
| ३ | जीतपुर मा वि | जितपुरफेदी ३ | ३४६ | २२१३०९ | १५४९१६ | ६६३९३ | |
| ४ | नागर्जुन ठुलागाउ | जीतपुरफेदी ७ ठूलागाउं | २५६ | १७२६०६ | १२११८९ | ५१४१७ | |
| ५ | नेपाल राष्टिय मा वि | मनमैजु ११ | १३९१ | ६५८५४० | ४६०९७८ | १९७५६२ | |
| ६ | पृथ्वी नारायण मा वि | गोलढुंगा ५ | १०६५ | ६७७६९१ | ४७४३८४ | २०३३०७ | |
| ७ | फुटुङ मा वि | फुटुङ ७ फुटुङचौर | ६९२ | ३७३७४७ | २९३१९७ | ८०५५० | |
| ८ | मानसिंह धर्म मा वि | मनमैजु ५ मिजनखेल | १२८९ | ८००१९४ | ५९०३७६ | २०९८१९ | |
| ९ | साङ्ला वालकुमारी मावि | साङ्ला १ चुनी | ३५३ | २४५४८२ | १६०३८० | ८५१०२ | |
| १० | काभ्रेस्थली मावि | काभ्रेस्थली४ | ५२९ | ३२४६९२ | २४३६०६ | ८१०८६ | |
| ११ | कालिकाशरण मावि | जीतपुरफेदी ३ तिनपिप्ले | ३०७ | २६१२९१ | १५०४६७ | ११०८२५ | **विद्यार्थी संख्या बढेको** |
| १२ | नागर्जुन मावि | गोलढुंगा ६ | ३७० | २५०५२२ | १७८८३५ | ७१६८७ | |
| १३ | पुरानो गुह्येश्वरी मा विगोलढुंगा ४फुलवारी | गोलढुंगा ४ फुलवारी | ४०८ | २७६१२२ | १९३२८६ | ८२८३७ | |
| १४ | मनमैजु मावि | मनमैजु ९ चौउर | ६४५ | ५८१२०० | ३१७७१३ | २६३४८८ | **विद्यार्थी संख्या बढेको** |
| १५ | कुिञ्चपाकल मावि | साङ्ला १ कुञ्चिप्वाकल | १९९ | १४०२४२ | ९७९८४ | ४२२५९ | |
| १६ | कालिका कोठरी आ वि | साङ्ला १ | २३ | १२९०२ | ९०३२ | ३८७१ | |
| १७ | खड्कवालकोट आ वि | जीतपुरफेदी १ फेदीगाउं | ३६ | २०५७९ | १४५९० | ५९८९ | |
| १८ | ज्ञानोदय आ वि | काभ्रेस्थली २ | ६५ | ४२२१५ | २६०२७ | १६१८८ | **विद्यार्थी संख्या बढेको** |
| १९ | धर्मविद्याश्रम आवि | धर्मस्थली ६ महांकाल | ८९ | ५८१४५ | ३५५७० | २२५७६ | |
| २० | महादेवस्थान आ वि | जीतपुरफेदी ३ डांडागाउं | २८ | १८५५५ | ११११४६ | ७४१० | |
| २१ | सरस्वती आ वि | जीतपुरफेदी ९ चोगाउं | ४९ | २७८०४ | १९४६३ | ८३४१ | |
| २२ | तारकेश्वर मनमैजु सामुदायिक विद्यालय | ता.न.पा. ८ | १७ | ८८५३ | | ८८५३ | **नयाँ विद्यालय** |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २३ | विराट सनातन धर्म संस्कृत | ता.न.पा. २ | ३५ | २७९२४ | १७९२४ | १०००० | |
| २४ | मनमैजु महिला विद्यालय | ता.न.पा. १० | ११९ | ७००९३ | ४९०६५ | २१०२८ | |
| **जम्मा** | | | ९९१२ | ६३४५२२१ | ४३३७४८१ | २००७७४० | |

५३.१
पालिकाबाट मनमैजु मा. वि.लाई पाठ्यपुस्तकबापत पहिलो किस्ता (७० प्रतिशत) को रकम रु.३१७७१२।०० निकासा भएको देखिन्छ भने दोस्रो किस्ता नपुग भनी रु.२६३४८८।०० गरी जम्मा रु.५८१२००।००रकम भुक्तानी भएको देखिन्छ । मनमैजु मा. वि. ले मिति २०८१।१२।२१ मा पेस गरेको पत्रानुसार कक्षा १ मा १४ सेट( रु.७२९१।०० बराबरको रकम), कक्षा २ मा ८ सेट( रु.४४५४।०० बराबरको रकम) ,कक्षा ६ मा ७ सेट ( रु.४९५१।०० बराबरको रकम) , कक्षा ७ मा ७ सेट ( रु.५२३६।०० बराबरको रकम) र कक्षा १२ मा ८ सेट ( रु.४६५६।०० बराबरको रकम) गरी विद्यालयमा रु.२६५८८।०० को पुस्तक भण्डारणमा रहेको देखिन्छ । आगामी वर्षमा पालिकाबाट पाठ्यपुस्तकबापत रकम भुक्तानी गर्दा विद्यालयमा भण्डारमा रहेको पाठ्यपुस्तक बराबरको रकम घटाई भुक्तानी गरेको प्रमाण पेस गर्नुपर्ने रु........

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २६,५८८ |

५३.२ ग्रामसेवा मा वि लाई पहिलो किस्ताबापत रु.२७२४३४।०० र नपुग रकम रु.११६७५८।०० गरी जम्मा रकम रु.३८९१९२।०० निकासा गरेको देखिन्छ भने विद्यालयले विद्यार्थीलाई पाठ्यपुस्तक खरिद गर्न लगाई नगदै भुक्तानी गरेको देखिन्छ। यसबाट कार्यक्रम कार्यान्वयन पुस्तिकाले निर्देशन गरेबमोजिम रीत पुर्‍याएर कार्य भएको देखिँदैन । विद्यालयबाट पाठ्यपुस्तक खरिद र वितरण सम्बन्धमा नियमको पालना गर्नुपर्दछ ।

## ५४ प्रश्नपत्र छपाई :-

(४६४-२०८०-१०-१५):

शिक्षा ऐन, २०२८ तथा शिक्षा नियमावली, २०५९मा सामुदायिक विद्यालयको पाठ्य सामग्री लेखन तथा वार्षिक परीक्षाको गुणस्तर ,मितव्ययिता र गोपनीयता कायम गरी परीक्षा सञ्चालन गर्नु पर्नेमा गैर सरकारी संस्थालाई जिम्मा दिन मिल्ने आधार देखिँदैन । पालिकाले यो वर्ष गैर सरकारी संस्था तारकेश्वर सामुदायिक विद्यालय समिति [दर्ता नं ४/२०७७।७८ स्थायी लेखा नंबर ६१०३४८१३०] सँग सम्झौता गरी कक्षा नर्सरी देखि कक्षा १२ सम्मको प्रश्नपत्र छपाई कार्य गराई रु ३६३२२०।०० भुक्तानी दिएको पाईयो । पालिकाको शिक्षा शाखाको समन्वयमा पालिकाभित्रको औपचारिक संगठनबाट नै सम्बन्धित विषय विज्ञहरुको समिति निर्माण गरी प्रचलित कानुन तथा मापदण्डमा भएको व्यवस्था अनुसारको सुविधा तथा स्रोत उपलब्ध गराई मितव्ययी तथा गुणस्तरीय रुपमा वार्षिक शैक्षिक कृयाकलाप सञ्चालन गरिनुपर्दछ।

## ५५ प्रतिविद्यार्थी लागत र शैक्षिक गुणस्तर

क) **प्रतिव्यक्ति लागत** - पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०।८१ को प्रति विद्यार्थी लागत देहायअनुसार रहेको छ ।

| बजेटको स्रोत | बजेट रकम | खर्च रकम | विद्यार्थी संख्या | प्रति विद्यार्थी लागत |
|---|---|---|---|---|
| संघीय सरकार-ससर्त | २५८५५३५८७ | २५१९६३१९७ | १३०२२ | २२६६२।८७ |
| प्रदेश सरकार | ३६१६००० | ३२७४५४८ | | |
| स्थानीय सरकार | ९१४५०००० | ३९९०५२११ | | |
| जम्मा | ३५३६१९५०० | २९५१४२९५६ | १३०२२ | २२६६२।८७ |

उपरोक्त विवरण अनुसार पालिकाको सामुदायिक विद्यालयको प्रति विद्यार्थी लागत रु. १३०२२।०० रहेको छ ।

ख) **शैक्षिक गुणस्तर** - यस पालिका अन्तर्गत रहेका विद्यालयहरुको २०८० सालको एस. ई. ई. परीक्षामा देहायको विद्यार्थीको सहभागी भएकोमा नतिजाका आधारमा सामुदायिक र संस्थागत विद्यालयको तुलना देहायबमोजिम रहेको छ ।

| क्र.सं. | **एस. ई. ई. परीक्षामा सम्मिलित जम्मा विद्यार्थी संख्या** | | **उत्तीर्ण विद्यार्थी सङ्ख्या** | | **उत्तीर्ण प्रतिशत** | | **जी.पी.ए. को अवस्था** | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | संस्थागत | सामुदायिक | संस्थागत | सामुदायिक | संस्थागत | सामुदायिक | जी.पी.ए. | संस्थागत | सामुदायिक |
| १ | ८३८ | ७२१ | ७६२ | ५२९ | ९०.६९ | ७३.३७ | ३.६१-४.००(A+) | ३४१ | ६३ |
| | | | | | | | ३.२१-३.६०(A) | ६ | १ |

माथिको तालिकाबाट शैक्षिक गुणस्तरतर्फ हेर्दा एस.ई.ई. परीक्षामा संस्थागत विद्यालयतर्फ ८३८ जना सहभागी भएकोमा ७६२ जनामात्र (९०.६९ प्रतिशत) उतीर्ण भएको देखिन्छ । उत्तीर्ण विद्यार्थीमध्ये ३.६१-४.००(A+) जी.पी.ए. ल्याएर उतीर्ण हुने ३४१ जना छन भने ३.२१-३.६०(A) जी.पी.ए. ल्याएर उतीर्ण हुने ६ जना छन। त्यस्तै सामुदायिक विद्यालयतर्फ ७२१ जना एस.ई.ई. परीक्षामा सहभागी भएकोमा ५२९ जनामात्र (७३.३७ प्रतिशत) उतीर्ण भएको देखिन्छ । सोमध्ये ३.६१-४.००(A+) जी.पी.ए. ल्याएर उतीर्ण हुने ६३ जना छन भने ३.२१-३.६०(A) जी.पी.ए. ल्याएर उतीर्ण हुने १ जना मात्र छन । यसरी सामुदायिक विद्यालयमा सरकारको लगानी भईरहँदा पनि संस्थागत विद्यालयको तुलनामा शैक्षिक गुणस्तर कमजोर देखिन्छ । पालिकाले विद्यालयहरुमा आवश्यक अनुगमन गरी शैक्षिक गुणस्तरसम्बन्धमा यथार्थ अवस्था पत्ता लगाई सम्बन्धित सरोकारवाला पक्षहरुसँग आवश्यक समन्वय, सहकार्य, अन्तरक्रिया गरी शैक्षिक गुणस्तर सुधार गर्न ध्यान दिनुपर्दछ।

५६ **शिक्षामा सह लगानी परियोजना intent Education Project in Nepal :-**

दातृ निकाय [ Woord en Daad नेदरल्याण्ड]को अनुदान सहयोगमा रातो बंगला प्रतिष्ठान, नेपाल र पालिकाको सह लगानीमा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार [ अन्तर्गत विशेष गरेर प्रारम्भिक बालविकास तहको लागि ] गर्न रातो बंगला प्रतिष्ठान, तारकेश्वर नगरपालिकाबीच मिति २०८०।४।१८मा द्विपक्षीय सम्झौता भई शिक्षक क्षमता विकास तालिम ,शैक्षिक सामग्री वितरण, खेल सामग्री वितरण तथा शिक्षण सिकाई र अतिरिक्त कृयाकलाप जस्ता कार्यको लागि intent Education Project in Nepal परियोजना कार्यक्रमको लागि पालिकाले रु१५०००००।०० विनियोजन गरेकोमा रु.१३७५०००।०० उपलब्ध गराउने सम्झौताको सर्त नं ११ तथा प्रतिवद्धता अनुसार रु.१३७५०००।०० र सो बाहेक उक्त परियोजना कार्यान्वयनमा थप रु.६५९२४०।०० समेत निम्नानुसार रु.२०३४२४०।०० खर्च भएको छ ।

| सि नं | कृयाकलाप | भुक्तानी पाउने | खर्च रु |
|---|---|---|---|
| १ | सामुदायिक विद्यालय शैक्षिक गुणस्तर सुधार शैक्षिक सामग्री | रातो बंगला प्रतिष्ठान | १३७५००० |
| २ | अनुगमन कर्मचारी | सहायक पाँचौ प्रविण खत्री | ४६१४९० |
| ३ | शिक्षक तालिम शिक्षक कविता घिमिरे र रमिता प्रजापती | रातो बंगला प्रतिष्ठान | १९७७५० |
| | जम्मा | | २०३४२४० |

यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्न छन् :

५६.१ **बजेट भन्दा बढी खर्च :-**आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था रहेको छ। intent Education Project in Nepal कार्यान्वयनको लागि पालिकाले रु १५०००००।०० विनियोजन गरेकोमा रु.२०३४२४०।०० खर्च गरेको देखिएकोले बढी खर्च गरेको रकम रु.५३४२४०।०० नियम संगत नदेखिएको रु...

| | |
|---|---|
| अनियमित भएको | ५,३४,२४० |

५६.२ **न्यूनतम सेवा र सेवा छाडेमा लिईने क्षतिपूर्ति :-** उल्लिखित तालिममा सहभागी स्थायी शिक्षकद्वय कविता घिमिरे र रमिता प्रजापतीलाई Primary Teacher Training Programme अन्तरगत २०२३ को मे देखि २०२४को अप्रिल सम्म १ वर्ष तालिममा तालिममा संलग्न

गराई सहभागिता बापत रु.१९७७५०।००को भुक्तानी गरेको पाईयो । तालिम समाप्त पछि निजहरुले गर्नु पर्ने न्यूनतम सेवा र सेवा छाडेमा लिईने क्षतिपूर्ति सम्बन्धमा पालिकाले सम्झौता तथा कबुलियतनामा गराएको देखिएन । तसर्थ निजहरुलाई कबुलियत गराई गर्नु पर्ने न्यूनतम सेवा र सेवा छाडेमा लिईने क्षतिपूर्ति सम्बन्धी व्यवस्था हुनु पर्दछ ।

५६.३ **हिसाब नदेखाएको :-** दातृ निकायको तर्फबाट रु ६८८८४१६।५० र पालिकाबाट सम्झौता अनुसार परियोजना कार्यान्वयनको लागि प्रतिष्ठानलाई पठाएको रु १३७५०० समेत ८२६३४१६।५० खर्च गर्ने गरी परियोजना तय भएकोमा पालिकाबाट intent Education Project in Nepal कार्यान्वयनको लागि पठाएको रु १३७५०००।०० intent Education Project in Nepal को हिसाबमा समावेश गरी शैक्षिक कृयाकलापमा खर्च गर्नु पर्नेमा प्रतिष्ठानले उक्त रकम परियोजनाको हिसाबमा[ लेखापरीक्षण प्रतिवेदन तथा वित्तीय प्रतिवेदनको आय व्यय ] समावेश गरेको देखिएन । उक्त परियोजनामा दाताको रु६८८८४१६।५० र प्रतिष्ठानको रु ४११७५।५० गरी ६९२९५९२।५०मात्र खर्च भएकोले पालिकाले पालिकाबाट पठाएको रु १३७५०००।०० प्रतिष्ठानबाट फिर्ता लिई स्थानीय सञ्चित कोषमा दाखिला भएको प्रमाण पेस हुनु पर्ने रु...

| | |
|---|---|
| असुल गर्नुपर्ने | १३,७५,००० |

## ५७ स्यानीटरी प्याड डिस्पोजल मेशिन

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ मा सार्वजनिक निकायले खरिद कारबाहीको तयारी गर्दा खरिद आवश्यकताको पहिचान गर्नुपर्ने कुरा उल्लेख छ । पालिकाले स्यानिटरी प्याड डिस्पोजल गर्न भनी रु.५३३९०४।०० मा ड्राइभ इलोक्ट्रनिक्स प्रा. लि. बाट सोझै खरिद गरेको देखिन्छ । स्यानिटरी प्याडको डिस्पोजल मेशिनसम्बन्धमा कुनै पनि विद्यालयबाट तथा शिक्षा शाखाबाट माग नभएको तर खरिद गरिएको र लेखापरीक्षण अवधिसम्म पनि प्रयोगविहिन अवस्थामा रहेको पाइयो । खरिद गरिएको मेशिन स्पेशिफिकेसन अनुसार रहे नरहेको सम्बन्धमा प्राविधिक प्रतिवेदन पेस भएको देखिँदैन । पालिकाले सामान खरिद गर्दा माग र आवश्यकताका आधारमा खरिद गर्नुपर्दछ । पालिकाले प्रयोग नै नआउने मेशिन खरिद गरी खर्च गर्नु नियमसम्मत समेत नदेखिएको रु...

| | |
|---|---|
| अनियमित भएको | ५,३३,९०४ |

## ५८ विज्ञान प्रयोगशाला र आई सी टी ल्याब

पालिकाको नगर शिक्षा समितिको मिति २०८१।०३।०२ गते निर्णय अनुसार देहायका विद्यालयहरुमा विज्ञान प्रयोगशाला र ICT Lab व्यवस्थापन गर्न सम्झौता गरेको देखिन्छ। पालिकाले विद्यालयलाई बील भर्पाईविना अग्रिम भुक्तानी दिई खर्च लेखेको देखिन्छ। त्यस्तैगरी पालिकाले आर्थिक वर्षको अन्तिम समयमा असार महिनामा आएर शिक्षा समितिबाट निर्णय गरी विद्यालयलाई रकम निकासा दिएको देखिन्छ । लेखापरीक्षणको अवधिसम्म नागार्जुन मा. वि. ले विज्ञान प्रयोगशालाबापतको रकम सम्बन्धित शीर्षकमा खर्च गरेको देखिँदैन र सो रकम बैङ्कमा नै रोक्का रहेको देखिन्छ। जसअनुसार सबै विद्यालयको नेपाल बैङ्क लिमिटेडमा रहेको खातामा निकासा गरी बैङ्कलाई २०८१।०३।१३ गते रकम रोक्का राख्न पत्र लेखेको देखिन्छ। पालिका र विद्यालयबीचको सम्झौतामा सामान खरिद गरी कहिलेसम्म पालिकामा बील भर्पाई बुझाउनुपर्ने केही उल्लेख छैन । निकासा गरिएको रकमको विद्यालयबाट सामान खरिद नगर्दा हुने नगदको जोखिमसम्बन्धमा ध्यान दिएको देखिँदैन । यससम्बन्धमा पालिकाको शिक्षा शाखाबाट अनुगमन गरी प्रतिवेदन पेस गरेको देखिँदैन। नागार्जुन मा. वि. ले विज्ञान प्रयोगशालासम्बन्धी सामान खरिद नगरेको र सो रकम बैङ्कमा रोक्का राखेकोले पालिकाले अनुगमन गरी विद्यालयलाई विज्ञान प्रयोगशालासम्बन्धमा आवश्यक भए सामान खरिद गर्न लगाई बैङ्क रकम रोक्का फुकुवा गर्नुपर्ने अन्यथा सो रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रकम रु.....

| क्र.सं. | विद्यालयको नाम | विज्ञान प्रयोगशाला | ICT Lab | जम्मा निकासा | कैफियत |
|---|---|---|---|---|---|
| | | निकासा रकम | निकासा रकम | | |
| १ | कालीदेवी मा.वि. | ६५००००।- | | ६५०००० ।- | |
| २ | कालिकाशरण मा.वि. | | ६५०००० ।- | ६५०००० ।- | |
| ३ | पुरानोगुह्श्वरी मा.वि. | | ६५०००० ।- | ६५०००० ।- | |
| ४ | सांग्ला वालकुमारी मा.वि | | ६५०००० ।- | ६५०००० ।- | |
| ५ | नागार्जुन मा.वि. | ६५०००० ।- | | ६५०००० ।- | सामान खरिद नगरिएको र बैङ्कमा रकम रोक्का रहेको |
| जम्मा | | १३०००००।- | १८५०००० ।- | ३१५०००० ।- | |

पालिकाको शिक्षा शाखाबाट विद्यालयहरुमा विज्ञान प्रयोगशाला र ICT Lab सञ्चालन भएको सम्बन्धमा अनुगमन गरेको देखिँदैन। पालिकाको शिक्षा शाखाबाट विद्यालयहरुमा विज्ञान प्रयोगशाला र ICT Lab सञ्चालन भएको सम्बन्धमा अनुगमन गरी प्रभावकारी रुपमा सञ्चालन भएको सुनिश्चित भएको प्रतिवेदन पेस गर्नुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,५०,००० |

## ५९ स्यानिटरी प्याड

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका ४५७३ जना छात्रा विद्यार्थीहरु रहेको देखिन्छन। पालिकाले संघीय ससर्त अनुदानबाट २८६००।०० प्याकेट स्यानिटरी प्याड रु.७८६२९६।०० (मू. अ. करसमेत) मा खरिद गरेको विवरण प्राप्त भएको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरी मौज्दातमा राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन। पालिकाको शिक्षा शाखाबाट विद्यालयमा स्यानिटरी प्याडको अवस्था अनुगमन गर्ने गरेको देखिँदैन। पालिकाले स्यानिटरी प्याडको प्रयोगको अवस्था, भण्डारणको अवस्था समग्र विषयवस्तुको अनुगमन गरी यसको प्रभावकारी प्रयोगमा ध्यान दिनुपर्ने देखिन्छ।

| गत आ व को मौज्दात अवस्था | यस वर्ष माग गरिएको संख्या | खरिद संख्या | वितरण संख्या | मौज्दात संख्या | मौज्दात मूल्य भ्याट सहित |
|---|---|---|---|---|---|
| ० | २८६०० | २८६०० | २८४५४ | १४६ | ४०१३।९६ |

## ६० **सामुदायिक विद्यालय रङ्गरोगन मर्मत तथा ई हाजिरी** (२०२-२०८०-९-२५):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।पालिकाले मिति २०८०।०९।२५ गोश्वारा भौचर नं.२०२ बाट सामुदायिक विद्यालय रंगरोगन सरसफाई तथा मर्मत संभार र ई-हाजिरी व्यवस्थापन शीर्षकबाट विद्यालयहरुलाई रु.१८,१०,०००।०० रकम पालिकाको आन्तरिक श्रोतबाट निकासा दिएकोमा सो खर्चसँग सम्बन्धित विद्यालय व्यवस्थापन समितिले गरेको निर्णय, लागत अनुमान, बिल बीजक तथा कार्यसम्पन्न प्रतिवेदन प्रमाण पेस गर्नुपर्ने रकम रु...

| क्र.स. | विद्यालयको नाम | निकासा रकम |
|---|---|---|
| १ | कालिदेवी मा.वि. | २५००००। |
| २ | ग्रामसेवा मा.वि. | १५००००। |
| ३ | जितपुर मा.वि. | २५००००। |
| ४ | नागार्जुन ठूलागाउं मा.वि. | ३००००। |
| ५ | नेपाल राष्ट्रिय मा.. | १२००००। |
| ६ | फुटुङ मा.वि. | ८००००। |
| ७ | मानसिंहधर्म मा.वि. | २०००००। |
| ८ | साङ्लाबालकुमारी मा.वि. | १५००००। |
| ९ | कालिकाशरण मा.वि. | १०००००। |
| १० | नागार्जुन मा.वि. | १०००००। |
| ११ | पुरानो गुहेश्वरी मा.वि. | १०००००। |
| १२ | मनमैजु मा.वि. | १५००००। |
| १३ | खड्वालकोट आ.वि. | २००००। |
| १४ | ज्ञानोदय आ.वि. | २००००। |
| १५ | धर्मविद्यश्रम आ.वि. | २००००। |
| १६ | महादेवस्थान आ.वि. | २००००। |
| १७ | सरस्वती आ.वि. | ३००००। |
| १८ | विराट सनातन धर्म संस्कृत | २००००। |
| | जम्मा | १८,१०,०००। |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १८,१०,००० |

६१ **व्यावहारिक अभ्यास(OJT)बापत विद्यार्थी निर्वाह खर्च**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका आर्थिक वर्ष २०८०।८१ को क्रियाकलाप नं २.७.१३.५० मा विद्यालयबाट भरिएको IEMIS प्रतिवेदनमा उल्लेखित विद्यार्थी संख्याको आधारमा लागत अनुदान (कक्षा ११-१२) शिक्षण सिकाइ सामग्री तथा Lab Assistant, Equipment and Practical material, OJT, Operation cost व्यवस्थापनका लागि प्रति विद्यार्थी लागत अनुदान कक्षा ९-१२ (Digital Materials) समेत प्राविधिक धारअन्तर्गत अध्ययनरत विद्यार्थीले तोकिएको कक्षामा व्यावहारिक अभ्यास गर्न व्यावहारिक अभ्यास कार्यान्वयन निर्देशिका, २०७३, प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षामा गरिएको दुबै ढाँचा अर्थात् कक्षा १० पछि ३ महिना, कक्षा ११ पछि ३ महिना, कक्षा १२ पछि ६ महिनाको व्यावहारिक अभ्यास वा कक्षा १२ पछि १२ महिनाको व्यावहारिक अभ्यास गराउने तथा विद्यार्थी निर्वाह खर्च व्यावहारिक अभ्यास (OJT) मा सहभागी हुने विद्यार्थीका लागि प्रति महिना १ हजारका दरले रकम सम्बन्धित विद्यार्थीको बैँक खातामा उपलब्ध गराउने व्यवस्था रहेको छ । पालिकाले प्राविधिक धारतर्फ देहायका विद्यालयलाई देहायको रकम भुक्तानी गरेको देखिन्छ ।

| विद्यालयको नाम | प्राविधिक धारतर्फका कक्षा र विद्यार्थी संख्या | | | | OJT गएको विद्यार्थी संख्या | | | | निकासा रकम | OJT मा गएको अवधि | विद्यार्थीलाई भुक्तानी भएको रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कक्षा ९ | कक्षा १० | कक्षा ११ | कक्षा १२ | कक्षा ९ | कक्षा १० | कक्षा ११ | कक्षा १२ | | | | |
| कालीदेवी मा.वि. | ५४ | ४१ | २० | १२ | | ४१ | १८ | १२ | १९०५००० | कक्षा १० -मिति २०८०।१२।२६ देखि २०८१।०३।३१ सम्म (३ महिना) कक्षा११- मिति २०८१।०८।०२ देखि २०८१।११।०२ (३ महिना) कक्षा १२- मिति २०८१।०२।०३ देखि २०८१।०७।०३ (६ महिना) | २४९००० | विद्यार्थीलाई नगदै भुक्तानी भएको |
| जितपुर मा.वि. | ३६ | २१ | ११ | १९ | | १९ | ११ | १७ | १३०५००० | कक्षा १० -मिति २०८१।०१।०५ देखि २०८१।०४।०५ सम्म (३ महिना) कक्षा११- मिति २०८१।०२।१५ देखि २०८१।०४।१५ (३ महिना) कक्षा १२- मिति २०८१।०२।०१ देखि २०८१।०७। | १६५५०० | विद्यार्थीहरुलाई नगदै भुक्तानी भएको |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | ३० (६ महिना) | | |
| OJT मा जानुपर्ने अवधि | | | | | | ३ महिना | ३महिना | ६ महिना | | | | |
| प्रतिविद्यार्थी OJT बापत दिइने रकम | | | | | | १००० | १००० | १००० | | | | |
| कालीदेवी मा वि बाट विद्यार्थीलाई भुक्तानी हुनुपर्ने रकम रु. | | | | | | १२३००० | ५४००० | ७२००० | | | | |
| जितपुर मा वि बाट विद्यार्थीलाई भुक्तानी हुनुपर्ने रकम रु. | | | | | | ५७००० | ३३००० | १०२००० | | | | |

पालिकाबाट प्राप्त विवरण अनुसार विद्यार्थी निर्वाह खर्चबापत कालीदेवी मा वि बाट रु.२४९०००।०० र जितपुर मा वि बाट रु.१६५५००।०० रकम नगदै भुक्तानी भएको देखिन्छ ।खर्चको पारदर्शिताका लागि विद्यालयहरुले विद्यार्थी निर्वाह खर्चबापतको रकम कार्यक्रम कार्यान्वियन पुस्तिकामा व्यवस्था भएबमोजिम बैङ्कमार्फत भुक्तानी दिनुपर्दछ ।

६२ **प्रमाण पेस गर्नुपर्ने**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा कुनै रकमको भुक्तानी गर्दा आवश्यक बिल भरपाई संलग्न गरी रीत पुगे वा नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न भौचर नं. र मितिबाट आफ्नो अधिकार क्षेत्रभित्रका विद्यालय तथा शैक्षिक संस्थालाई विभिन्न शीर्षकमा निकासा पठाएकोमा तोकिएको कार्यमा खर्च भएको सम्बन्धमा आवश्यक कागजात संलग्न नगरी विद्यालयको खातामा रकम जम्मा गरेको आधारमा खर्च लेखेकोले सो सँग सम्बन्धित आवश्यक कागजात तथा बिल भरपाईको प्रमाण पेस गर्नुपर्ने रु..

| सि.नं. | विद्यालयको नाम | आधारभूत शिक्षा परीक्षा सञ्चालन तथा व्यवस्थापन |
|---|---|---|
| १ | काभ्रेस्थली मा.वि. | ५५६००। |
| २ | मनमैजु मा.वि. | ४७२००। |
| ३ | ग्राम सेवा मा.वि. | ६१२०००। |
| ४ | पृथ्वीनारायण मा.वि. | ५८४००। |
| ५ | फुटुङ मा.वि. | ५५६००। |
| ६ | मानसिंह धर्म मा.वि. | ६६८००। |
| | जम्मा | ८९५६००। |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,९५,६०० |

६३ **नमुना विद्यालय**

नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय शिक्षा मानव श्रोत विकास केन्द्र, सानोठिमी भक्तपुरको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं.२.७.१३.१३ विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान शीर्षकको उपक्रियाकलाप ९.८ मा नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयनसम्बन्धी व्यवस्था छ । जसमा विद्यालयलाई स्वीकृत गुरुयोजनाका आधारमा निर्माण गरिएको वार्षिक कार्यान्वयन योजनाअनुसार तत्कालीन रुपमा शैक्षिक सुधार हुने क्रियाकलाप निर्धारण गरी शैक्षिक पूर्वाधारहरु,छात्रावास व्यवस्थापन, शैक्षिक सुशासनका न्यूनतम सर्त पूरा गर्ने लगायतका कार्यक्रम गर्न भौतिक पूर्वाधार विकासका लागि विनियोजित बजेटको कार्य प्रगतिसहित आवश्यक बजेटसहितको प्रस्ताव विद्यालयबाट पेस गर्न लगाउने कुरा उल्लेख छ ।साथै यस आ. व. मा सम्पादन गर्ने कार्यक्रम निर्धारण गरी स्थानीय तह र विद्यालयबीच सम्झौता गरी शैक्षिक सत्र २०८० को शैक्षिक तथ्याङ्कमा विद्यालयमा १००१ देखि २५०० सम्म विद्यार्थी भए प्रति विद्यालयय ४५ लाख अनुदान उपलब्ध गराउने र उक्त रकम

विद्यालयको गुरुयोजनाअनुसार खर्च गर्नुपर्ने उल्लेख छ ।

नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयन अनुदानका लागि कालिका मा. वि. ले विद्यालय सुधार योजना २०८० र नमुना विद्यालय विकास एवम् सञ्चालन निर्देशिका २०७४ अनुसार पेस गरिएको प्रस्ताव र गरेको खर्च देहायअनुसार रहेको देखिन्छ

| क्र.स | प्रस्तावित कार्यक्रम | स्वीकृत कार्यक्रम | प्रस्तावित बजेट | खर्च विवरण | एकमुष्ट खर्च | नमूना अनुदानबाट खर्च | आन्तरिक श्रोतबाट खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | कक्षाकोठा व्यवस्थापन एवम् सजावट (स्व सिकाई वातावरण विकास ) | २० प्रदर्शन पार्टी खरिद | ७५००० | ४९९२० | ७७४२० | ७५००० | २४२० | कक्षाकोठामा डेक्स बेन्च मर्मत एवम अक्षर लेखन |
| | | | | २७५०० | | | | कक्षाकोठामा अक्षरलेखन कार्य |
| २ | विषयगत शैक्षिक र सिकाइ पाठयसामग्रीको व्यवस्था ( संकलन , खरिद र निर्माण ) | विषयगत शैक्षिक सामग्री , ग्राफ बोर्ड (६) चार्ट पेपर , नेपालको नया नक्सा , अल्फाबेट चार्ट, शिक्षक निर्देशिका , पाठ्यक्रम आदि | ५०००० | ३७२०० | ५१७०० | ५०००० | १७०० | शैक्षिक सामग्री खरिद, कक्षा १-३ का विद्यार्थीको अभ्यास पुस्तिका खरिद |
| | | | | १४५०० | | | | शिक्षकको लगबुक व्यवस्थापन |
| ३ | आधुनिक शिक्षण विधि र प्रविधिको प्रयोग, आइ.सि. टि | सबै शिक्षक उत्प्रेरणात्मक तालिम , प्रविधी तालिम | १००००० | ७००० | ७५८३६ | ७५८३६ | ० | वार्षिक मर्मत सम्भार |
| | | | | ८४१५ | | | | टोनर खरिद |
| | | | | ५८०० | | | | सि.सि.टि.भि फिटिङ ज्याला |
| | | | | १९७०० | | | | विविध आइ.सि.टि सामग्री खरिद |
| | | | | ५६५ | | | | टोनर रिफिल गरेबापत |
| | | | | ७९१ | | | | टोनर रिफिल गरेबापत |
| | | | | ३००० | | | | विविध आइ.सि.टि सामग्रीखरिद |
| | | | | ३७९५ | | | | विविध आइ.सि.टि सामग्रीखरिद |
| | | | | २६७७० | | | | विविध प्रोजेक्टरसँग सम्बिन्धत सामग्री खरिद |
| ४ | अतिरिक्त कक्षा व्यवस्थापन | आवश्यकताअनुसार वहुस्तर कोचिङ कक्षा, अतिरिक्त समय/ थप पिरियड र अतिरिक्त समय) | १५००००० | १५६८९५४ | १५६८९५४ | १५००००० | ६८९५४ | कक्षा ८,९, १० का विद्यार्थीहरुको बिहान ६.०० देखि बेलुका ६.१५ सम्म कक्षा सञ्चालन गरे बापतको रकम |
| ५ | आन्तरिक सक्षमता सुधार | कार्यमूलक अनुसन्धान तथा अन्य शीर्षकगत अनुसन्धान | २०००० | | ० | | ० | |
| ६ | पुस्तकालय निर्माण | पुस्तकालयमा थप पुस्तक | ५०००० | १३३२०० | १३३२०० | ५०००० | ८३२०० | पुस्तकालयमा |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | खरिद | | | | | | आल्मुनियम पाटेशन |
| | | | | ४२३७५ | | | | पुस्तकालयमा टेबल निर्माण |
| ७ | अतिरिक्त क्रियाकलाप तथा खेलकुद व्यवस्थापन | खेलकुद सामग्री खरिद , खेल सप्ताह कार्यक्रम, प्रतिभा पहिचान गर्न , इनडोर टि.टि. बोर्ड आदि | २००००० | २५५०० | ५८०१० | ५८०१० | | विद्यार्थी मायाको चिनो निर्माण |
| | | | | १३००० | | | | भलिबल तथा फुटबल खरिद |
| | | | | १३०५० | | | | भलिबल पोल निर्माण |
| | | | | ६४६० | | | | विद्यार्थी पुरस्कार बापत सामग्री खरिद |
| ८ | बाली विज्ञान सिविर, सेमिनार तथा जनचेतनामूलक कार्यक्रम | कृषि / विज्ञान प्रयोगशाला व्यवस्था र सुदृढीकरण | ५०००० | ० | ० | ० | | |
| ९ | आवासीय प्रबन्ध एवम् सुविधा | एक पुरुष वार्डेन | १८०००० | २३४००० | २३४००० | १८०००० | ५४००० | छात्रावासमा सुरक्षा गार्डको व्यवस्थापन |
| १० | शैक्षिक भ्रमण | वि.व्य.स ,तहगत विद्यार्थी र शिक्षक अवलोकन भ्रमण अभिभावक भेला तथा अन्तरकृया,घरदैलो कार्यक्रम , तथ्याङ्क संकलन | १५०००० | २०७६४० | २१०७७० | १५०००० | ६०७७० | दुई दिने शिक्षक शैक्षिक अवलोकन भ्रमण खर्च |
| | | | | १०००० | | | | गाडीको डिजेल खरिद |
| | | | | ५१३० | | | | बेलुकी खाना बापत भुक्तानी |
| ११ | विद्यार्थी भर्ना अभियान | बिज्ञापन | २०००० | २०००० | २०००० | ० | २०००० | विद्यालयको विज्ञापन बापत |
| १२ | अभिभावक बैठक | ६ वटा अन्तरक्रिया | २०००० | | | | | |
| १३ | शैक्षिक उन्नयनका कार्यक्रम (वार्षिक कार्यक्रम) | वार्षिक कार्यक्रम | २००००० | ७५००० | १९१४२० | १९१४२० | ० | वार्षिक उत्सव कार्यक्रम खाजा बापत |
| | | | | ५३४०० | | | | स्टेज तथा कुसि बापत |
| | | | | १३३२० | | | | कार्यक्रम व्यानर, माला खरिद बापत |
| | | | | २४७०० | | | | वार्षिक उत्सव कार्यक्रम आयोजना |
| | | | | २५००० | | | | साउन्ड सिस्टम |
| १४ | शनिवारीय परीक्षा | शनिवारिय परीक्षा | २००००० | | १०८७०० | १०८७०० | | प्रत्येक शनिबार कक्षा ८, ९ र १० का विद्यार्थीको परीक्षा सञ्चालन |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १५ | विज्ञान प्रर्दशनी | विज्ञान प्रर्दशनी | २०००० | | २१८३५ | २०००० | १८३५ | विविध सामग्री खरिद बापत |
| १६ | विद्यार्थी मुखपत्र प्रकासन | विद्यार्थी मुखपत्र प्रकासन | १००००० | | २४९३३५ | १००००० | १४९३३५ | कालिदेवी दर्पण प्रकाशन |
| १७ | बालवालिकाको लागि पढाइ उत्सव तथा प्रतियोगिता सञ्चालन | बालवालिकाको लागि पढाइ उत्सव तथा प्रतियोगिता सञ्चालन | २५००० | | ० | ० | ० | |
| १८ | कक्षा कोठा एवम् प्रतीक्षालय निर्माण (छात्रावास निर्माण) | भवन र कोठाहरु निर्माण ,प्रतीक्षालय एवम् स्वागत कक्ष, संग्रहालय (छात्रावास निर्माण) | २००००० | ७७७३२ | ११५६९२ | ११५६९२ | | छात्रावास निर्माणका लागि ग्रिल, खाट, टयाङकी खरिदबापत |
| | | | | ३२७०० | | | | जाली खापा निर्माणबापत |
| | | | | ५२६० | | | | जाली खापा निर्माणबापत |
| १९ | फर्निचर | सबै फर्निचर (कार्यालय प्रयोजनार्थ,कक्षाकोठा) | २००००० | २५५०१२ | ६४८५६४ | २००००० | ४४८५६४ | विद्यार्थी डेक्स, बेन्च, अफिस टेबल निर्माण |
| | | | | ४३२५६ | | | | डेक्स, बेन्च निर्माण |
| | | | | १९२२२९ | | | | डेक्स, बेन्च निर्माण |
| | | | | ४२३७५ | | | | डेक्स, बेन्च निर्माण |
| २० | विद्यालय कम्पाउन्ड एवम् घेराबार | विद्यालय कम्पाउण्ड एवम् घेराबार | ५०००० | ५४२४० | ७५२८० | ५०००० | २५२८० | कम्पाउन्डका लागि जाली एवम् अन्य सामग्री खरिद |
| | | | | २१०४० | | | | फलाम पाता खरिद |
| २१ | करेसाबारी एवम् मर्मत संभार | करेसाबारी , बगैंचा एवम् हरियाली पार्क निर्माण र संभार | ५००० | ० | ० | ० | ० | |
| २२ | जमिन व्यवस्थापन | जमिन व्यवस्थापन | १००००० | | | | | |
| २३ | प्राथमिक उपचार सामग्री | प्राथमिक उपचार सामग्री | १००००० | २७६३७ | २७६३७ | २५५९२ | २०४५ | औषधी खरिद |
| २४ | जमिन सुधार एवम् व्यवस्थापन | जमिन सुधार एवम् व्यवस्थापन | १००००० | ० | ० | ० | ० | |
| २५ | मर्मत तथा संभार | मर्मत तथा संभार | ४००००० | ० | ० | ० | ० | |
| २६ | परीक्षा व्यवस्थापन एवम् अभिलेख व्यवस्थापन | परीक्षा सञ्चालन , प्रश्नपत्र मोडुलेसन , उत्तरपुस्तिका परीक्षण , उत्तरपुस्तिका खरीद तथा छपाई , सफ्टवेयर नवीकरण | ५००००० | १२४७५० | २०९७५० | २०९७५० | | विद्यार्थीहरुको विभिन्न परीक्षाका लागि कापी छपाइ |
| | | | | ४८००० | | | | विद्यार्थी प्रयोगात्मक शुल्क |
| | | | | ५०००० | | | | त्रैमासिक परीक्षा शुल्क |
| २७ | लेखापरीक्षण | लेखापरीक्षण | १२०००० | १५०००० | १५०००० | १२०००० | ३०००० | आ.व. |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७९/०८० को लेखापरीक्षण शुल्क |
| २८ | जनशक्ति व्यवस्थापन, शिक्षक कर्मचारी व्यवस्थापन | जनशक्ति व्यस्थापन , शिक्षक कर्मचारी खर्च आशिक शिक्षक, सुरक्षागार्ड, सफाइ | १२००००० | ४६९३२९<br>४३२२०४<br>४३२२०४ | १३३३७३८ | १२००००० | १३३७३८ | अतिरिक्त कक्षा तथा अन्य भत्ता बापतको रकम |
| २९ | डाटावेस तथा अभिलेख व्यवस्थापन | हार्डडिस्क खरिद | ५००० | 0 | 0 | 0 | 0 | |
| ३० | शिक्षक सम्मान कार्यक्रम | सिकाई उपलब्धीदरमा अभिवृद्धि र शिक्षक प्रोत्साहन र सम्मान कार्यक्रम | १८००० | | २४००० | 0 | २४००० | सम्मान पत्र छपाइ बापत |
| ३१ | सेवा प्रवाहमा सहजता केन्द्रित कार्यक्रम परामर्श | सेवा प्रवाहमा सहजता केन्द्रित कार्यक्रम परामर्श | २०००० | | ५४००० | २०००० | ३४००० | शिक्षकको पेशागत विकास सम्बन्धि तालिम सञ्चालन |
| ३२ | स्काउट , सदन व्यवस्थापन | बालक्लव, स्काउट , सदन , रेडक्रस सर्कलको व्यवस्था र क्रियाशिलता | १५००० | | | | | |
| **कुल जम्मा** | | | | | **५६३९८४०** | **४५०००००** | **११३९८४०** | |

६३.१ विद्यालयबाट प्राप्त खर्च विवरण अनुसार नमुना विद्यालयको लागि निकासा र खर्च भएको रकमको कार्यक्रमगत शीर्षकको तुलना गर्दा विद्यालयको सुधार योजना अनुसार प्रस्ताव गरिएका देहायको कार्यक्रमहरुको खर्च सम्बन्धी खर्च शीर्षकमा गरेको देखिँदैन ।

| **क्र.सं.** | **प्रस्तावित कार्यक्रमको नाम** | **विनियोजित बजेट** | **खर्च गरिएको शीर्षक** |
|---|---|---|---|
| १ | आन्तरिक सक्षमता सुधार(कार्यमूलक अनुसन्धान तथा अन्य शीर्षकगत अनुसन्धान) | २००००।०० | सेवा परामर्श कार्यक्रम सञ्चालन |
| २ | अतिरिक्त क्रियाकलाप तथा खेलकुद व्यवस्थापन | १४७९९०।०० | विद्यार्थी मुखपत्र प्रकासन |
| ३ | बाल विज्ञान शिविर, सेमिनार तथा जनचेतनामूलक कार्यक्रम | ५००००।०० | शैक्षिक उन्नयनका कार्यक्रम( वार्षिक कार्यक्रम) |
| ४ | अभिभावक बैठक | २००००।०० | शैक्षिक उन्नयनका कार्यक्रम( वार्षिक कार्यक्रम) |
| ५ | बालबालिकाको लागि पढाइ उत्सव तथा प्रतियोगिता सञ्चालन | २५०००।०० | विद्यार्थी मुखपत्र प्रकासन |
| ६ | करेसाबारी एवम् मर्मत सम्भार | ५०००।०० | विद्यालय कम्पाउन्ड एवम् घेराबार |
| ७ | जमिन व्यवस्थापन | १०००००।०० | फर्निचर मर्मत तथा खरिद |
| ८ | डाटावेस तथा अभिलेख व्यवस्थापन | ५०००।०० | सेवा प्रवाहमा सहजता केन्द्रित कार्यक्रम परामर्श |
| ९ | स्काउट तथा सदन व्यवस्थापन | १५०००।०० | जनशक्ति व्यवस्थापन, शिक्षक कर्मचारी व्यवस्थापन |
| १० | कक्षाकोठा व्यवस्थापन एवम् सजावट | ७५०००।०० | कक्षाकोठामा डेक्स बेन्च मर्मत एवम अक्षरलेखन |
| ११ | आधुनिक शिक्षण विधि र प्रविधिको प्रयोग र उपयोग | १०००००। | कक्षाकोठामा अक्षर लेखन कार्य |
| **जम्मा** | | ५६२९९०। | |

कालीदेवी मा वि ले नमुना विद्यालयको शैक्षिक, व्यवस्थापकीय तथा भौतिक पक्षमा प्रस्तावित कार्यक्रमहरुभन्दा अन्य अन्य शीर्षकमा खर्च गरेकोले नियमसंगत नभएको रकम रु...

| | |
|---|---|
| अनियमित भएको | ५,६२,९९० |

६३.२ विद्यालयले वार्षिक उत्सवमा ५०० जनालाई खाजा खाएको रु.७५०००।०० को बीजक पेस गरेको तर ५०० जनाको उपस्थिति लगायतको प्रमाण पेस नभएकोले खाजामा खर्च भएको सम्बन्धमा संख्याको यकिन हुन सकिएन। कार्यक्रममा उपस्थित सहभागिको प्रमाण पेस गर्नुपर्दछ ।

## ६४ सफ्टवेयर खरिद

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था रहेको छ। साङ्ला प्राथमिक स्वास्थ्य केन्द्रमा स्वास्थ्य वीमा कार्यक्रम संचालनका लागि EMR real time सफ्टवेयर खरिद गरी जडान गर्नका लागि तीन फर्मसँग दर माग गरी न्यून कबोलकर्ता डिकोड टेक्नोलोजी प्रा लि सँग सम्झौता गरी मु अ कर समेत रु.२२७१३०।०० खर्च गरेको छ । २०८१।३।४ मा कार्यादिश दिई २०८१।३।२२ सम्ममा काम सम्पन्न गर्ने गरी सम्झौता भएकोमा सो स्वास्थ्य केन्द्रका प्रमुखबाट मिति २०८१।३।१९ मा जडान सम्पन्न भएको भन्ने व्यहोराको पत्र पठाएको देखिन्छ । उक्त सफ्टवेयर जी आइ डि सी मा प्रमाणीकरण भए नभएको तथा उक्त सफ्टवेयरमार्फत संकलन हुने डाटाको गोपनीयता के हुने तथा सो को सर्भर सुविधा लिएबापत लाग्ने वार्षिक शुल्क तथा डाटाको स्वामित्व कसको हुने भन्ने खुल्ने कुनै प्रमाण कागजात पेस नभएको साथै उक्त सफ्टवेयर PAMS प्रणालीमा समेत दाखिला भएको नदेखिएकाले उल्लिखित सबै प्रमाण पेस हुनुपर्ने देखिएको रु...

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,२७,१३० |

## ६५ मूल्य अभिवृद्धि कर समायोजन

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ को उपदफा (१) प्रत्येक दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा प्रापकलाई बीजक दिनुपर्ने र उपदफा (२) मा बीजकको ढाँचा तोकिए बमोजिम हुने उल्लेख छ । बीजकको ढाँचा मूल्य अभिवृद्धि कर नियमावली, २०५३को नियम १७ सँग सम्बन्धित अनुसूची ५ तथा ५(क) बमोजिमको हुनुपर्ने उल्लेख छ ।त्यस्तै, मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ ग अनुसार सरकारी निकायले खरिद तथा निर्माण गर्दा सम्बन्धितको मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धित राजस्व शीर्षकमा दाखिला गरी बाँकी ७० प्रतिशत सम्बन्धित फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाले निम्नबमोजिम भुक्तानी गर्दा तोकिएको ढाँचाबमोजिमको बीजक पेस नगरेको तथा भुक्तानी हुँदा नियमानुसार ३० प्रतिशत मू अ कर रकम कट्टी नगरी फर्मलाई नै पूरै मू अ कर भुक्तानी दिएकोले सम्बन्धित फर्मले कर समायोजन गरेको प्रमाण पेस गर्नुपर्ने रु...

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | भुक्तानी रकम रु | मु.अ.कर रु. | कैफियत |
|---|---|---|---|---|
| २२/०८०।५।२४ | कान्तिपुर ए.वि बैंकेट | ४६७००० | ५३८२०।०० | ३० प्रतिशत मू अ कर नकटाई भुक्तानी गरेको |
| ६०/०८०।६।११ | श्री मनकामना फर्निचर उद्योग | ३९२३२७ | ४५१३५।०० | |
| २६५/०८०।८।१५ | बसन्ती इनर्जी पावर प्रा लि | १९५२६४।०० | २२४६४।०० | |
| ७०४/०८१।१।२५ | बोजिनी नगरकोट रिसोर्ट | ६९०११५ | ६७०८०।०० | |
| ७४९/०८१।१।२५ | लक्की ए.एस इन्टरप्राइजेज | १७९६२५ | २०९४३०।०० | |
| ७५०/०८१।२।३ | न्यु संगम बुक बाइन्डिङ्ग एण्ड स्टेशनरी | ४४११५२।०० | ५०७५२।०० | |
| १०८२/०८१।३।२४ (नगरपालिका चालु) | डिकोड टेक्नोलोजी प्रा लि (६०९७१८६६९) | २२७१३०।०० | २६१३०।०० | |
| १०६९/०८१।३।२४ (नगरपालिका चालु) | नर्थपोल प्रोडक्ट प्रा लि (६०१८४७८३१) | ९९१४९८।०० | ३४२२०।०० | बीजक नं २०५ जारी भएकोमा मिति उल्लेख नभएको |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,०९,०३१ |

६६ **चिसा पानी आँयटार फेदी सडक : -**

६६.१ **चिसा पानी आँयटार फेदी सडक निर्माण : -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ। चिसा पानी आँयटार फेदी सडक निर्माण [ठेक्का नं १/२०८०।८१ ] कार्यका लागि मूल्य अभिवृद्धी कर, कन्टेन्जेन्सी र पि एस समेत रु.२२९९९६६१।६५ को लागत अनुमान स्वीकृत भई रु २२८८७६६१।६५को ठेक्का आव्हान गरेकोमा बोलपत्र पेस गर्ने ३ वटा निर्माण व्यवसायी मध्ये सबैभन्दा घटी कबोल गर्ने बुद्ध सत्यवती कन्ट्रक्सनको कबोल अंक मूल्य अभिवृद्धी कर र पि एस समेत रु १३०८१०१७।९२ स्वीकृत गरी २०८१।९।१२ भित्र कार्यसम्पन्न गर्ने गरी २०८०।९।१२ मा सम्झौता गरी कार्यादेश दिएकोमा ४५७९१७।९६ बराबरको भेरियसन आदेश स्वीकृत भएको पाईयो । निर्माण व्यवसायीले सम्पन्न गरेको कार्यको नाप जाँच पश्चात् रु.१३५३८९३५।८८।भुक्तानी दिएको छ ।वोलपत्र सम्बन्धी कागजात तथा सम्झौताको सर्तमा हरेक ३० दिनमा अद्यावधिक कार्यतालिका (प्रोग्राम अपडेट )पेस गर्नु पर्ने र पेस नगरेमा ठेक्का बिलबाट रु ५००००।०० भुक्तानी नहुने उल्लेख छ ।साथै बुद्ध सत्यवती कन्ट्रक्सनसँग भएको सम्झौताको GCC34.3 मा वमोजिम निर्माण व्यवसायीले ३० दिनमा अद्यावधिक कार्यतालिका पेस गर्नुपर्ने अन्यथा अद्यावधिक कार्यतालिका पेस गर्नु पर्ने म्याद नाघे पश्चात रु ५०००० भुक्तानी रोक्का गर्ने उल्लेख छ । निर्माण व्यवसायीले अद्यावधिक कार्यतालिका पेस नगरेको हुँदा सम्झौतामा उल्लेख भएबमोजिम सर्तको पालना गरेको देखिँदैन। पालिकाले सार्वजनिक खरिद ऐन र नियमावली तथा सम्झौता बमोजिम आवश्यक कारबाही गरी समयमै कार्य सम्पन्न गर्नु गराउनु पर्दछ ।

६६.२ **बढी भुक्तानी :-**आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ। बुद्ध सत्यवती कन्ट्रक्सनलाई पि एस आईटम बापत रु.२१५०००।०० भुक्तानी दिएकोमा रु .२११८१०को मात्र बिल पेस भएकोले नपुग रु.३१९०।०० असुल गरी दाखिला हुनुपर्ने रु...

| असुल गर्नुपर्ने | ३,१९० |
|---|---|

६७ **वृत्त चित्र निर्माण :-**

(८८४-२०८१-३-१३):

सार्वजनिक खरिद नियमावली, २०६४को नियम २१ अनुसूची ३ ख बमोजिम एकाई दर सम्झौता गरी खरिद गर्न सक्ने व्यवस्था छ । पालिकाले तारकेश्वर नगरपालिकाको सामाजिक रुपान्तरण र पूर्वाधार विकास विषयमा वृत्तचित्र निर्माण बापत सेवा प्रदायक हट न्यूज एक्सप्रेश प्रा ली लाई रु३३९०००।०० भुक्तानी गरेको छ ।वृत्त चित्र निर्माणमा संलग्न हुनु पर्ने विशेषज्ञताको प्रकार , योग्य अनुभवी प्राविधिक जनशक्ति ,दक्ष कामदार, सहयोगी कर्मचारी आदिको संख्या ,श्रमिक दर र निर्धारणको आधार , कार्य सम्पादन र श्रव्य दृश्य सामग्री तयार) गर्न लाग्ने अवधिका आधारमा कुल पारिश्रमिक, वृत्त चित्र निर्माणमा प्रयोग हुने उपकरणहरुको लागत [भाडा] खर्च भएर जाने सामान उपकरणको परिमाण दर उत्पादन तथा प्रसारण हुने सामग्रीको अवधी Time volume तथा प्रयोग भएको मापदण्ड तथा आधार खुलाई लागत अनुमान तयार गर्नु पर्दछ ।पालिकाले उल्लेखित आधार लिई लागत अनुमान तयार गरेको देखिएन ।उत्पादनमा प्रयोग हुने जनशक्ति ,सामग्री तथा उपकरण र उत्पादित सेवाको स्पेशिफिकेशन, प्रयोग भएको नर्म्स र मापदण्ड र गुणस्तर र अवधिका आधारमा भुक्तानी हुनु पर्दछ।

६८ **स्रेस्ता कागजात**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५७ मा आर्थिक कारोबारको लेखा सम्बन्धी व्यवस्था छ जसअनुसार कार्यालयले लेखा राख्दा सो लेखा प्रमाणित गर्ने बील, भरपाई तथा अन्य कागजातहरु सिलसिलाबद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ । पालिकाको गोश्वारा भौचर नं.३६०-०८०।११।१० बाट यस आ.व.मा सवारी साधन खरिद गरी रकम रु.५९,९०,०००।- बजेट खर्च लेखी कर तथा मू.अ.कर कट्टी पश्चात आपूर्तक कम्पनी अग्री इन्कर्पोरेटेड प्रा.लि.लाई रु.५७,०३,७५१।०० ई एफ टी (विद्युतीय) भुक्तानी दिएको सुत्र सफ्टवेयरबाट देखिएकोमा सो सम्बन्धी स्रेस्ता कागजात सम्बन्धित फायलमा संलग्न भएको पाइएन । सो सम्बन्धमा जानकारी लिँदा कार्यालयले क्याटलग सपिङ्ग विधिबाट खरिद गरी भुक्तानी गरेको तर पालिकाको नयाँ भवन निर्माण भई पुरानो भवनबाट नयाँ भवनमा श्रेस्ता कागजात सार्ने क्रममा फायल नभेटिएको जनाएको छ । पालिकाको PAMS प्रणालीको दाखिला फारम (७१-०८०।११।६) तथा बिलवुक (००१३६६२)अनुसार महिन्द्रा एण्ड महिन्द्राको Scorpio S5 4wd ईन्जिन नम्बर WCP4C10254 बा.२.झ ६७६० नम्बरको गाडी खरिद भएको देखिएता पनि लेखापरीक्षणका क्रममा सवारी साधन खरिद प्रकृयादेखि भुक्तानीसँग सम्बन्धित गोश्वारा भौचर, बील लगायत स्रेस्ता कागजात पेस नभएकोले उक्त कागजात पेस गर्नुपर्ने रु...

| प्रमाण पेश नगरेको | ५९,९०,००० |
|---|---|

६९ **निःशुल्क डायलाईसिस**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले खर्च गर्नुपर्ने उल्लेख छ । त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को परिच्छेद-६ मा पालिकाले आफ्नो अधिकार क्षेत्रको विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत , मध्यमकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने उल्लेख छ । पालिकाबाट मृगौला पीडित रोगीहरुका लागि साङ्ला प्राथमिक स्वास्थ्य केन्द्रबाट निःशुल्क डायलाईसिस सेवा प्रदान गर्ने निर्णय गरी डायलाईसिस सामग्री, औषधी, कर्मचारी भत्ता तथा पारिश्रमिकमा गत वर्षको भुक्तानी सहित रु.५३८१३२९।०० खर्च लेखिएको देखियो । प्राथमिक स्वास्थ्य केन्द्रको रेकर्ड अनुसार आ.व.०८०।०८१ मा १७६ सेसन (पटक) डायलाईसिसको कार्य भएको जनाएको छ । डायलाईसिसका लागि एक सेसनमा एक जार साइट्रिक एसिड (दर रु.७५००।००), डायलाइजर एक गोटा (दर रु.१६००।००), पार्ट ए हेमोडायलाईसिस केमिकल १ जार (दर रु.३७५।००), पार्ट बी हेमोडायलाईसिस केमिकल १ जार (दर रु.३००।००) लगायतका औषधी तथा अन्य स्वास्थ्य सामग्री आवश्यक पर्ने पालकाको स्वास्थ्य शाखाले जनाएको छ । यसरी महँगो औषधी केमिकल तथा उपकरण प्रयोग गरी सेवा दिनुपर्ने अवस्थामा निःशुल्क दिइँदै आएको डायलाइसिस सेवा सम्बन्धमा भविष्यमा के-कसरी स्रोतको

व्यवस्था गर्ने भन्ने सम्बन्धमा पालिकाले दीर्घकालीन रणनीति बनाएको देखिएन । अत:पालिकाले दीर्घकालीन कार्यक्रम सञ्चालन गर्दा लागत तथा स्रोत सुनिश्चितातर्फ पनि ध्यान दिनुपर्दछ ।

७० **कृषी तथा पशुपन्छी अनुदान :-**

७०.१ कृषि क्षेत्रको रुपान्तरण, कृषि तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषि, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्बन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ ।स्थानीयतह मार्फत तिनका समेत स्रोत साधनको संलग्नतामा सञ्चालन गर्न विभिन्न नीति, कार्यविधि तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ । सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण बापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकाबाट ५० हजार ७८ जनाको लागि रु .७१ लाख २९ हजार खर्च भएको छ। पालिकाले गत विगत वर्षमा र यो वर्ष विभिन्न व्यक्तिहरु, संस्था र फर्म लाभग्राहीलाई वस्तुगत, नगद तथा परामर्श सेवा प्रदान गरेको छ । यो वर्ष दिएका अनुदानको केही उदाहरण निम्नानुसार छन् ।

| क्रम | अनुदानको किसिम | व्यक्ती संख्या | रकम रु हजारमा |
|---|---|---|---|
| १ | गहुको उन्नत बिउ | १५४ | ६७५ |
| २ | मिनि टिल्लर | ७ वटा कृष समुह | २५० |
| ३ | मौरीघार गोला सहित | ३० थान | १८० |
| ४ | मौरीघार गोला रहित | २० थान | ८० |
| ५ | गोलभेडाको बिउ | ३५० | ६०० |
| ६ | कन्ये च्याउको विउ | ८ | ८७८ |
| ७ | धानको विउ | १५० | ६९४ |
| ८ | प्रांगारिक मल | ५० | ४९८ |
| ९ | आलुको विउ | ४०० | ३१४ |
| १० | टनेल प्लाष्टिक | १२५ | ६६० |
| ११ | COW mat वितरण | ५१ | ५००.८ |
| १२ | विउ वोका वितरण लागत साझेदारी ६०-४० | ८ | ३३३.५ |
| १३ | माछा प्रवर्धन ६०-४० | १ | १६६.५ |
| १४ | बाख्रा पैँचो कार्यक्रम | १५ | ३०० |
| १५ | बाख्रा प्रबर्द्धन कार्यक्रम लागत साझेदारी ५०-५० | १ | १००० |
| | **जम्मा** | ५०७८ | ७१२९.८ |

यस वर्ष लाभग्राहीहरुलाई दिएको अनुदानको व्यक्ति , संस्थाका सदस्य र फर्म अनुसार व्यक्तिगत पहिचान सहितको व्यवस्थित अभिलेख राखेको छैन । अभिलेख नराख्दा एउटै व्यक्ति तथा संस्थालाई पटक पटक अनुदान जानसक्ने र कतिपय अत्यावश्यक अवस्थामा सेवा सुविधा पाउनबाट वञ्चित हुनसक्ने देखिन्छ । लाभग्राहीको पहिचान खुल्ने गरी छुट्टा छट्टै अभिलेख राख्नु पर्दछ ।

७०.२ **लाभग्राही किसान छनोटको आधार :-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली ,२०७७ को नियम १९ . मा आफूले सम्पादन गर्ने काम कारबाहीको प्रकृति अनुसार अर्थ मन्त्रालयले तर्जुमा गरेको मापदण्डको प्रतिकूल नहुने गरी खर्चको मापदण्ड (नर्म्स) बनाउन सक्ने व्यवस्था छ ।लाभग्राही छनोट गर्दा व्यावसायिक योजना ,भौतिक पूर्वाधार, व्यावसायिक सिप ,क्षमता ,अनुभव , समाजमा पु-याउने योगदान ,गत विगतमा अनुदान नपाएको ,तरलता [नगद] को अभाव जस्ता सूचकको अङ्क भार निर्धारण गरी सो अङ्क भारका

आधारमा मूल्याङ्कनको मापदण्ड तयार गरी निष्पक्ष रुपमा लाभग्राही छनोट गर्नु पर्दछ । वडा कार्यालय तथा विषयगत शाखाबाट अनुदान दिँदा पर्याप्त रुपमा सूचना प्रचार प्रसार गरेको देखिने प्रमाण संलग्न नगरेको तथा छनोटको आधार नखुलाई अनुदान दिएको पाईयो । यस वर्ष अनुदान वितरणका केही उदाहरण निम्नानुसार छन।

| सि नं | व उ शी नं | भौनं | मिति | कार्यक्रम | अनुदान ग्राही | अनुदान प्रकार | परिमाण | कुल मूल्य | अनुदान रु | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | न पा चालु | ४५४ | २०८०।१०। | पशु प्रबर्द्धन | ५१जना पशुपालक | Caw mat | ७७ | ५००००० | ३००००० | ६० |
| | | ९९२ | २०८१।३।२२ | मौरी पालन प्रबर्दधन | १६ जना मौरी पालक | मौरी घार | २० | ८०००० | ६४००० | ६० |
| | | ९९३ | २०८१।३।२२ | मौरी पालन प्रबर्द्धन | ३० जना मौरी पालक | मौरी सहित घार | ३० | ३००००० | १८०००० | ६० |
| | | ९९४ | २०८१।३।२२ | तरकारी खेती | १४९ | तरकारी मिनि कम्पोजिट किट | १००० | २५०००० | २५०००० | १०० |
| | | ९९५ | २०८१।३।२२ | तरकारी खेती | २७ कृषक | स्प्रेयर | २७ | ११७६०० | ११७६०० | १०० |
| | | ९९८ | २०८१।३।२२ | तरकारी खेती | ६४ कृषक | ७० जि एस एम प्लाष्टिक ६×१२ | ८६ | ६६०८२४ | ३९६४९५ | ६० |
| | | ८६७ | २०८१।३।११ | नगर प्रमुख | ११ जना | जुकी र आरन | ११ | ३९६००० | ३९६००० | १०० |
| | | ८६८ | २०८१।३।११ | नगर प्रमुख | ४ जना | आरन | ४ | ९५७१२ | ९५७१२ | १०० |
| | प्रदेश शसर्त चालु | १८ | २०८१।३।२३ | बाख्रा प्रबर्द्धन कार्यक्रम वडा नं ५ को लक्षीत कार्यक्रम | एप्पल कृषि तथा पशुपालन फार्म | खोर निर्माण ४ वटा बाख्रा र १ बोका | ५ | १०००००० | ५००००० | ५० |
| | | १९ | २०८१।३।२३ | कृषि फार्म च्याउ खेती अनुदान | बाघ वछला कृषि फार्म | च्याउ खेती | १ | ६२८४९० | ३००००० | बजेट रु १० लाखको ३० प्रतिशत |
| | | | | कृषि फार्म च्याउ खेती अनुदान | स्वीकृत अर्गानिक कृषि फार्म | च्याउ खेती | १ | ८००००० | ४००००० | बजेट रु १० लाखको ४० प्रतिशत |
| | | | | कृषि फार्म च्याउ खेती अनुदान | यु एस ए कृषि फार्म | च्याउ खेती | १ | ६२९५२३४ | ३००००० | बजेट रु १० लाखको ३० प्रतिशत |

अनुदान वितरणलाई पारदर्शी निष्पक्ष सर्व स्वीकार योग्य, बनाई अनुगमन तथा मूल्यांकन गरी अनुदान रकमको प्रभावकारिता बढाउनु पर्दछ ।

७१ **सञ्चालन अनुदान :-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था रहेको छ।कार्यालयले अन्य निकायलाई अनुदान दिंदा कार्यक्रम , लागत अनुमान , क्रियाकलाप अनुसार खर्चको प्रस्तावना ,अनुदान खर्चको वित्तीय भौतिक प्रगति ,आय-व्यय्य विवरणलाई आधार लिई अनुदान दिनु पर्दछ ।कार्यालयले मालपोत कार्यालय, मनमैजुलाई सञ्चालन अनुदान प्रयोजन रु १०००००००।०० दिएको पाईयो ।अनुदान दिंदा कार्यक्रम , लागत अनुमान , कृयाकलाप अनुसार खर्चको प्रस्तावना ,अनुदान खर्चको वित्तीय तथा भौतिक प्रगति ,आय-व्यय विवरण लिएको नदेखिएकोले स्वीकृत कार्यक्रम अनुदान प्रयोजन लागत अनुमान सहितको वित्तीय भौतिक प्रगति ,आय-व्यय्य विवरण पेस हुनु पर्ने रु...

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,००,००० |

७२ **कन्टिजेन्सी खर्च**

निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित व्यवस्था सोही नियमावलीको अनुसूची १ मा तोकिएको छ । उक्त अनुसूचीमा निर्माण लागत अनुमान तयार गर्दा वर्क चार्ज स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिजेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ। पालिकाले यस वर्ष विभिन्न योजना तथा कार्यक्रमको कन्टिजेन्सी बापत रु.१,२३,०३,४३५।०० कट्टा गरेकोमा रकम रु.१३,७९,०६७।०० खर्च गरेको सुत्रको म.ले.प.फा.नं. २०७ को कन्टिजेन्सी विवरणबाट देखिन्छ। उक्त रकम ज्याला,विज्ञापन,मर्मत तथा अनुगमन लगायतमा खर्च गरेको देखिन्छ । सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ अनुसार कन्टिन्जेन्सीबाट भएको खर्च ठेक्का एवम् योजना अनुसार नापी किताबमा उल्लेख गर्नुपर्नेमा सो गरेको देखिएन। पालिकाले कन्टिजेन्सी खर्चसम्बन्धी निर्देशिका तथा कार्यविधि तयार नगरेको र सोको अभिलेख व्यवस्थित गरेको पनि देखिएन । पालिकाले योजना वा ठेक्का प्याकेज अनुसार कन्टिजेन्सी खर्च स्वीकृत गराई नगरी नहुने काममा मात्र कन्टिन्जेन्सी रकम खर्च गरी कन्टिन्जेन्सी खर्चलाई मितव्ययी र नियन्त्रणमुखी बनाउनुपर्दछ । पालिकाको सूत्र सफ्टवेयरबाट देखिएको कन्टिन्जेन्सी खर्चसम्बन्धी विवरण निम्न बमोजिम रहेको छ :

| क्र.सं. | संकेत | कन्टिन्जेन्सी कट्टा गरिएको शीर्षक | कन्टिन्जेन्सी बापत कट्टा भएको रकम रु | कन्टिन्जेन्सी बापत खर्च भएको रकम रु |
|---|---|---|---|---|
| १ | २२५२२ | कार्यक्रम खर्च | २०,०००.०० | ० |
| २ | २२५२९ | विविध कार्यक्रम खर्च | ४,०००.०० | ० |
| ३ | २६४२२ | सरकारी निकाय, समिति, बोर्ड – पुँजीगत ससर्त अनुदान | २०,०००.०० | ० |
| ४ | ३१११२ | गैर आवासीय भवन निर्माण/खरिद | ४,७९,०००.०० | २,०००.०० |
| ५ | ३१११३ | निर्मित भवनको संरचनात्मकसुधार खर्च | ४०,०००.०० | ० |
| ६ | ३११४१ | सुरक्षा प्रणाली तथा उपकरण प्राप्ति खर्च | ६,०००.०० | ० |
| ७ | ३११५१ | सडक तथा पूल निर्माण | ४४,८१,७५०.०० | ४,७०,०२०.०० |
| ८ | ३११५५ | सिंचाई संरचना निर्माण | १६,०००.०० | ० |
| ९ | ३११५६ | खानेपानी संरचना निर्माण | ३,६७,७००.०० | ० |
| १० | ३११५८ | सरसफाई संरचना निर्माण | २,३९,४००.०० | ० |
| ११ | ३११५९ | अन्य सार्वजनिक निर्माण | ६६,२८,५८५.०० | ९,०७,०४७.०० |
| १२ | ३११७१ | पुँजीगत सुधार खर्च सार्वजनिक निर्माण | १,०००.०० | ० |
| जम्मा | | | १,२३,०३,४३५.०० | १३,७९,०६७.०० |

७३ **खेलकुद विकास कार्यविधि तथा संचालन खर्चका मापदण्डहरु :-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्त्व नियमावली , २०७७ को नियम १९ मा अर्थ मन्त्रालयको सहमतिमा आफुले सम्पादन गर्ने कामको प्रकृति अनुसार मापदण्ड बनाउन सक्ने व्यवस्था छ। साथै ३९ को उपनियम ५ मा खर्चको भुक्तानी गर्दा खर्च पुष्ट्याँई गर्ने भरपाइ प्रमाण कागजात संलग्न गरी उपनियम १०बमोजिम रीत पुगे पछि मात्र भुक्तानी गर्नु पर्ने तथा लेखा राख्दा लेखा प्रमाणित गर्ने विल भरपाइ तथा अन्य कागजात सिलसिलाबद्ध रुपमा राख्नु पर्ने उल्लेख छ ।पालिकाले खेलकुद प्रतियोगिता सञ्चालन प्रकृया तथा खर्चका मापदण्ड र प्रशिक्षकद्वारा प्रशिक्षण लगायतका कार्यका लागि छनोट तथा बन्द प्रशिक्षणमा संलग्न मेडिकल स्वयंसेवक टिम , राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्राविधिक प्रशिक्षक, राष्ट्रिय अन्तर्राष्ट्रिय निर्णायक (अम्पायर) ,रेफ्री ,स्कोरर तथा खेलाडीलाई उपलब्ध गराइने सेवा सुविधाको निर्धारण गरी व्यवस्थित रुपमा खेल सञ्चालन गर्न मापदण्ड तथा कार्यविधि तयार गरेको देखिएन ।कार्यविधि तथा खर्चका मापदण्डहरु तयार नगरी खेल सञ्चालन गरेका केही उदाहरण निम्नानुसार छन ।

| सि.नं | व उ शी नं | भौ नं | मिति | खेलकुद कार्यक्रम | खर्च रकम | मूख्य खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | न पा चा लु | ३८४ | २०८०।९।२२ | दोश्रो मेयर कप खेलकुद प्रतियोगिता | २४०७९३० | खाना खाजा ,पुरस्कार,पदक ,ट्रफी ,प्रमाण पत्र,वैठक ,प्रशिक्षक, खेलाडी . निर्णायक भत्ता आदी | ४०७९३० खेलकुख विकस कार्यक्रम बाट |
| २ | | ४५८ | २०८०।१०।१४ | गणेशमान सिहं फाउण्डेशन टि टि | १५०००० | | |
| ३ | | ८५२ | २०८०।१२।६ | पालिका स्तरीय अतपरिक्त कृयाकलाप | ३०९०६४ | | |
| ४ | | ९६४ | २०८०।९।२१ | वडा स्तरीय खेलकुद प्रतियोगिता | ५०००० | | |
| ५ | | ६९८ | २०८१।१।२१ | १३ओं राष्ट्रपति रनिङ शिल्ड | ३७९७५५ | | |
| ६ | | ९७२ | २०८१।३।२१ | तारकेश्वर मेयर तक्वान्दो | २००००० | | |
| ७ | | ९८९ | २०८१।३।२१ | वडा स्तरीय खेलकुद प्रतियोगिता | ५०००० | | |
| ८ | | १०४९ | २०८१।३।२४ | बागमती प्रदेश स्तरीय अन्तर पालिका भलिवल | २००००० | | |

प्रशिक्षक भत्ता, अम्पाएर रेफ्री तथा स्कोर गणकको पारिश्रमिक भत्ता, यातायात खर्च, खाना खाजा होटेलबास खर्च, खेलाडी खुराक पोशाक ,प्राथमिक उपचार , संलग्न टोलीको दैनिक भत्ता आदि बापत फरक फरक दरमा खर्च भएको पाईयो। खेलकुद प्रतियोगिता सञ्चालन प्रस्तावना , छनोट प्रतियोगिता सञ्चालन , बन्द प्रशिक्षणमा खेलाडी, प्रशिक्षक लगायतका जनशक्तिलाई उपलब्ध गराउने सेवा सुविधा आधार, मापदण्ड, कार्यविधि सुविधा बापत दिने खर्चका आधार तयार गर्नु पर्दछ । साथै लागत अनुमान तथा खेल प्रतियोगिताको प्रस्तावना बनाउनु तथा खेलकुद प्रतियोगिता सम्पन्न पश्चात सम्पन्न प्रतिवेदन तयार गरी स्वीकृत गराउनु पर्दछ ।

७४ **सिलाई मेसिन खरिद :-**

(३१४-२०८०-९-१६):

वडा नंबर २ को दलित लक्षित कार्यक्रम अन्तर्गत देशभक्त ट्रेडर्सबाट रु २९८९९८ को सिलाई मेसिन १४ सेट खरिद गरेको पाईयो । उक्त सामान लेखापरीक्षण अवधि २०८१ माघसम्म पनि वडा कार्यालयमा मौज्दात रहेको र आ व २०८१।८२मा लाभग्राही छनोट गरी सीपमूलक तालिम दिई वितरण गर्ने भन्ने पालिकाको भण्डार शाखाबाट जानकारी भयो । लक्षित वर्गलाई सीप सिकाई प्रविधि हस्तान्तरण गरी सिप विकास व्यावसाय प्रबर्द्धन गरी रोजगारी सिर्जना तथा जीवनस्तर सुधार प्रयोजन खरिद गरेका सामान वडा कार्यालयमा थन्काएर राखिँदा रकमको सदुपयोग हुन सकेको देखिएन। लाभग्राही छनोट गरी तालिमसंगै प्रविधि हस्तान्तरण गरेमा सीप विकास तथा

तालिम बढी प्रभावकारी हुने तथा तालिम पश्चात व्यवसाय समेत सफल हुने देखिन्छ ।सामान खरिद गरी लाभग्राहीलाई वितरण नगरी मौज्दातमा राख्नु नियम सम्मत नदेखिएको रु...

| | |
|---|---|
| अनियमित भएको | २,९८,९९८ |

७५ **जुकी मेसिन खरिद :-**

(८६७-२०८१-३-११):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **३६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

७६ **खाना तथा विविध खर्च :-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही पुष्ट्याईँ हुने प्रमाण तथा औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले यो वर्ष खाना तथा विविध तर्फ रु.७५०००००।०० विनियोजन गरेकोमा रु. ६६२२२९०।०० खर्च गरेको सुत्र प्रणालीबाट देखिन्छ । पालिकाको आन्तरिक आय रु.२८,१२,९९,९१४।०० रहेकोमा विविध खर्च आन्तरिक आयको २.३ प्रतिशत छ । विविध खाजा खाना खर्चका विलभरपाईसँग भिडान हुने गरी उपस्थिति संलग्न गर्नुपर्नेमा सो गरेको देखिँदैन । खर्च गर्दा औचित्य पुष्टी हुने प्रमाणहरु आगन्तुक अतिथी, कार्यक्रममा सहभागी तथा बैठकमा उपस्थिति, माईन्यूट निर्णय र समय समेत संलग्न नगरी खर्च गर्नु उचित होईन। उल्लिखित कागजातसँग मेल खाने गरी प्रमाण राखी यस्तो खर्चमा नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्दछ ।

| विविध खर्च शीर्षक | उपस्थित संख्या | खर्च लेखिएको स्रोत(पालिका। प्रदेश।संघ) | विनियोजित रकम | खर्च रकम | खर्चको मापदण्ड। कार्यविधि | कैफियत |
|---|---|---|---|---|---|---|
| पालिका सभा | ३६४ | आन्तरिक | २२००००० | ११७२९०३ | सभाको निर्णयानुसार | खाना तथा खाजा खर्च रु ५७५८७१। |
| कार्यपालिका बैठक | १९ | आन्तरिक | | ८३६०० | न.पा. नर्म्स् र प्रदेश कानुन अनुसार | |

७७ **उपभोक्ता समिति परिचालन र व्यवस्थापन सम्बन्धमा**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट कार्य गराउँदा सोही नियमावलीका प्रावधान अनुसार कार्य गर्नुपर्ने व्यवस्था छ । पालिकाले ८२५ कार्यक्रम तथा योजनामा रु ९४ करोड १३ लाखको कार्य उपभोक्ता समिति मार्फत गराएको छ। यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्

**(क) उपभोक्ता समितिबाट भएका निर्माण कार्यको गुणस्तर -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ३ (ख) मा उपभोक्ता समितिसँग गरिने सम्झौतामा निर्माण कार्यको गुणस्तर नियन्त्रण सम्बन्धी प्रावधान राख्नुपर्ने उल्लेख छ । पालिकाले उपभोक्ता समितिसँग गरेका सम्झौतामा गुणस्तर नियन्त्रणसम्बन्धी प्रावधान राखेको पाइएन । उपभोक्ता समिति मार्फत कार्यान्वयन तथा सञ्चालन हुने निर्माण कार्यको गुणस्तर सुनिश्चित गरी दिगोपना कायम गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने गराउने, गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि सिमेण्ट, मोर्टार तथा कंक्रिट क्यूब टेष्ट, फलामे डण्डीको टेन्साइल टेष्ट गराउने जस्ता कार्य गराएको पाईएन । जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः नियमावलीमा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न आवश्यक पहल हुनुपर्दछ ।

**(ख) आयोजना हस्तान्तरण –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१२) मा उपभोक्ता समितिले निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने उल्लेख छ । पालिकाले उपभोक्ता समितिबाट गराएको निर्माण कार्य सम्पन्न भएका आयोजनाको हस्तान्तरण गरेको

पाइएन । नियमावलीमा उल्लेख भए अनुसार पालिकाले रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समतिलाई हस्तान्तरण गर्नुपर्दछ ।

७८ **उपभोक्ता समितिको स्वरुपमा विद्यालयबाट कार्य**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३ को उपदफा (१क) मा प्रचलित कानुन बमोजिम दर्ता भएको संस्थाले सरकारी कोष प्रयोग गरी खरिद गर्दा सो हदसम्म ऐन बमोजिमको कार्यविधि पूरा गरी खरिद कार्य गर्नुपर्ने उल्लेख छ। यसैको उपदफा २ मा दफा ३ को उपदफा (१क) को प्रतिकूल हुने गरी गरिएको खरिद बदर तथा अमान्य हुने उल्लेख छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा २० लाख रुपैँयाभन्दा माथि लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने र नियम, ८५ को उपनियम १(क) मा दश लाख रुपैँयासम्मको लागत अनुमान भएको निर्माण कार्य वा मालसामानको सीमा नबढ्ने गरी सोझै खरिद गर्न सकिने व्यवस्था छ । यस पालिकाको विभिन्न विद्यालयहरुलाई कार्यक्रम गर्न निकासा भएको रकम विद्यालयले उपभोक्ता समितिको स्वरुपमा खर्च गरेको देखिन्छ । लेखापरीक्षणको क्रममा नमुनाको रुपमा छनौट भएका केही कार्यक्रम गरेका विद्यालयहरुको अवस्थालाई देहायअनुसार प्रस्तुत गरिएको छ

| गो.भौ.नं./मिति | विद्यालयको नाम | कार्यक्रमको नाम | विनियोजित बजेट | लागत अनुमान | पालिकाले व्यहोर्ने | विद्यालयले व्यहोर्ने रकम | कार्यसम्पन्न रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| ७८/२०८०।०५।१९ | ग्रामिण आदर्श बहुमुखी क्याम्पस | ICT Conference Hall, Digital Radio Studio | ४००००००।- | ४२६८४८६।- | ३८४००००।- | ४२८४८६।- | ४२६९१९०।- | कार्यसम्पन्न बील नभएको, बील भर्पाई नभएको |
| ६५३। २०८१।०२। १७ | जितपुर मा वि | जितपुर मा वि शौचालय निर्माण | १५०००००।- | १८०१८६९।- | १४४००००।- | ३६१८६९।- | १८१०७५३।- | |
| १०३। २०८०।०६। १० | कालिका शरण मा वि | कालिका शरण मा वि निर्माण सुधार पुरानो भवन फिनिसिङ्ग | १५०००००।- | १६१४९०८।- | १४४००००।- | १७४९०८।- | १६१७०८४।- | |
| ५३३। २०८१।०१। १२ | साङला बाल कुमारी मा वि | साङला बाल कुमारी मा वि हल निर्माण | १०००००००।- | १२०३००१।- | ९६००००।- | २५७५१२।- | १२१७५१२।- | |

माथिको तालिका अध्ययन गर्दा विद्यालयले गरेका निर्माणसम्बन्धी कार्य विद्यालयले विद्यालय व्यवस्थापन समितिलाई उपभोक्ता समिति मानेर विभिन्न फर्म सप्लायर्ससँग सामान खरिद गरी तथा ज्यालामार्फत कामदार लगाई कार्यसम्पन्न गरेको देखिन्छ जुन सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ मा व्यवस्था भएबमोजिमभन्दा विपरित कार्य प्रक्रिया, विधि तथा पद्धति हो। विद्यालयहरुले सार्वजनिक खरिद ऐन र नियमावलीमा भएको व्यवस्थालाई पालना गर्नुपर्दछ। विद्यालयहरुले सार्वजनिक खरिद ऐन तथा नियमावलीमा व्यवस्था भएबमोजिमको विधि तथा पद्धतिमा आधारित नभई र रीत नपुर्‍याई गरेको खरिद कार्य नियमसम्मत नभएको रकम रु…

| | |
|---|---|
| अनियमित भएको | ७६,८०,००० |

७९ **जटील प्रकृतिको कार्य**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेसिन, औजार उपकरणहरुको आवश्यक नपर्ने तथा श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड ट्याङ्की, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत

उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन्

| गो.भौ.नं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | लागत अनुमान रकम | सम्झौता रकम | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| ७१/२०८०।०५।१९ | वडा नं.३ सडक बत्ती जडान उ.स. (वडा नं ३मा काम गरेको) | सडक बत्ती जडान | २३५६६८६।०० | २३५६६८६।०० | २०,८०,४४०।०० |
| ७५६/२०८१।०३।१८ | विराट सनातन धर्मशाला निर्माण समिति | वालसहित सटर निर्माण, माथिल्लो तलामा पिलर तथा वाल,झ्याल ढोका, बत्ती तथा कलर लगायतको काम | १८१५७९९।०० | १८१५७९९।०० | १३३८२२०।०० |
| ७४१/२०८१।०३।१७ | जयन्तीपुर महिला भवन उपभोक्ता समिति | जयन्तीपुर महिला भवन अधुरो | १२०६२२२।०० | १२०६२२२।०० | ९४४२००।०० |
| ७४२/२०८१।०३।१७ | देवीस्थान सामुदायिक भवन निर्माण उपभोक्ता समिति | देवीस्थान सामुदायिक भवन निर्माण | २४०४६९९।०० | २४०४६९९।०० | १८६८७६०।०० |
| ४१।२०८०।०५।१८ | कुञ्जिप्वाकल स्वास्थ्य चौकी थप निर्माण उपभोक्ता समिति | कुञ्जिप्वाकल स्वास्थ्य चौकी थप निर्माण(दोस्रो तल्ला निर्माण) | २१३५३९३।०० | २१३५३९३।०० | १४४०८२५।०० |

८० **बीमा सम्बन्धमा**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ को उपनियम ३(क) मा उपभोक्ता समितिबाट २० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गराउँदा सम्झौता रकममा बीमा बापतको खर्च व्यहोर्ने रकम समावेश गरी सोही रकमबाट उपभोक्ता समितिले बीमा गराउनु पर्ने व्यवस्था छ । पालिका अन्तर्गत उपभोक्ता समितिवाट संचालित अधिकाशं योजनाको बिमा गराएको देखिएन । केहि उदाहरण निम्न छन

| गो भौ नं.। मिति | कार्यक्रमको नाम | उपभोक्ता समितिको नाम | कुल लागत अनुमान | कुल कार्यसम्पन्न | पालिकाबाट व्यहोरिएको | उपभोक्ता समितिबाट व्यहोरिएको | बीमा छ/ छैन |
|---|---|---|---|---|---|---|---|
| ६००। २०८१। ०२।१४ | भुवनेश्वर मन्दिर परिसर सुधार | भुवनेश्वर मन्दिर परिसर सुधार उ स | ४८१२०२६ | ५०१२०४३ | ३८४०००० | ११७२०४३ | छैन |
| ६०२। २०८१। ०२।१४ | मनमैजु मन्दिर परिसरको फल्चा निर्माण | मनमैजु मन्दिर पाटी पुन निर्माण उपभोक्ता समिति | ३३०४७५६ | ३३३६६१९ | २८८०००० | ४५६६१९ | छैन |
| ७२६। २०८१। ०३।१७ | दुलाल टोल जाने बाटो | दुलाल टोल जाने बाटो उपभोक्ता समिति | २४०४५३८ | २४०४५३८ | १९२०००० | ४८४५३८ | छैन |
| २९। २०८०। ०५।१८ | खडग भञ्ज्याङ महादेव खोला काव्यस्थली बाटो | सृजनशील उ स | ५३३७७६५ | ४७७५४१५ | ४४७३००० | ३०२४१५ | छैन |
| ८२३। २०८१। ०३।२४ | ज्योचा बाटो निर्माण | ज्योचा बाटो निर्माण उ स | ६०२७२७२ | ४६९९१४० | ४१४८००० | ५५११४० | छैन |
| ७१९। २०८१। ०३।२७ | श्री गणेशथान कोठु टोल ढुङ्गा विच्छ्याउने | श्री गणेशथान उपभोक्ता समिति | ३३०२७८१ | २७७९८६८ | २७०६६०० | २७३२६८ | छैन |
| ३७३। २०८०। ११।१५ | वडा नं ७ र ९ को सिमाना हरियो चउर स्थानमा बाटो स्तरोन्नतिको लागि वाल निर्माण | मनमैजु उपभोक्ता समिति | २६४२७६९ | २६९९१२१ | २११२००० | ५८७१२१ | छैन |
| ३४४। २०८०। ११।०२ | ग्याडोलबाट उत्तरतर्फ फुटुङ्ग ७ को सीमाना जाने बाटोको ढल निर्माण | ग्याडोल उपभोक्ता समिति | २६४१२६० | २६१०९६१ | २१७४७०० | ४३६२६१ | छैन |
| ७७२। २०८१। ०३।१८ | भण्डारी गाउँ क्रियापुत्री स्तरोन्नति तथा वाल निर्माण | भण्डारी गाउँ क्रियापुत्री स्तरोन्नति तथा वाल निर्माण उ स | २८८११०९ | २८८४५२२ | २३०४००० | ५८०५२२ | छैन |

पालिकाले उपभोक्ता समितिबाट २० लाखभन्दा बढी मूल्यको निर्माण कार्य गराउँदा बीमा गराउनुपर्दछ ।

## ८१ लागत अनुमान र दररेट विश्लेषण

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० बमोजिम स्वीकृत नर्म्स अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्दछ । लागत अनुमान तथा दर विश्लेषणको लागि नियम १४८ अनुसार दररेट निर्धारण समितिबाट ज्याला, निर्माण सामग्री तथा ढुवानीको दररेट निर्धारण हुने व्यवस्था छ । साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ मा गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनका लागि निर्माण सामग्री, ज्यालाको स्थानीय दररेट तोक्ने सक्ने व्यवस्था छ । उपभोक्ता समिति मार्फत निर्माण भएका योजनाहरुको बिल, भर्पाई परीक्षण गर्दा Non-Local निर्माण सामग्री स्थानीय बजारमा नै खरिद गरेको पाइएको र ती सामग्रीको दररेट पालिकाले लागत विश्लेषण गरी तय गरेको दरभन्दा सस्तो रहेको पाइयो ।लेखापरीक्षणको क्रममा

नमूना छनौट गरी यस सम्बन्धमा सिमेन्ट, ईट्टा, HDEP PIPE जस्ता सामानहरुको उपभोक्ता समितिले पालिकामा पेस गरेको बिल बीजक जिल्ला दर रेटभन्दा कम रेटमा पेस गरेको केही उदाहरण निम्न छन

| गो. भौ. नं.।मिति | कार्यक्रमको नाम | उपभोक्ता समितिको नाम | निर्माण सामाग्रीकोनाम | एकाइ | पालिकाले तयार गरेकोलागत अनुमान प्रतिएकाइ (भ्याट र ढुवानी बाहेक) | उपभोक्तासमितिले पेस गरेको बीजक बमोजिम स्थानीय सप्लायर्सको मूल्य (भ्याट र ढुवानीबाहेक) सप्लायर्सको नाम |
|---|---|---|---|---|---|---|
| ३४४। २०८०। ११।०२ | ग्याडोलबाटउत्तरतर्फ फुट्टुङ्ग ७ को सीमाना जाने बाटोको ढल निर्माण | ग्याडोलउपभोक्ता समिति | सिमेन्ट | प्रतिबोरा | ७०० | मनमैजुट्रेडर्स (प्यान नं.३०४५८४४९१) ले प्रतिबोरा रु.५९० का दरले ६० बोरा सिमेन्टकोउपभोक्ता समितिको नाममा बीजक पेस गरेको |
| ६००। २०८१। ०२।१४ | भुवनेश्वरमन्दिर परिसर सुधार | भुवनेश्वरमन्दिर परिसर सुधार उ स | ईट्टा | प्रतिगोटा | १५.०५ | जाल्पादेवीसप्लायर्स (प्यान नं६०३५२७२५० ) ले २२२०० वटा ईट्टा को प्रति गोटा रु.१३ कोउपभोक्ता समितिको नाममा बीजक पेस गरेको |
| | | | सिमेन्ट | प्रतिवोरा | ७०० | Om Tankeshwor Enterprises(PAN no 600787136) ले OPC Cement को प्रतिवबोरा रु.५८४दरले १४० बोराको र PPC Cement को प्रतिबोरा रु.५०४ का दरले १६२ बोराको उपभोक्तासमितिको नाममा बीजक पेस गरेको |
| ४०३। २०८०। ११।२४ | पिपल डाँडा सार्वजनिक जग्गासंरक्षण | पिपलडाँडा सार्वजनिक जग्गा संरक्षण उ.स. | ईट्टा | प्रतिगोटा | १५.०५ | के.आर. ट्रेड सप्लायर्स(प्यान नं.६१७२०११२०) ले ३५६० वटा ईट्टाको प्रतिगोटा रु.९ कोउपभोक्ता समितिको नाममा बीजक पेस गरेको |
| | | | सिमेन्ट | प्रतिवोरा | ७०० | Kaushika Hardwares Pvt.Ltd.(PAN no 601331864 ले PPC Cement को प्रतिबोरा रु.४३३ का दरले ६३० बोराको उपभोक्ता समितिकोनाममा बीजक पेस गरेको |
| | | | HDP Pipe | प्रति के जी | २८७ | Kaushika Hardwares Pvt.Ltd.(PAN no 601331864 ले HDP Pipe को प्रतिकेजी रु.१२८ का दरले१३२ के जी को उपभोक्ता समितिको नाममा बीजक पेस गरेको |
| २८६। २०८०। १०।१५ | पदमसाल नयाँ बस्ती उकालोबाटो ढलान | पदमसाल नयाँबस्ती टोल सुधार | सिमेन्ट | प्रतिबोरा | ७०० | श्रीबोहरा निर्माण सप्लायर्स.(प्यान नं. ६०८६६५२२५ ले OPC Cement को प्रतिबोरा रु.६७० का दरले २२४बोराको उपभोक्ता समितिको नाममा बीजक पेस गरेको |
| २६५। २०८०। १०।१० | देवस्थलीहातेमालो बस्तीभित्रको छिबेको डोल बाटो ढल तथा ढलान | देवस्थलीहातेमालो बस्तीभित्रको छिबेको डोल बाटो ढल तथा ढलान उ स | सिमेन्ट | प्रतिबोरा | ७०० | श्रीजयकाली काभ्रेस्थली ट्रेडिङ.(प्यान नं. ६०९०३९२८१) ले Cement को प्रतिबोरा रु.५३९ का दरले १६०बोराको उपभोक्ता समितिको नाममा बीजक पेस गरेको |
| | | | ईट्टा | प्रतिगोटा | १५.०५ | श्रीगौतम ईट्टा उद्योगको (प्यान नं. ६०८३१२८८८) ले ईट्टाको प्रतिगोटा रु७ का दरले २५०० गोटाको उपभोक्ता समितिको नाममा बीजक पेस गरेको |
| २५२। २०८०। | सुनौलोटोल बाटो | सुनौलोटोल सुधार समिति | सिमेन्ट | प्रतिबोरा | ७०० | Om Tankeshwor Enterprises(PAN no 600787136) ले OPC Cement को प्रतिवबोरा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १०।०८ | | | | | | रु.५८८दर ले २७० बोराको र PPC Cement को प्रतिबोरा रु.४९५ का दरले ११ बोराको उपभोक्तासमितिको नाममा बीजक पेस गरेको |

उपभोक्ता समितिहरुले पेस गरेको बिल बीजकमा निर्माण समाग्रीको दररेट जिल्ला दररेटभन्दा कम मूल्यमा पेस गरेको देखिन्छ। कम मूल्यमा निर्माण सामग्री स्थानीय बजारमा नै उपलब्ध हुने अवस्थामा स्थानीय तहले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनका लागि निर्माण सामग्री, ज्यालाको स्थानीय दररेट निर्धारण गर्नुपर्दछ ।

## ८२ सडक बत्ती व्यवस्थापन

८२.१ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१०) मा उपभोक्ता समितिले पाएको काम आफैंले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्याक्टरबाट गराउन नहुने उल्लेख छ । सोही नियममा कुनै कारणवश सो समिति वा समुदायले आफौंले काम सम्पन्न गर्ननसक्ने भएमा सोको सूचना सार्वजनिक निकायलाई दिनुपर्ने र त्यसरी सूचना प्राप्त भएपछि सार्वजनिक निकायले उपभोक्ता समितिसंगको सम्झौता रद्ध गरी सो काम सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम गराउनुपर्ने उल्लेख छ । त्यस्तै उपनियम ११ मा उपभोक्ता समितिबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कुल खर्चको विवरण सम्बन्धित निकायमा पेस गर्नुपर्ने उल्लेख छ। साथै सार्वजनिक खरिद ऐनको दफा ४४ मा उपभोक्ता समितिबाट सञ्चालन गरिने परियोजनाको मुख्य उद्धेश्य रोजगारी सृजना गर्नु रहेको उल्लेख छ ।यो वर्ष विभिन्न स्थानमा सडक वत्ती जडान कार्यको लागि विभिन्न उपभोक्ता समितिसँग पालिकाले सम्झौता गरेको र सो कार्य गरेको पाइयो।

| क्र.स. | गो.भौ.नं.(मिति) | उपभोक्ता समिति | पालिकाले व्यहोर्ने | सम्झौता रकम (लागत अनुमान) | सम्झौता बमोजिम उ.स.ले व्यहोर्नु पर्ने रकम | खुद भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | ७१(२०८०।०५।१९) | वडा नं.३ सडक बत्ती जडान उ.स. (वडा नं ३मा काम गरेको) | २११२०००।०० | २३५६६८६।०० | २,४४,६८६।०० | २०,८०,४४०।०० | सृष्टिपावर सोलुसन प्रा लि रु.२३५६६८६।०० |
| २ | ८४(२०८०।०५।१९) | उज्यालो नेपाल उ.स.(वडा नं ८मा काम गरेको) | २३५२०००।०० | २६२००३५।०० | २,६८,०३५।०० | १८,४०,४१०।०० | सृष्टि पावर सोलुसन प्रा लि रु.२१००३२१।०० |
| ३ | १२१(२०८०।०६।२९) | चिम्बर पोखरी उज्यालो नेपाल उ.स.(वडा नं ७मा काम गरेको) | १९२००००।०० | २१३४२५८।०० | २,१४,२५८।०० | १७,९१,६७०।०० | सृष्टिपावर सोलुसन प्रा लि रु.२१३४५५८।०० |
| ४ | १३७(२०८०।०७।०२) | साङ्ग्ला सडक बत्ती जडान उ.स.(वडा नं १ मा काम गरेको) | ९६००००।०० | १११६६३०।०० | १,५६,६३०।०० | ८,७६,७६२।०० | बाबाटेक सप्लार्यस प्रा ली रु.१०६५०३०।०० |
| ५ | ६१(२०८०।०५।१९) | सडक बत्ती पोल आदि भित्री गल्ली मन्दिर तथा सार्वजनिक स्थलको संरक्षण उ स(वडा नं ४मा काम गरेको) | २८८०००।०० | ३१८३५६।०० | ४६१७६।०० | २८५७८० ।०० | विगइलेक्ट्रिक बजार प्रा ली रु.२१३८५६।०० |
| ६ | ८३२(२०८१/३/२४) | बसन्ती ट्रेड एण्डसप्लार्यस प्रा लि(वडा नं ८मा काम गरेको) | १००००००।०० | ९७६९६५।०० | ० | ९७६९६५।०० | बसन्तीट्रेड एण्ड सप्लार्यस प्रा लि रु.९७६९६५।०० |
| जम्मा | | | | ९५३८७५२।०० | ९२९७८५।०० | | |

माथिको तालिका अध्ययन गरी उपभोक्ता समितिले गरेको कार्य पद्धतिको उदाहरण हेर्दा वडा नं. ०७ मा आवश्यक स्थानमा सडक बत्ती जडान योजना अन्तर्गत रु.२०,००,०००।– विनियोजन भएकोमा वडा नं. ०७ का विभिन्न स्थानमा सडक बत्ती जडान कार्यका लागि चिम्बर पोखरी उज्यालो उपभोक्ता समितिसँग पालिकाले रु. १९२००००।-र उपभोक्ता समितिले रु.२१४२५८।- व्यहोने गरी सम्झौता भई उपभोक्ता समितिले उक्त कार्यका लागि विभिन्न ३ आपूर्तिकर्तासँग दररेट माग गरी घटीवाला सृष्टि पावर सोलुसन प्रा लि बाट कार्य सम्पन्न गरेको देखियो।सृष्टि पावर सोलुसन प्रा लि ले रु.२१३४२५८। रकमको बील पेस गरेको र यसैको आधारमा पालिकाले व्यहोर्ने रकम रु. १९२००००।बाट कर कट्टि गरी चिम्बर पोखरी उज्यालो उपभोक्ता समितिलाई कर कट्टि गरी रु.१७९१७६०।भुक्तानी भएको देखिन्छ ।उपभोक्ता समितिले सम्पूर्ण कार्य सृष्टि पावर सोलुसन प्रा लि बाट सम्पन्न गरी निजको बीजक संलग्न गरी प्राविधिक मूल्यांकनको आधारमा भुक्तानी भएको देखियो तर उपभोक्ता समितिले व्यहोर्ने भनिएको रकम रु.२१४२५८। रकम के काममा व्यहोरेको हो सोको कुनै प्रमाण पेस भएको देखिएन। माथि उल्लेखखित सबै उपभोक्ता समितिले पनि यही पद्धतिबाट कार्य गरेको देखिन्छ।उपभोक्ता समिति रोजगार सृजना गर्नेतर्फको काममा केन्द्रित हुनपर्नेमा सामान खरिद गरी कार्य गर्नेतर्फ केन्द्रित भएको देखिन्छ जुन उपभोक्ता

समितिको मर्मविपरितको कार्य हो।सडक बत्तीसम्बन्धमा पालिकामा कुनैपनि खप्ने सामानको दाखिला भएको देखिदैन भने वारेन्टी, ग्यारेन्टी अवधि तथा मर्मत अवधिसम्बन्धमा केही पनि अभिलेखीकरण भएको पाइएन।योजनाको हस्तान्तरण भएको देखिदैन। उपभोक्ता समितिसँग आवश्यक प्राविधिक दक्षता नभएको र समिति आफैंले गर्न नसक्ने कार्यलाई पालिकाले सावर्जनिक खरिद ऐन , नियम बमोजिम प्रतिस्पर्धात्मक रुपमा सम्पन्न गर्नुपर्नेमा सो विपरित समितिसँगै सम्झौता गरेको तथा समितिले उक्त कार्य अन्य आपूर्तिकर्तासंग सम्झौता गरी सम्पन्न गराएको नियमसम्मत देखिएन। उपभोक्ता समितिले व्यहोर्ने भनिएको जनसहभागिता अंशको वास्तविक सहभागिता के मा भएको हो सोको स्पष्टता देखिएन। माथि उल्लेखित उपभोक्ता समितिहरुले जनसहभागिता बापतको गरेको खर्चको यथार्थपरक प्रमाण पेस गर्नुपर्ने अन्यथा असुल गर्नपर्ने रकम रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,२९,७८५ |

८२.२ जडान प्रतिवेदन: आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्त्व नियमावली,२०७७ को नियम ३९ को उपनियम (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । पालिकाबाट उपभोक्ता समितिमार्फत विभिन्न स्थानमा सडक बत्ती खरिद भएकोमा जडान प्रतिवेदन तथा वारेन्टी पेस नभएकोले सोको प्रमाण पेस गर्नुपर्ने रु.

| क्र सं. | आपूर्तक/उपभोक्ता समितिको नाम | रकम |
|---|---|---|
| १ | वडा नं.३ सडक बत्ती जडान उ.स. (वडा नं ३मा काम गरेको) | २०,८०,४४० |
| २ | उज्यालो नेपाल उ.स.(वडा नं ८मा काम गरेको) | १८,४०,४१० |
| ३ | चिम्बर पोखरी उज्यालो नेपाल उ.स.(वडा नं ७मा काम गरेको) | १७,९१,६७० |
| ४ | साङ्ग्ला सडक बत्ती जडान उ.स.(वडा नं १ मा काम गरेको) | ८, ७६ , ७६२ |
| ५ | सडक बत्ती पोल आदि भित्री गल्ली मन्दिर तथा सार्वजनिक स्थलको संरक्षण उ स(वडा नं ४मा काम गरेको) | २८५७८० |
| ६ | बसन्ती ट्रेड एण्ड सप्लार्यस प्रा लि ( वडा नं ८मा काम गरेको ) | ९७६९६५ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७८,५२,०२७ |

८२.३ सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ को उपदफा २ मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने भन्ने व्यवस्था छ। साथै दफा ९ मा सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा सम्भव भएसम्म खुला रुपमा बोलपत्र आव्हान गरी गर्नु पर्ने र योग्य बोलपत्रदातालाई त्यस्तो खरिद प्रक्रियामा सहभागी हुन विना भेदभाव समान अवसर प्रदान गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८ मा वार्षिक दश लाखभन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तो खरिद योजनामा खरिदको प्रकारसम्बन्धी, खरिदको सम्भावित प्याकेज, खरिद कारबाहीको समय तालिका, खरिद विधि , खरिदका लागि गरिने सम्झौताको किसिम लगायतका कुराहरु उल्लेख गर्नुपर्ने व्यवस्था छ । पालिकाको वडा नं. ८ मा उज्यालो नेपाल उपभोक्ता समिति र बसन्ती ट्रेड एण्ड सप्लायर्स प्रा लि ट्रेड सप्लायर्समार्फत गरी जम्मा रु.२८१७३७५।०० रकमको सडक बत्तीको कार्य गरेको देखिन्छ । पालिकाले खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गरेको देखिन्छ । पालिकाले खुला रुपमा बोलपत्र आव्हान गरी खरिद गरेको देखिएन। एउटै वडामा पनि उपभोक्ता समिति र सप्लायर्सबाट कार्य गराएको देखिन्छ। यससम्बन्धमा सडक बत्तीसम्बन्धी कार्य दोहोरो परेको नपरेको सम्बन्धमा पालिकाबाट अनुगमन गरेको देखिदैन । पालिकाले खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा पारेर खरिद गर्नु हुदैन, वार्षिक खरिद योजना तथा सम्भावित प्याकेज बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्दछ। योग्य बोलपत्रदाताहरुलाई खरिद प्रक्रियामा सहभागी हुन खुला र समान अवसर प्रदान गर्नुपर्दछ । पालिकाले सडक बत्तीसम्बन्धी कार्य दोहोरो परे नपरेको सम्बन्धमा अनुगमन गरी दोहोरो नपरेको सुनिश्चित गरेरमात्र कार्यक्रम कार्यान्वियन गर्नु गराउनु पर्दछ ।

८३ **बढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा नमुना छनौट गरी देहायका उपभोक्ता समितिहरुको भुक्तानी गर्दा देहायको रकम बढी भुक्तानी भएको देखिन्छ ।

क) ७२६।२०८१।०३।१७ दुलाल टोल जाने बाटो निर्माण गर्दा Roadway excavation in all types of soil by both mechanical means & Manual mean बाट काम गराउँदा १९०।७५ परिमाणको काम भएकोमा २१९।३७ परिमाणको भुक्तानी भएकोमा दुलाल टोल जाने बाटो निर्माण उपभोक्ता समितिबाट बढी परिमाण २८।६२ को रु.१५८।१९ का दरले बढी भुक्तानी भएको रकम रु.४५३०। असुल गर्नुपर्दछ।

ख) ३७३।२०८०।११।१५ वडा नं.७ र ९ को सीमाना हरियो चउर स्थापनामा बाटो स्तरोन्नतिको वाल निर्माण गर्ने जिम्मा पाएको मनमैजु उपभोक्ता समितिले पेस गरेको सिमेन्ट र बालुवाको बील अनुसार कार्यसम्पन्न मूल्याङ्कन अनुसार ६६४ बोरा सिमेन्ट र ७४।८४ घ मि बालुवा लाग्नुपर्ने देखिन्छ तर भुक्तानी हुँदा ७३० बोरा सिमेन्ट र ७६।६४ बालुवाको बीजक जारी गरी कामभन्दा बढी बीजक जारी गरी भुक्तानी भएको देखिन्छ।प्रतिबोरा रु.६९१।दरले ६६ बोरा सिमेन्टको रु.४५६०६ र प्रति घ. मि. रु.३४५७।४४ का दरले १।८ घ. मि. को रु.६२२३। गरी बढी भुक्तानी भएको रकम जम्मा रु.५१८३०।०० असुल गर्नुपर्दछ ।

ग) ३४४।२०८०।११।०२ ग्याडोलबाट उत्तरतर्फ फुटुङ ७ जाने बाटोको ढल निर्माण गर्दा Brick Masonry wall(1:4) मा लागत अनुमान अनुसार प्रतिईट्टा दर रु.१५।०५ तोकिएकोमा ग्याडोलबाट उत्तरतर्फ फुटुङ ७ जाने बाटोको ढल निर्माण उपभोक्ता समितिले पेस गरेको बीजक अनुसार प्रति ईट्टा दर रु.१६।०० का दरले ८७५० वटा ईट्टाको भुक्तानी गरेको देखिन्छ। प्रतिईट्टामा रु.०।९५ दरले ८७५० वटा ईट्टाको रु.८३१२।०० रकम बढी भुक्तानी भएको देखिन्छ। त्यस्तै ग्याडोलबाट उत्तरतर्फ फुटुङ्ग ७ को सीमाना जाने बाटोको ढल निर्माणको लागि ग्याडोल उपभोक्ता समितिले कार्यसम्पन्न प्रतिवेदन अनुसार रु.७००।०० को दरले २७ बोरा सिमेन्ट लाग्नुपर्ने र सोबापतको रु.१८९००।०० (भ्याटबाहेक) भुक्तानी हुनुपर्नेमा उपभोक्ता समितिले रु.५९०।०० को दरले ६० बोराको रु.३५४००।०० (भ्याटबाहेक) भुक्तानी गरेको देखिन्छ। जुन मूल्याङ्कन गरिएको भन्दा रु.१६५००।०० (भ्याटबाहेक) रकम बढी मूल्याङ्कन भई बढी भुक्तानी भएको देखिन्छ। यस कार्यको लागि ग्याडोलबाट उत्तरतर्फ फुटुङ ७ जाने बाटोको ढल निर्माण उपभोक्ता समितिलाई बढी भुक्तानी भएको रकम रु.२४८१२।०० असुल गर्नुपर्दछ ।

घ) २५२।२०८०।१०।०८ सुनौलो टोल बाटो निर्माण गर्न सुनौलो टोल सुधार समितिले गरेक कार्यको नापी किताब हेर्दा Roadway excavation(JCB) बाट रु.१५०१।००,Crusher Run Macadam काम गर्न Grader ले रु.१४३७।०० र Roller ले रु.९९०।०० बराबरको काम गरेको देखिन्छ । त्यस्तै 1:2:4 को काम गर्न Mixer ले रु.७९२७।०० र Generator को रु.६५१३।०० बराबरको काम भएको देखिन्छ । जसअनुसार मेशिनबाट काम रु.१८३६८।०० (भ्याटबाहेक) बराबरको काम भएको देखिन्छ भने समितिले रु.२०७००।०० (भ्याटबाहेक) जारी गरी पालिकाबाट कार्यसम्पन्नभन्दा बढी भुक्तानी भएको रकम रु.२३३२।०० असुल गर्नुपर्दछ।

ङ) २००।२०८०।०९।२४ कालीदेवी खेल मैदान जाने बाटो स्तरोन्नति गर्न पालिकाले व्यहोर्ने गरी रु.१५०००००।०० बजेट व्यवस्था भएको देखिन्छ भने लागत अनुमान रु.१८०४१३३।०० स्वीकृत भई कालीदेवी खेल मैदान जाने बाटो स्तरोन्नति उपभोक्ता समितिबाट रु.३६४१३३।०० व्यहोर्ने गरी पालिकासँग मिति २०८०।०७।२३ मा सम्झौता भएको देखिन्छ । उपभोक्ता समितिले कार्यसम्पन्नबापत रकम रु.१७९६३१३।०० पेस गरेको देखिन्छ। उपभोक्ता समितिले व्यहोर्ने बराबरको रकम रु.३०२८१५।०० अनुपातिक कट्टी गरी पालिकाले रु.१४९३४९८।०० भुक्तानी गर्नुपर्ने देखिन्छ तर पालिकाले रु.१५०००००।०० भुक्तानी गरेको देखिन्छ। पालिकाले उपभोक्ता समितिलाई अनुपातिक कट्टी नगरी बढी भुक्तानी गरेको रु.६५०२।०० रकम असुल गर्नुपर्दछ ।

च) ५८।२०८०।०५।१९ दियालो हाउजिङ्गबाट सुनौलो टोल जाने बाटो स्तरोन्नति गर्न पालिकाले व्यहोर्नेगरी रु. २००००००।०० बजेट व्यवस्था भएको देखिन्छ भने लागत अनुमान रु.२१४०६७३।०० स्वीकृत भई दियालो हाउजिङ्गबाट सुनौलो टोल जाने बाटो स्तरोन्नति उपभोक्ता समितिबाट रु.२२०६७३।०० व्यहोर्ने गरी पालिकासँग मिति २०७९।११।१८ मा सम्झौता भएको देखिन्छ।यस

कार्यको लागि उपभोक्ता समितिले पेस गरेको कार्यसम्पन्न प्रतिवेदनमा बाटो स्तरोन्नति गर्दा ईट्टाको प्रयोग गरेबापत रकम रु.२४५६८।०० भुक्तानी भएकोमा बीजक चाँहि रु.१८५२५।००को पेस गरेको पाइयो। कार्यसम्पन्नमा भन्दा कम बीजक पेस गरेकोले बढी भुक्तानी भएको रकम रु.६०४३।०० असुल गर्नुपर्दछ।

यसरी विभिन्न उपभोक्ता समितिलाई बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.....

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१९** को निर्णयले रू **७,६२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९६,०४९ |

८४ **आई. सी. टी. कन्फरेन्स हल एण्ड डिजिटल रेडियो स्टुडियो** (७८-२०८०-५-१९):

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ को उपदफा २ मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने भन्ने व्यवस्था छ।साथै दफा ९ मा सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा सम्भव भएसम्म खुला रुपमा बोलपत्र आव्हान गरी गर्नु पर्ने र योग्य बोलपत्रदातालाई त्यस्तो खरिद प्रक्रियामा सहभागी हुन विना भेदभाव समान अवसर प्रदान गर्नुपर्ने व्यवस्था छ । ग्रामिण आदर्श बहुमुखी क्याम्पसले आई. सी. टी. कन्फरेन्स हल एण्ड डिजिटल रेडियो स्टुडियो निर्माण कार्य गर्दा ले क्याम्पसले आई. सी. टी. कन्फरेन्स हल छुट्टै कोटेसन र डिजिटल रेडियो स्टुडियोको छुट्टै कोटेसनबाट कार्य गरेको देखिन्छ । क्याम्पसले खरिद प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा पारी खरिद गर्न हुदैन र सम्भव भएसम्म खुला रुपमा बोलपत्र आव्हान गर्नुपर्ने देखिन्छ भने क्याम्पसले रु.४२६९१९०।०० को कार्यसम्पन्न पेस गरेकोमा भ्याट बापतको रकम रु.४०४७१५।०० भुक्तानी गरेको देखिन्छ तर क्याम्पसले यस कार्यक्रमसम्बन्धमा कुनै भ्याट बिल बीजक पेस गरेको देखिदैन। क्याम्पसले भुक्तानी भए बराबरको भ्याट बीजक पेस गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रकम रु.....

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,०४,७१५ |

८५ **उपभोक्ता समितिको कार्यको म्याद थप**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सिर्जित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउनु पर्ने व्यवस्था छ।सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम ३ मा सार्वजनिक निकाय र उपभोक्ता समितिबीच गरिने काम वा सेवासम्बन्धमा खरिद सम्झौता गर्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न उपभोक्ता समितिसँग गरेको सम्झौतामा उल्लेख भएको म्यादभित्र उपभोक्ता समितिले योजना सम्पन्न गरिसक्नुपर्ने छ। कुनै कारणवश योजना सम्पन्न हुन नसकेमा सम्पन्न हुन नसक्नुको कारणसहित म्याद सकिने अवधिभन्दा ७ दिन अगावै उपभोक्ता समितिले सम्बन्धित स्थानीय तहमा निवेदन दिनु पर्ने उल्लेख छ ।"

लेखापरीक्षणको क्रममा नमुनाको रुपमा छनौट भएका देहायका उपभोक्ता समितिहरुको म्याद थपसम्बन्धमा देखिएको बेहोरा निम्नानुसार छन्

क) २९/२०८०।०५।१८ खडग भञ्ज्याङ महादेव खोला काभ्रेस्थली बाटो बनाउन जिम्मा पाएको सृजनशील उपभोक्ता समितिले पालिकासँग रु.५३३७७६५।रकमको मिति २०७९।०८।१३ मा सम्झौता गरी मिति २०७९।११।१२ सम्म सम्पन्न गर्ने गरी सम्झौता गरेको देखिन्छ। पालिकाले अनुगमन समितिको प्रतिवेदन २०८०।०३।०९ गते कार्यसम्पन्न भएको भनी पेस गरेको देखिन्छ । उपभोक्ता समितिले पनि मिति नखुलाई कार्यसम्पन्न भएको भनी खर्चको सार्वजनिकरण गरेको देखिन्छ। बाटो विवाद र उक्त सडकमा ११ के भी ए हाइटेन्सन लाइन रहेको र उक्त लाइन स्थानान्तरणको प्रक्रिया नै ३/४ महिना भन्दा बढी समय लागेको हुँदा योजना सम्पन्न गर्न २०८०। असार १५ गतेसम्म म्याद थपको लागि निवेदन दिएको तर निवेदनमा मिति उल्लेख भएको देखिँदैन ।

ख) ९६/२०८०।०५।२९ ऐश्वर्य नगर भित्री बाटो स्तरोन्नति गर्न जिम्मा पाएको ऐश्वर्य नगर भित्री बाटो स्तरोन्नति उपभोक्ता समितिले पालिकासँग रु.३४६७३५३।०० रकमको मिति २०७९।१२।०६ मा सम्झौता गरी मिति २०८०।०२।३० सम्म सम्पन्न गर्ने गरी सम्झौता गरेको देखिन्छ। उपभोक्ता समितिले मिति २०८०।०३।१५ मा खर्चको सार्वजनीकरण गरेको देखिन्छ भने पालिकाको अनुगमन समितिले अनुगमन गरेको प्रतिवेदन पेस गरेको देखिदैन तर उपभोक्ता समितिले मिति २०८०।०३।२२ आन्तरिक योजना अनुगमन गरेको देखिन्छ भने उपभोक्ता समितिले मिति २०८०।०३।१७ मा म्यान पावर तथा लेवर नभएको कारण काम ढिला हुन गएको भनी म्याद थपको निवेदन पेस गरेको देखिन्छ ।

ग) ८३/२०८०।०५।१९ घ्यापेगरा थली गाउँ कार्की थोक बाटो जिम्मा पाएको घ्यापेगरा थली गाउँ कार्की थोक बाटो उपभोक्ता समितिले पालिकासँग रु.३७३९८५०।०० रकमको मिति २०७९।११।१५ मा सम्झौता गरी मिति २०८०।०२।२५ सम्पन्न गर्ने गरी सम्झौता गरेको देखिन्छ। उपभोक्ता समितिले मिति २०८०।०२।२९ मा खर्चको सार्वजनीकरण गरेको देखिन्छ भने २०८०।०३।१७ मा यस कार्य सम्पन्न भएको तर यस योजनाको अनुगमन कार्य समय मै नभएकोले भनी म्याद थपको निवेदन पेस भएको देखिन्छ । खर्चको सार्वजनीकरण तथा कार्य सम्पन्न भए पनि उपभोक्ता समितिले विभिन्न कारण देखाई म्याद थपको लागि निवेदन पेस गरेको देखिन्छ। म्याद थपसम्बन्धमा सम्झौतामा व्यवस्था भए बमोजिम सम्झौताको म्याद सकिनुभन्दा सात दिन अगाडी म्याद थपको निवेदन दिनुपर्नेमा काम सकिए पनि म्याद थपको निवदेन सम्झौता सकिएपछि दिएको देखिन्छ। जुन निवेदनको कुनै औचित्य नदेखिएपनि पालिकाले म्याद थप सदर गरेको देखिन्छ ।

घ) पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित नगरी पुँजीगत तर्फ ९३ वटा उपभोक्ता समितिलाई योजना तथा कार्यक्रमको रु.१५४४७६०००।०० भुक्तानी दिएको देखिन्छ। पालिकाले आर्थिक वर्ष २०७९।०८० को उपभोक्ता समितिबाट गर्ने गरी तय भएका ९३ वटा कार्यक्रमहरुको रु.१५४४७६०००।०० रकमको भुक्तानी दिन बाँकी दायित्वहरुको थप भार आर्थिक वर्ष २०८०।०८१ मा सारेको देखिन्छ। जसले गर्दा आर्थिक वर्ष २०८०।०८१ मा प्राथमिकतामा पर्न सक्ने धेरै योजना प्राथमिकतामा नपर्न सक्ने तथा पालिकाको आन्तरिक आयमा थप व्ययभार बढ्न गएको देखिन्छ। उपभोक्ता समितिले सम्झौता अनुसार पालिकालाई समयमै म्याद थप सम्बन्धमा निवदेन दिई कार्य गर्नुपर्ने देखिन्छ। पालिकाले उपभोक्ता समितिको कार्यमा आवश्यक अनुगमन गरी समयमै काम सक्न ध्यान केन्द्रित हुनुपर्छ र पालिकाले आन्तरिक आयलाई मध्यनजर गर्दै प्राथमिकतापूर्ण र यथार्थपरक एवम् श्रोतको सुनिश्चित गरी बजेट तथा कार्यक्रम तय गरी धान्न सकिने विकासमा जोड दिनुपर्दछ ।आगामी वर्षलाई दायित्व सर्ने गरी खर्च गर्ने प्रवृत्तिमा नियन्त्रण हुनु पर्दछ ।

८६ **कर्मचारी प्रोत्साहन भत्ता :-**

स्थानीय सरकार सञ्चालन ऐन ,२०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका सर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको सर्त तथा सुविधासम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । पालिकाले यो वर्ष रु . ८५६८०५८।०० वितरण गर्दा पालिकालाई थप व्ययभार परेको छ । कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता प्रणालीको रुपमा कार्यसम्पादन मापन गर्न मिल्ने सूचक ,कार्यविधी तथा मापदण्ड तयार गरेर भत्ता वितरण उल्लिखित मापन तथा सूचकको आधार नलिई प्रमुख प्रशासकीय अधिकृत देखि श्रेणि विहिन कर्मचारी सम्मका २३५जना कर्मचारीलाई ३५ प्रतिशत एकमुष्ठ रु ८५६८०५८।०० वितरण गरेको छ। प्रोत्साहन भत्तालाई कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणालिमा आवद्ध गरी कार्यसम्पादन मापन गरी भत्ता वितरण गरिनु पर्दछ ।

| सि.नं. | पद | कर्मचारी संख्या | भत्ता प्रतिशत | यो वर्ष भुक्तानी रु |
|---|---|---|---|---|
| | विभिन्न | २३५ | ३५ | ८५६८०५८ |

८७ **दिगो विकास लक्ष्यहरुको स्थानीयकरण योजना २०८१ प्रतिवेदन :-**

दिगो विकास लक्ष्यहरुको स्थानीयकरण योजना, २०८१ नामक प्रतिवेदन तयार गरेबापत थ्रेसहोल्ड इन्जिनियरिङ्ग सलुसन प्रा.लि. लाई रु.४,७२, ३६४। लाई भुक्तानी दिइएको देखियो ।पालिकाले परामर्श सेवाको लागत अनुमान तयार गरेर कार्य क्षेत्रगत सर्त [TOR] तोकी प्रस्ताव माग गर्नु पर्नेमा लागत अनुमान बेगर बजेट रु ५ लाखको आधारमा प्रस्ताव माग गरेको देखियो ।थ्रेसहोल्ड इन्जिनियरिङ्ग सलुसन प्रा.लि.को बाट हुन आएको प्रस्ताव तथा परामर्श फाईलमा प्यान दर्ता प्रमाणपत्रमा उल्लेखित कारोबारको प्रकृति सल्लाहकार ईन्जिनियरहरु मात्र उल्लेख रहेकोले यस्ता किसिमका प्रतिवेदनहरु तयार गर्ने कार्य उक्त प्रा.लि.लाई लगाउन मिल्ने नदेखिएको,कार्यक्षेत्रगत सर्तमा उल्लेख भए अनुसार टिम संरचना र निजहरुको योग्यता पेस नगरेको , पेस हुन आएको खर्च प्रस्तावनामा उल्लेखित budget break down को TOR र पालिकाको कार्य संचालन खर्चका मापदण्डमा उल्लेखित प्रति इकाई दर संग मेल खाएको देखिएन। कारोवारको प्रकृति तथा खर्च प्रस्तावनामा budget break down को प्रति इकाई दर कार्यालयको मापदण्ड भन्दा फरक देखिएकोले उक्त सम्झौता र भुक्तनी नियम सम्मत नदेखिएकोले रु

| | |
|---|---|
| अनियमित भएको | ४,७२,३६४ |

८८ **डि . पि .आर . खर्च :-**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ क मा परामर्श सेवा खरिद गर्दा सम्वन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिवाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था रहेको छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार सम्भाब्यता अध्ययन तथा डि. पि.आरका लागि निम्न परामर्शदाताबाट कार्य गराएको देखिन्छ । लागत अनुमानको आधार स्पष्ट नभई बजेटको भएको तथा प्रतिवेदनहरुको कार्यान्वयन गराएको देखिएन । परामर्श खर्चमा मितव्ययिता कायम गर्न यस्ता डि. पि .आर आफ्नै जनशक्तिवाट गराउने , यसरी अध्ययन तयार भएका प्रतिवेदनहरुलाई आयोजनाहरुको कार्यान्वयनमा आधार लिई निर्माण कार्य गर्ने र प्रतिवेदनहरुको व्यवस्थित अभिलेखाकंन गर्नु पर्दछ।

| कामको विवरण | परामर्शदाता | स्वीकृत रकम रु हजार | खर्च रकम रु हजार | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत रु हजार |
|---|---|---|---|---|
| छन्त्याल संग्रहालय निर्माण | के.एण्ड.एस.कन्सल्टेन्सी | ४९७।६४२ | ४९०।२०० | १६५०३ |
| बौडेश्वर मन्दिर तथा झरना परिसर निर्माण | मार्गदर्शन एण्ड कन्सल्ट प्रा.लि. | ४९६।९५६ | ४९०।०० | २६१६९ |
| वडा नं ७ र १ जोड्ने **Motarable Bridge**निर्माण | गंगा इञ्जिनियरिंग कन्सल्टेन्सी | १५०० | १४९२।२७० | ३९२०६ |

८९ **कार्यक्रम फरक :-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा स्वीकृत बजेटबाट खर्च गर्ने अधिकार प्राप्त अधिकारीले स्वीकृत बजेट सीमा भित्र सम्बन्धित खर्च शीर्षकमा रही खर्च गर्ने र रकम कुनै योजनाको सम्बन्धमा भए सो योजना स्वीकृत बमोजिम खर्च गर्नुपर्ने व्यवस्था रहेको छ ।नमुना परीक्षण गर्दा पालिकाले गरेका खर्चहरु मध्ये फरक कार्यक्रम र खर्च शीर्षकबाट खर्च लेखाङ्कन गरेका केही उदाहरण निम्नानुसार छन ।खर्च गर्दा नियमको व्यवस्था पालना गरेको देखिएन ।वजेटरी नियन्त्रण र सीमाको परिपालना गरी खर्च गर्नु पर्दछ। फरक कार्यक्रम र खर्च शीर्षकबाट खर्च लेखाङ्कन गरेको नियम संगत नदेखिएको रु...

| सि नं | व उ शी नं | भौ नं | मिति | खर्चको प्रकृति | खर्च लेख्नु पर्ने कार्यक्रम | खर्च लेखेको कार्यक्रम | खर्च रु |
|---|---|---|---|---|---|---|---|
| २ | न पा चालु | ९५० | २०८१।३।२३ | औषधी खरिद | औषधी खरिद | प्रयोगशाला रिएजेन्ट खरिद | ५०३००० |
| ३ | न पा चालु | १०२५ | २०८१।३।२३ | वेकरी तालिम | वेकरी तालिम | डष्ट विन ।वेष्ट विन वितरण | ५०००० |
| जम्मा | | | | | | | ५५३००० |

| | |
|---|---|
| अनियमित भएको | ५,५३,००० |

९० **बढी संख्यामा सहभागिता खर्च भुक्तानी :-**

(९५७-२०८१-३-२१):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था रहेको छ।महिला सशक्तीकरण कार्यक्रम अन्तरगत २ महिने व्यूटिसियन तालिम संचालन गर्न छनोट भएको गंगवु व्यूटि पार्लर ट्रेनिङ सेन्टरले २० जनाको लागि रु.३०९७००।००को प्रस्ताव पेस गरेकोमा १९ जना प्रशिक्षार्थीलाई मात्र सहभागी गराएकोले बढी प्रशिक्षार्थी १ बराबरको समेत खर्च रु.१५४८५।०० भुक्तानी गरेको पाइएकोले असुल हुनु पर्ने रु...

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,४८५ |

९१ **आई ई ई प्रतिवेदन :-**

**खरिद प्रकृया :-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६ को उपनियम ७ अनुसार खरिद विधि छनोट, प्राविधिक तथा अन्य जनशक्ति व्यवस्थापन, लागत अनुमान तयार गर्ने तथा बोलपत्र आह्वान गर्ने जस्ता कार्य प्रथम त्रैमासिक अवधि भित्र सम्पन्न गर्ने गरी बजेट प्रस्ताव गर्नु पर्ने व्यवस्था रहेको छ ।पालिकाले साङ्ला खोला क्षेत्र मनोहर खोला देखि साङ्ला खोला निहुरे खोला हुंदै चुनिखोला दोभान सम्म, महादेव खोला घाट हुँदै थोकबाट बग्ने खोला चुनी खोला काभ्रेस्थली फुटुङ सिमाना करिब १ किलो मिटरमा ३ वटा क्षेत्रमा आ व २०८१ ।८२ को लागि आय ठेक्का प्रयोजन आई ई ई प्रतिवेदन तयार गर्न नेशनल ईन्स्टिच्युट अफ हेल्थ एण्ड ईन्भाईरोन्मेन्ट प्रा लि संग २०८१।२।१४ सम्म अन्तिम प्रतिवेदन पेस गर्ने गरी २०८० ।१२।१५ मा रु ९८६४९० को सम्झौता भएकोमा उक्त प्रा लि ले २०८१ ।२।८ मा अवधि उल्लेख नगरी म्याद थप माग गरेकोमा पालिकाबाट म्याद थप भएको देखिएन ।परामर्श दाताले २०८१ ।५।२४ मा अन्तिम प्रतिवेदन पेस गरेकोमा २०८१।५।२८ को कार्यपालिका बैठकबाट उक्त प्रतिवेदन स्वीकृत भएको पाईयो । ढिलो प्रतिवेदन पेस भएको कारण को आय ठेक्का समेत प्रभावित भई ढिलो ठेक्का लागेकाले लक्ष्य अनुसार राजस्व प्राप्तिमा असर पर्ने देखियो ।समयमै ठेक्का व्यवस्थापन गर्नु पर्दछ ।

**पूर्व निर्धारित क्षति पूर्ति:-** सार्वजिक खरिद यमावली २०६४को नियम १२१ मा परामर्शदाताको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रति दिन सम्झौता रकमको शुन्य दशमलव शून्य पाँच प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति दिनु पर्ने व्यवस्था छ । परामर्शदाताले म्याद थपको निवेदन दिएकोमा म्याद थप नभएको तथा १०४ दिन ढिलो गरी प्रतिवेदन बझाएकोले सम्झौता रकम रु ९८६४९०को पूर्व निर्धारित क्षतिपूर्ति रु. ५१२९७।४८ असुल गरेको नदेखिएकोले असुल हुनु पर्ने रु...

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५१,२९७.४८ |

९२ **प्रमाण पेस :-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था रहेको छ। पालिकाले निम्नानुसार भुक्तानी गरेकोमा गोश्वारा भौचरमा विल भर्पाई संलग्न नभएकोले पेस हुनु पर्ने रु...

| व उ शि नं | भौ नं | मिति | आपूर्तिकर्ता/सेवा प्रदायक | भुक्तानी रकम/खर्च रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| न पा चालु | ५८८ | २०८०।१२।७ | सक्कल एग्रो एण्ड सीड ट्रेडर्स | २११७७५ | बिल भर्पाई पेस नभएको |
| | ९०३ | २०८१।३।१४ | गोरखा पत्र संस्थान/ लुना क्रियशन | ५५५५०८ | बिल भर्पाई पेस नभएको |
| जम्मा | | | | ७६७२८३ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,६७,२८३ |

९३ **वितरण भर्पाई तथा सक्कल विजक :-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था रहेको छ। पालिकाले खुस्बु बस्त्रालय तुल्सिपुर दाङलाई १४३ थान MINk Blanket खरिद बापत रु

१००१८५।०० भुक्तानी दिएको पाईयो । खरिद भएको सामानको प्रयोजन, वितरण भर्पाई तथा सक्कल विजक पेस भएन । प्रयोजन , वितरण भर्पाई तथा सक्कल विजक पेस नहुँदा खरिदको आवश्यकता, औचित्य, लक्षित वर्ग र प्राप्ति तथा वीजक सम्बन्धमा विश्वस्त हुने आधार नभएकोले पेस हुनुपर्ने रु...

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,००,१८५ |

९४ **बढी भुक्तानी :-**

(३७१-२०८०-९-१९):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था रहेको छ। महिला लक्षित साबुन बनाउने तालिम कार्यक्रमको लागि रु ३००००० विनियोजन भएकोमा रु. ३६१०००।००को प्रस्तावना पेस भई महिला लक्षित साबुन बनाउने तालिम कार्यक्रम उपभोक्ता समितिलाई रु ३०००००।०० भुक्तानी भएको छ ।महिला उपभोक्ता समूहले पेस गरेको प्रस्तावनामा उल्लेखित दर भन्दा रु १३०९०।०० बढी भुक्तानी भएकोले असुल हुनु पर्ने रु...

| सि नं | प्रयोजन | भुक्तानी पाउने | सेसन /दिन | प्रस्तावना दर | भुक्तानी दर | बढी दर | जम्मा बढी | कर बाहेक रु. | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रशिक्षण | राम व श्रेष्ठ | ७ | १००० | २१०० | ११०० | ७७०० | ६५४५ | |
| २ | प्रशिक्षण | फुल कुमारी अधिकारी | ७ | १००० | २१०० | ११०० | ७७०० | ६५४५ | |
| जम्मा | | | | | | | | १३०९० | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १३,०९० |

९५ **परामर्श सेवा खरिद :-**

९५.१ **परामर्श कार्यमा विज्ञको उपयोग :-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ। यस कार्यालयले सञ्चालन गर्ने योजनाको Feasibility Study, Detail Engineering Survey, Soil Investigation & Detailed Design अध्ययन कार्यको प्राविधिक प्रस्ताव पेस गर्दा छनोट भएको परामर्शदाताले देहायको Expertise लाई उपयोग गर्ने भनी पेस गरेको पाइयो । Feasibility Study का लागि पेस गरिएको प्राविधिक प्रस्ताव र काम गर्ने विज्ञ सम्झौता विपरित नाम संलगन नगरी Draft Report पेस गरिएकोले कामको गुणस्तर र लागतमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । परामर्शदाताले पेस प्रतिवेदनमा नाम नै नराखेकोले सोही expert बाट काम भएको हो वा होइन यकिन हुने कागजात पेस हुनुपर्ने रु...

| व उ शी नं | काम | परामर्शदाता | प्रस्तावित expert जनशक्ति | अन्तिम प्रतिवेदन अनुसार संलग्न expert जनशक्ति | भुक्तानी सेवा शुल्क | कैफियत |
|---|---|---|---|---|---|---|
| नगरपालिका चालु | छन्त्याल संग्राहालय | के एण्ड एस कन्सलट्यान्स प्रा लि | १ Team - leader -Suman Nabigh Rajbhandari,<br>२ structure engineer -- Kancha Kaji Silwal<br>३ Civil engineer—Tara Prasad Pandit<br>४ Architect—A R Ramu Shrestha<br>५ E engineer – Lila Raj Gautam | नाम नराखेको | ४९७६४२ | |
| जम्मा | | | | | ४९७६४२ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,९७,६४२ |

९५.२ **डि पि आर** :- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ। यस कार्यालयले सञ्चालन गर्ने योजनाको Feasibility Study, Detail Engineering Survey, Soil Investigation & Detailed Design अध्ययन कार्यको प्राविधिक प्रस्ताव पेस गर्दा छनोट भएको परामर्शदाताले विज्ञहरुको नामावली संलग्न नगरी प्रस्ताव पेस गरेकोमा पालिकाले परामर्शदाता छनोट गरी काममा लगाई प्रतिवेदन लिएको पाईयो । नाम संलगन नगरी Draft Report पेस गरिएकोले कामको गुणस्तर र लागतमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । परामर्शदाताले पेस प्रस्ताव तथा प्रतिवेदनमा नाम नै नराखेकोले विज्ञबाट काम भएको हो वा होइन यकिन हुन नसकेको हुँदा यस्तो परामर्शकार्य तथा भुक्तानी नियम संगत नदेखिएको रु

| व उ शी नं | भौ नं | मिति | काम | परामर्शदाता | प्रस्तावित expert जनशक्ति | अन्तिम प्रतिवेदन अनुसार संलग्न expert जनशक्ति | भुक्तानी सेवा शुल्क रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | वोडेश्वर मनदिर तथा झरना परिसर निर्माण डि पि आर | मार्गदर्शन एण्ड कन्सलट्यान्स प्रा लि | १ Team - leader structure engineer - नाम नराखेको<br>२ Sociologist-नाम नराखेको<br>३ Anthropologist -नाम नराखेको<br>४ Civil engineer-नाम नराखेको<br>५ Surveyer-नाम नराखेको | प्रतिवेदनमा नाम नराखेको | ४९०००० | प्रस्ताव तथा प्रतिवेदन दुवैमा नाम नराखेको |
| | | | देवस्थली पार्कको डि पि आर | Hints Consultants pvt ltd | १ Team - leader arichtect/senior civil- नाम नराखेको engineer<br>२ Arichtect-नाम नराखेको<br>३ Sociologist / Environmentlist- नाम नराखेको<br>४ CAD operator-नाम नराखेको<br>५ Oversior-नाम नराखेको<br>६ Surveyer-नाम नराखेको | प्रतिवेदनमा नाम नराखेको | ४८८१६० | प्रस्ताव तथा प्रतिवेदन दुवैमा नाम नराखेको |
| जम्मा | | | | | | | ९७८१६० | |

| अनियमित भएको | ९,७८,१६० |
|---|---|

९६ **बढी भुक्तानी** (३९३-२०८०-११-२३):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३५(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल भरपाई तथा प्रमाण कागजात संलग्न हुनुपर्ने व्यवस्था रहेको छ । झुलाफाँट मूल सडककार्य TARA/21/NCB/080-081 को लागत अनुमान पि.एस. र भ्याट सहित रु.२४७४५४३।१४ हुने गरी वोलपत्र आव्हान गरेकोमा मनसुन इन्फ्रास्ट्रक्चर प्रा.लि.को वोलपत्र सारभुत रुपमा मुल्याङ्कनमा पास भई उक्त निर्माण व्यवसायिसँग मिति २०८०।९।४ मा पि.एस. र भ्याट सहित रकम रु.२३५२२२०।

९७ मा मिति २०८०।१२।३० मा सम्पन्न गर्ने गरी सम्झौता भएको देखिन्छ । सम्झौता वमोजिम उक्त निर्माण व्यवसायिले मिति २०८०।११।१५ मा कार्य सम्पन्न गरि विल पेस गरेकोमा कार्यसम्पन्न प्रतिवेदन बमोजिम रकम रु.२३५२२२०।०० को कार्य भएको देखिएकोमा गौ.भौ.३९३।०८०।११।२३ बाट बजेट खर्च रु.२३७७५६३।०० लेखि रकम रु.२५३४३।०० बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २५,३४३ |

९७ **पि.एस.आईटम** (७७७-२०८१-३-१८):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३५(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल भरपाई तथा प्रमाण कागजात संलग्न हुनुपर्ने व्यवस्था रहेको छ ।पालिकाले शिव मन्दिरदेखि पिपलबोट बाटो निर्माण कार्यको TARA/06/NCB/080-081 को लागत अनुमान पि.एस. र भ्याट सहित रु.११२९११७१।८६ हुने गरी बोलपत्र आव्हान गरेकोमा प्रकृति कन्स्ट्रक्सन प्रा.लि.सँग मिति २०८०।०८।१७ मा पि.एस र भ्याट सहित रकम रु.७८६७३७६।०० मा मिति २०८१।३।१५ भित्र सम्पन्न गर्ने गरी सम्झौता भएको देखिन्छ। सम्झौता बमोजिम उक्त निर्माण व्यवसायीले मिति २०८१।२।२४ मा कार्य सम्पन्न गरी बिल पेस गरेकोमा कार्यसम्पन्न प्रतिवेदन अनुसार रु.७१७३८५८।०० को खुद काम भै अन्तिम किस्ता बापत रु.४८०८१०७।०० भुक्तानी भएकोमा पि.एस. आईटममा उल्लिखित electric works को रु.२०००००।०० को काम अर्को निर्माण व्यवसायी रिद्धिसिद्धि कन्स्ट्रक्सनलाई लगाई उसको बिल पेस गरेको देखिएकोमा उक्त कामको लागत अनुमान तथा नापी किताब संलग्न नभएकोले सो पेस हुनुपर्ने रु...

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,००,००० |

९८ **बीमा**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११२ (३) क मा रु.२० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री, प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि वाहेक सम्पुर्ण जोखिम बहन गर्ने गरी बीमा गराउनु पर्ने तथा बीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ । नागार्जुन मा.वि फुयाँलथोक चौगाउ बाटो निर्माण कार्य TARA/06/NCB/079-080 को लागत अनुमान पिएस भ्याट सहित रु.१९५७०५२८।०० गरी बोलपत्र आव्हान गरेकोमा फ्रिम्यान विजनेशको बोलपत्र सारभुत रुपमा मुल्याङ्कनमा पास भई उक्त निर्माण व्यवसायिसँग मिति २०७९।१०।६ मा रकम रु.१२९३७०५२।०० (पिएस भ्याट सहित) मा मिति २०८०।२।२० मा सम्पन्न गर्ने गरी सम्झौता भएकोमा म्याद थप पश्चात २०८०।८।१५ मा सम्पन्न गर्ने मिति कायम भएको देखिन्छ । उक्त निर्माण व्यवसायिलाई गौ.भौ. १९१।०८०।९।१८ बाट कार्य सम्पन्न पश्चात अन्तिम भुक्तानी रु.६३३६३९६।०० भएकोमा निर्माण व्यवसायिले लागत अनुमान तथा बिओक्युमा उल्लेख भए अनुसार रु.५००००।०० को बिमा गराएको देखिएन र मुल्याङ्कनमा पनि बिमाको रकम जोडीएको देखिएन तर नियममा भएको व्यवस्था बमोजिम निर्माण स्थलमा हुन सक्ने जोखिम बहन गर्ने गरी बीमा गर्नु गराउनुपर्नेमा सो गरिएको देखिएन । कार्यालयले अनिवार्य रुपमा बीमा गराएर मात्र कार्य गर्नुगराउनु पर्दछ ।

९९ **पेश्की फछर्यौट हुन छुट भएको**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा आपूर्तिकर्ता निर्माण व्यवसायी वा सेवा प्रदायकलाई पेस्की दिने तथा फछ्र्यौट गर्ने व्यवस्था छ। कार्यालयले विभिन्न निर्माण कार्यको पेश्की दिएको रकम अन्तिम बिल भुक्तानी गर्दासम्म पनि पेश्की फछर्यौट नभई बढी भुक्तानी भएका केही योजना लेखापरीक्षणका क्रममा देखिएकोले अन्य योजनाको पनि पेश्की फछ्र्यौट बाँकी सम्बन्धमा पालिकाले नै यकिन गरी बढी भुक्तानी भएको र पेश्की फछ्र्यौट पनि हुन छुटेका योजनाको असुल गरी पेश्की फछ्र्यौट गर्नुपर्दछ । अत; कार्यालयले भुक्तानी दिँदा पेश्की फछ्र्यौट भए नभएको यकिन गरी अन्तिम भुक्तानी दिनुपर्दछ । पेश्की फछर्यौट हुन छुट भएका केही उदाहरण निम्न अनुसार छन्:

(क) गोलढुङ्गा खेल मैदान कार्य - TARA/R10/NCB/079-080 को लागत अनुमान पि.एस. भ्याट सहित रु.१९९९९५९१।०४ गरी बोलपत्र आव्हान गरेकोमा हेम समर जे.भी.को बोलपत्र सारभूत रुपमा मूल्यांकनमा पास भई उक्त निर्माण व्यवसायीसँग मिति २०७९।

११।१० मा रकम रु.१४७६१७१०।८५ (पि.एस. भ्याट सहित) मा मिति २०८०।३।३० मा सम्पन्न गर्ने गरी सम्झौता भएको देखिन्छ । सम्झौता बमोजिम उक्त निर्माण व्यवसायीलाई गत आ.व. मा गो.भौ.नं ३३४।०७९।११।२१ बाट रु.२९५२३४२।०० पेश्की भुक्तानी भएकोमा गो.भौ.नं.५१०।०८०।१।१७ बाट बजेट खर्च रु.९१५४५०४।०० लेखेकोमा रु.१८०००००।०० मात्र पेश्की फछ्र्यौट भएको देखिन्छ । चालु आ.व.को गो.भौ.नं.९२।०८०।५।२४ बाट बजेट खर्च रु.३४४०४०५।०० लेखि रु.७०००००।०० पेश्की फर्छयौट गरेको देखिन्छ । निर्माण व्यवसायीले म्याद थप समेत २०८०।६।३० मा सम्पन्न गर्नुपर्नेमा २०८०।८।१० मा सम्पन्न गरेकोले ४१ दिनको क्षतिपुर्ति बापत प्रतिदिन ६५३१ का दरले रु.२६१२६९।०० क्षतिपूर्ति लगाउने निर्णायानुसार अन्तिम भुक्तानीको लागि रु.२०२५५१६।००को मूल्यांकन भै आएकोमा क्षतिपूर्ति बापतको रु.२६१२६९।०० र बाँकी पेश्की रु.४५२३४२।०० सहित रु.७१३६११।०० घटाएर रु.१३११९०५।०० भुक्तानी गर्नुपर्नेमा गो.भौ.नं ७८०।०८१।३।१८ बाट भुक्तानी गर्दा मूल्यांकन अनुसारको रु.२०२५५१६।०० बाट क्षतिपूर्ति बापतको रु.२६१२६९।०० मात्र घटाएर अन्तिम किस्ता रु१७६४२४६।०० भुक्तानी भएको देखिन्छ । अत: निर्माण व्यवसायीलाई अन्तिम भुक्तानी भैसक्दा पनि पेश्की नघटाई पूरै भुक्तानी भएकोले उक्त निर्माण व्यवसायीको पेश्की फछ्र्यौट नभई बढी भुक्तानी भएको रकम असुल गरी पेश्की फछ्र्यौट गर्नुपर्ने रु.४५२३४२।००

(ख) नेपालटार मनमैजु फुटुङ्ग साङ्गला बाटो थप कार्य - Tarakeshwor/R1/079-080 को लागत अनुमान रु.९७९९७१०।०१ (पिएस भ्याट सहित) कायम गरी बोलपत्र आव्हान गरेकोमा ड्रिमसिटी कन्स्ट्रक्सन प्रा.लि. को बोलपत्र सारभूत रुपमा मूल्याङ्कनमा पास भई उक्त निर्माण व्यवसायीसँग मिति २०७९।०९।११ मा रकम रु.६१२८१३८।१२ (पिएस भ्याट सहित) मिति २०८०।१।२९ मा सम्पन्न गर्ने गरी सम्झौता भएको देखिएकोमा असार मसान्तसम्म म्याद थप भई मिति २०८०।९।१६ मा कार्य सम्पन्न भएको देखिन्छ । उक्त योजनाको लागि गत आ.व. मा गो.भौ.२९१।०७९।११।०८ बाट पेश्की स्वरुप रु.८७९०००।०० गएको र गो भौ ५०३।०८०।०१।१४ बाट रकम रु.२९४४५५०।०० र चालु आ व ०८०।०८१ को गो.भौ. ४१६।०८०।१२।१३ बाट रकम रु.२८५७७९१।०० भुक्तानी हुँदा पनि पेश्की फछ्र्यौट भएको देखिएन।अत: पालिकाले यस निर्माण कार्यको कार्यसम्पन पश्चात सम्झौता अनुसारको रकम रु.६१२८१३८।१२ मा प्रथम किस्ताको रु.२९४४५५०।०० र १६९ दिनको रु.४५८२५३।०० घटाई रु.२७२५२२५।०० ब.ख लेखी पेश्की फछ्र्यौट गर्नुपर्नेमा सो समेत गरेको नदेखिएकोले पेश्की बापतको रु.८७९०००।०० असुल गरी पेश्की फछ्र्यौट गर्नुपर्ने रु.८७९०००।००

| | |
|---|---|
| असुल गर्नुपर्ने | १३,३१,३४२ |

१०० **भेरिएसन**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको प्राविधिक पुस्ट्याइँसहित भेरिएसन आदेश जारी गर्न सक्ने व्यवस्था छ ।नेपालटार मनमैजु फुटुङ्ग साङ्गला बाटो थप कार्य , Tarakeshwor/R1/079-080 को लागत अनुमान रु.९७९९७१०।०१ (पि.एस. तथा मू.अ.कर )सहित कायम गरी बोलपत्र आव्हान गरेकोमा ड्रिमसिटी कन्स्ट्रक्सन प्रा.लि. को बोलपत्र सारभूत रुपमा मूल्यांकनमा पास भई उक्त निर्माण व्यवसायीसँग मिति २०७९।०९।११ मा रकम रु.६१२८१३८।१२ (पि.एस. तथा मू.अ.कर सहित) को मिति २०८०।१।२९ मा सम्पन्न गर्ने गरी सम्झौता भएको देखिएकोमा असार मसान्तसम्म म्याद थप भई मिति २०८०।९।१६ मा कार्य सम्पन्न भएको देखिन्छ । उक्त कार्यका लागि रु.६१२८१३८।०० को सम्झौता भएकोमा मूल्यांकन रु.६२६०५९५।६५ को भई रु.१३२४४९।०० सम्झौता भन्दा बढी भुक्तानी भएको तर भेरियसन भएको नदेखिएकोले भेरियसन भएको प्रमाण पेस गर्नुपर्ने रु...

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,३२,४४९ |

१०१ **बढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३५(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भरपाई तथा प्रमाण कागजात संलग्न हुनुपर्ने व्यवस्था रहेको छ । साङ्गला खोला मोटरेवल पुल निर्माण कार्य

TARA/23/NCB/080-081 को लागत अनुमान रु.३७८८९८९०।०० (पि.एस. तथा मू.अ.कर सहित) मा बोलपत्र आव्हान गरेकोमा पुष्पाञ्जली विल्डर्ससँग मिति २०८०।६।२२ मा रकम रु.३२३६०४०९।०६ (पि.एस. तथा मू.अ.कर सहित) मिति २०८१।३।१५ मा सम्पन्न गर्ने गरी सम्झौता भएको देखिएकोमा असार मसान्त सम्म कार्यसम्पन्न पनि भएको नदेखिएको र म्याद थप पनि भएको देखिएन। उक्त निर्माण व्यवसायीलाई पहिलो रनिङ्ग बिल बापत गो.भौ. १५९।०८०।८।१७ बाट रु.१३९१६५५३।०० भुक्तानी भएकोमा पि.एस आइटम रु.२०००००।००को मूल्य अभिवृद्धि कर समेत भुक्तानी भएको रकम रु.२६०००।०० दोश्रो रनिङ्ग विलको कुल मूल्याङ्कनबाट घटाएर गो.भौ. ३८९/०८०।।११।२० बाट रु.९०९५९०८।०० भुक्तानी भएता पनि प्रथम रनिङ्ग बिलमा रु.१३९०२१६१।०० मात्रको काम भएको विवरण पछिल्लो बिलमा सारेको देखिन्छ । गो.भौ.नं. ४८७/०८०।१२।३० बाट तेस्रो रनिङ्गबापत रु.५४६१७०२।०० भुक्तानी हुँदा हालसम्म भुक्तानी भएको रकम रु.२८४७४१६३।०० देखिएकोमा हालसम्मको मूल्याङ्कन अनुसार रु.२८४३३८८२।०० मात्र काम भएको देखिएकोले बढी भुक्तानी भएको रकम रु.४०२८१।०० असुल गर्नुपर्ने रु...

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४०,२८१ |

## १०२ **पेश्की जमानत**

१०२.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ को उपनियम (४) मा पेश्की भुक्तानी गर्दा निर्माण व्यवसायीबाट पेश्की बराबरको रकम खाम्ने गरी मान्य अवधि खरिद सभझौतामा उल्लख भएको पेश्की फछयौट गर्नु पर्ने अवधिभन्दा कम्तीमा एक महिना बढी अवधिको पेश्की जमानत पेस हुनु पर्ने उल्लेख छ । नेपालटार पुलदेखि फुट्टुङ जानेबाटो स्तरोन्नति कार्य TARA/17/NCB/080-081 को लागत अनुमान रु.१५४१७५७६।१४ (पि.एस. भ्याट सहित) को बोलपत्र आव्हान गरेकोमा प्रकृति कन्स्ट्रक्सन एण्ड सप्लायर्ससँग मिति २०८०।९।३ मा रकम रु.१०५५०५२०।०२ (पिएस भ्याट सहित ) को मिति २०८१।३।२० मा सम्पन्न गर्ने गरी सम्झौता भएको देखिन्छ । सम्झौता बमोजिम उक्त कन्स्ट्रक्सन प्रा.लि. ले नेपाल बैंक लि.को २०८१।३।३२ सम्म म्याद रहेको रकम रु.१७०००००।०० को अग्रिम पेश्की जमानत पेस गरी गो.भौ.नं. २३०/०८०।१०।४ बाट रकम रु.८५००००।०० र ४८५/२०८०।१२।२० बाट रु.८५००००।०० पेश्की भुक्तानी प्राप्त गरेको देखिन्छ ।सम्झौता अनुसार २०८१।३।२० सम्म कार्य सम्पन्न गर्नुपर्नेमा सम्पन्न हुन नसकेकोले मिति ०८१।३।५ मा ०८१।१२।३० सम्मको म्याद थप भएको देखिन्छ । कार्य सम्पन्नको म्याद थपसँगै पेश्की जमानतको पनि म्याद थप हुनुपुर्नेमा अग्रिम पेश्की जमानतको म्याद थप पनि नदेखिएको र पेस्की फछ्र्यौट पनि नभएको हुनाले अग्रिम भुक्तानी (पेश्की) जमानतको म्याद थप गरी पेस गर्नुपर्दछ ।

१०२.२ काभ्रेस्थली कोइराला खोला पुल निर्माण कार्य TARA/18/NCB/080-081 को लागत अनुमान रु९८७२८३५।५७ (पिएस भ्याट सहित) गरी बोलपत्र आव्हान गरेकोमा विदिन इन्जिनियरिङ्ग कन्सल्टेन्सीको बोलपत्र सारभूत रुपमा मूल्याङ्कनमा पास भई उक्त निर्माण व्यवसायीसँग मिति २०८०।८।१९ मा रकम रु.६८५९७४२।०२ (पिएस भ्याट सहित) मिति २०८१।३।१५ मा सम्पन्न गर्ने गरी सम्झौता भएको देखिन्छ । सम्झौता बमोजिम कन्स्ट्रक्सन प्रा.लि. ले कृषि विकास बैंक लि.को २०८०।११।२३ सम्म म्याद रहेको रकम रु.१८५००००।००को अग्रिम पेश्की जमानत पेस गरी गो.भौ.नं. १८५/०८०।९।९ बाट रकम रु.११९१०००।०० पेश्की भुक्तानी लगेको देखिन्छ । गो.भौ.नं. ३५४/०८०।११।४ मा पहिलो रनिङ बिल बापत रु.३८६८८५०।०० भुक्तानी हुँदा रु.९०५१६०।०० पेश्की फछर्यौट भएको छ । तत् पश्चात गो.भौ.नं. ५४३/०८१।१।१३ मा दोस्रो रनिङ बिल बापत रु.२११२००४।०० भुक्तानी हुँदा पेश्की फछर्यौट गरेको पाइएन । अत: सम्झौता अनुसार ८० प्रतिशत कार्य सम्पन्न हुँदा सबै पेश्की फछर्यौट भैसक्नुपर्नेमा ८७ प्रतिशत काम सम्पन हुँदा पनि फछर्यौट नभएको तथा पेश्की जमानतको म्याद पनि समाप्त भएकोले उक्त बाँकी पेश्की यथाशिघ्र फछर्यौट गर्नुपर्दछ ।

## १०३ **निर्माण स्थल छनौट**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामूहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ ।योजना सम्पन्न गर्न लाग्ने अवधि, समयावधि तथा लागतका आधारमा वार्षिक लक्ष्य निर्धारण गरी आवश्यक श्रोत तथा निर्माणस्थलको सुनिश्चितता पश्चात् मात्र योजना

सञ्चालन गरिनुपर्दछ । यस कार्यालयबाट झन्डा पार्कमा पिकनिक स्पट निर्माणका लागि रु.३९७२००२।०० लागत अनुमान कायम गरी मिति २०८०।९।२६ मा सूचना प्रकाशन गरी TARA/44/NCB/080-81 बोलपत्र आव्हान गरेकोमा आशिमाला कन्स्ट्रक्सनको रकम रु.२६९४६४६।८७ को बोलपत्र छनोट भई मिति २०८१।३।२० सम्ममा सम्पन्न गर्ने गरी मिति २०८०।१२।६ मा सम्झौता भएको देखिन्छ । सम्झौता बमोजिम कार्य सुचारु गर्दा निर्माण स्थल शिवपुरी मध्यवर्ती क्षेत्र परेको भनी सेनाबाट निर्माण कार्यमा अवरोध भएको जनाई उक्त फर्मले म्याद थपका लागि १८३६-०८१।३।९ मा निवेदन दिएको देखिन्छ । सो सम्बन्धमा पालिकाको ०८१।३।२० को निर्णयले ०८१।६।३० सम्म म्याद थप भएकोमा लेखापरीक्षण अवधिसम्म कुनैपनि भुक्तानी नभएको पालिकाले जनाएको छ । यसरी योजना छनौट गर्दा सम्बन्धित निकायसँग समन्वय नभई निर्माण स्थल तथा जग्गा व्यवस्थापनको पूर्ण तयारी बिना नै वोलपत्र आव्हान भै सम्झौता भएको एवं कार्य पूर्ण नभई अलपत्र अवस्थामा रहेको पाइयो । योजना सम्पन्न नगरी अधुरो रहेको कारण सोको उपयोग हुन सकेको छैन भने लगानीको प्रभावकारितामा समेत अन्यौलता देखिन्छ । तसर्थ योजना सञ्चालन गर्दा निर्माणस्थलको प्रभावकारी व्यवस्थापन, अन्य निकायसँग प्रभावकारी समन्वय र सञ्चालित योजनाको औचित्ययता तथा प्रभावकारीताको आधारमा मात्र योजना छनौट तथा सञ्चालन गर्नुपर्दछ ।

**१०४ प्रशासकीय भवन निर्माण**

तारकेश्वर नगरपालिकाको प्रशासकीय भवन निर्माणका लागि परामर्शदाताबाट २०७६ साउन २१ गते पेस भएको डि पि आर, ड्रइङ, डिजाइन, गुरुयोजना बमोजिम सिभिल वर्क्स, इलेक्ट्रिकल तथा अन्य सम्बद्ध वर्क्स, एच. भि. ए. सी. प्रणालीको वर्क्स, स्यानिटरी, प्लम्बिङ तथा फायर फाइटिङ वर्क्स समेत तारकेश्वर नगरपालिकास्थित धर्मस्थलीमा रहेको ४२,३३२ वर्ग फिट जग्गामा ७,१५२.२३ वर्ग फिट क्षेत्रफल ओगट्ने गरी पाँच तलाको प्रशासकीय भवन निर्माण गर्न निर्माण कार्य रु.२०,३१,३९,१४०।४७, प्रोभिजनल सम रु.५४,२३,५४३।५५, बीमा तथा एज बिल्ट नक्शाको रु.४४,६२,७८२।८१ तथा मू. अ. कर रु.२,७६,९३,३१७।६९ समेत कुल रु.२४,०७,१८,७७७।५२ को लागत अनुमान तयार भई सोही बमोजिम २८४ आइटमको बि. ओ. क्यु. तयार भए बमोजिम न्यून कबोलकर्ता अनक-कविन्द्र-माउन्टेन जे भीसँग मिति २०७७ असोज २९ मा मूल्य अभिवृद्धि (Price Escalation) को व्यवस्था सहित रु.१७,०१,५०,४८४।९० बराबरको सम्झौता भएको देखिन्छ । उक्त सम्झौता बमोजिम निर्माण कार्य २०७९ चैत्र मसान्तसम्म सम्पन्न गर्नुपर्नेमा मिति २०८१।३।२० मा एकपटक शुरु लागत अनुमानमा ०.८७ प्रतिशत वृद्धि हुने गरी भेरिएशन भएको एवं प्रथम पटक मिति २०८०।६।३०सम्म अवधि रहने गरी तथा दोस्रो पटक मिति २०८०।७।२४ को निर्णयले मिति २०८० चैत्र मसान्त सम्म अवधि हुने गरी म्याद थप भएको देखिन्छ । तत्पश्चात म्याद थप भए नभएको सम्बन्धमा खुल्ने कुनै कागजात पेस भएको छैन । यस सम्बन्धमा थप बेहोरा निम्न बमोजिम रहेका छन् :

१०४.१ **मिति नखुलाएको** - कारोबारको लेखा राख्ने प्रयोजनका लागि महालेखा परीक्षकबाट स्वीकृत लेखा ढाँचा वा आर्थिक सङ्केत तथा वर्गीकरण अनुरुप लेखा ढाँचा र आर्थिक सङ्केत तथा वर्गीकरण तर्जुमा गरी कार्यान्वयन गराउनु पर्ने व्यवस्था छ ।सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ ।निर्माण कार्यको लागि म ले प फारम नं ५०१ देखि ५१४ सम्म कुल १६ वटा ढाँचा तोकिएका छन् ।पालिकाले नगरपालिका पुँजीगततर्फबाट यस वर्ष प्रशासकीय भवन निर्माणको १० औँ देखि अन्तिम १४ औँ बिल सम्म पेश्की फछ्यौंट तथा कर कटाई निर्माण व्यवसायी अनक कविन्द्र माउन्टेन जे भी लाई मूल्य समायोजन समेत खुद रु.७,६४,०२,४४०।०० भुक्तानी गरेको छ । जे.भी बाट मिति २०८१।३।२६ मा मू.अ. कर बिल पेस भएको आधारमा उक्त निर्माण कार्यको मिति २०८१।३।२४ मा नगरपालिका पुँजीगततर्फको गो भौ नं ८४३ बाट रकम रु.२२५२५४७२।०० अन्तिम भुक्तानी भएको देखिन्छ । तथापि भवनको कार्य सम्पन्न प्रतिवेदन तथा अन्तिम ठेक्का बील तथा नापी किताबमा म.ले.प.फा.नं ले तोके बमोजिमको ढाँचामा काम सम्पन्न भएको मिति उल्लेख नभएकोले निर्माण कार्य सम्पन्न भएको मिति सम्बन्धमा यकिन गर्न सकिएन । यस सम्बन्धमा पालिकाले यकिन गरी प्रमाण पेस गर्नुपर्दछ ।

१०४.२ **मूल्य समायोजन** - मूल्य समायोजन भुक्तानी दिने गरी भएको सम्झौतामा सम्झौताको साधारण तथा विशेष सर्तमा उल्लेख भए बमोजिम गर्नुपर्ने व्यवस्था उल्लेख हुन्छ । यस सम्झौताको साधारण सर्त तथा विशेष सर्त उल्लेख भएका कागजात पेस हुन आएन । ठेक्काको

सन्दर्भमा निर्माण व्यवसायीले पेस गरेको Price Bid Response Document तथा Table of Price Adjustment Data पेस हुन आए तापनि उक्त कागजातमा मूल्य समायोजनको coefficient मात्र भएको तर कुन मितिको base index हुने र बिल मिति भन्दा कति अधिको इन्डेक्स प्रयोग गरी मूल्य समायोजन गणना गर्ने भन्ने विषय उल्लेख नभएकाले यस वर्ष भुक्तानी भएको मूल्य समायोजन रु.१६८८५९९८।७१ सम्बन्धमा यकिन गर्न सकिएन । सो सम्बन्धमा यकिन हुने प्रमाण पेस हुनुपर्ने रु...

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,६८,८५,९९८.७१ |

१०४.३ **जिल्ला समन्वयको अंश** - सम्झौताका सर्तहरुको पालना हुनुपर्दछ । पालिका भवन निर्माणका लागि जिल्ला समन्वय समिति, काठमाडौँले रु.१० करोड व्यहोर्ने गरी मिति २०७७ कार्तिक २८ गते पालिकासँग सम्झौता गरेकोमा निर्माण कार्यका लागि रु.३ करोड पेश्की भुक्तानी भएको तथा मूल्य समायोजन समेत हालसम्म पेश्की कटाई कुल रु.१६,९५,९८,९०२।०० खर्च भएको विवरण पेस भएको छ । सुत्र प्रणालीबाट पेश्की रकम रु.३ करोड समेत जम्मा रु.९ करोड १४ लाख ५४ हजार मात्र जि. स. स श्रोतबाट भुक्तानी भएको देखिन्छ । यस सम्बन्धमा फरक परेको रकम रु.८५,४५,५५२।०० के कसो कारणले भुक्तानी नभएको हो सोको प्रमाण पेस हुनुपर्ने रु....

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८४,४५,५५२ |

१०४.४ **एज बिल्ट नक्शा** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ बमोजिम खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिनभित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिम एज विल्ट नक्सा सार्वजनिक निकायमा पेस गर्नुपर्ने उल्लेख छ । ठेक्काको अन्तिम बिल परीक्षण गर्दा एज बिल्ट तयार गरी बुझाउनका लागि रु.१५००००।०० भुक्तानी भएको देखिन्छ । उक्त निर्माण कार्यको एज बिल्ट पेस हुन नआएकाले सो पेस हुनुपर्ने देखिएको रु...

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,५०,००० |

## १०५ प्रधानमन्त्री रोजगार कार्यक्रम

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ८वडामा योजना सञ्चालन गरी यस वर्ष ४२ जनालाई औसत ८९.६ दिनले ३७६३.२ दिन रोजगारी उपलब्ध गराई रु.२५१६३५६।०० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

१०५.१ प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ (प्रथम संसोधन) को दफा ६८ मा प्राप्त रकम पारिश्रमिकमा मा खर्च गर्ने व्यवस्था छ ।त्यस्तै दफा २७ मा अदक्ष कामदारको ज्याला सम्बन्धमा मात्र उल्लेख भएको र दक्ष कामदारको स्पष्ट व्यवस्था नहुँदा साझेदारीमा द्विविधा सिर्जना भएकोले नेपाल सरकारले (माननीय मन्त्रीस्तर)को मिति २०८०।११।०४ गतेको निर्णानुसार दक्ष श्रमिक, निर्माण सामाग्री, हाते औजार र सुरक्षा सामाग्री प्रचलित दररेट बमोजिम स्थानीय श्रोतबाट व्यहोर्ने गरी लागत साझेदारी गर्नुपर्ने कुरा उल्लेख छ ।साथै श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको मिति २०८०।०५।२५ च. नं.९३ को पत्रानुसार आर्थिक वर्ष २०८०/०८१ का लागि प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनाको बजेट तथा कार्यक्रम कार्यान्वियन गर्नका लागि श्रमिकको काम बापतको ज्यालादर परिवर्तन भएको सम्बन्धमा विभिन्न स्थानीय तहबाट सोधनी भएकोमा २०८०/०४/३२ गतेको राजपत्रको भाग ५ मा श्रम रोजगार तथा सामाजिक संस्था मन्त्रालयको सूचना बमोजिम २०८० साउन १

गतेबाट लागू हुने गरी चिया बगान बाहेकका श्रमिकका लागि न्युनतम मासिक ज्यालादर रु.१७३००।०० र दैनिक पारिश्रमिक रु.६६८।०० निर्धारण गरिएकोले प्रधानमन्त्री रोजगार कार्यक्रम निर्देशिका २०७५ को दफा २७ मा रहेको पारिश्रमिक निर्धारण र भुक्तानी सम्बन्धमा न्यूनतम ज्यालादर रु.६६८।०० वा स्थानीय तहमा कायम भएको अदक्ष कामदारको ज्यालादरको असी प्रतिशतले कायम हुन आउने रकममध्ये जुन बढी हुन्छ सोही नै कायम रहने गरी कार्य गर्नु गराउनुहुन भन्ने कुरा उल्लेख छ।

यस पालिकाले आ.ब. २०८०।८१ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत विभिन्न काममा काठमाण्डौं जिल्लाको अदक्ष जनशक्तिको ज्यालादर रु.९००।०० को ८० प्रतिशत पारिश्रमिक दर निर्धारण गरी लागत अनुमान तयार गरी भुक्तानी दिनुपर्नेमा रु.९००।०० नै पारिश्रमिक राखी लागत अनुमान तयार गरी दर विश्लेषण (Rate Analysis) मा तोकिएको भन्दा बढी जनशक्तिलाई ८० प्रतिशतको दरले रु.९४२४९।०० भुक्तानी गरेको नियमसँगत नदेखिएको रकम रु……

| अनियमित भएको | ९४,२४९ |
|---|---|

१०५.२ पालिकाले दक्ष जनशक्ति ज्यालाको रु.९१६०३।०० रकम आन्तरिक श्रोतबाट लागत साझेदारीमा भुक्तानी गर्नुपर्नेमा प्रधानमन्त्री रोजगार कार्यक्रबाट भुक्तानी गरेकोले देखिन्छ। पालिकाले आफ्नो आन्तरिक श्रोतबाट खर्च गर्नुपर्ने रकम प्रधानमन्त्री रोजगार कार्यक्रबाट खर्च लेखेकोले संघीय सञ्चित कोषमा दाखिला गरेको प्रमाण पेस गर्नुपर्ने रकम रु.

**(विस्तृत विवरण बेरूजु दफा १०५.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| असुल गर्नुपर्ने | ९१,६०३ |
|---|---|

## १०६ अनुगमन भत्ता

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्त्व नियमावली, २०७७ को नियम ३९को उपनियम ५मा खर्चको भुक्तानी गर्दा खर्च पुष्ट्याँई गर्ने आधार प्रमाण कागजात संलग्न गरी उपनियम १०बमोजिम रित पुगे पछि मात्र भुक्तानी गर्नु पर्ने उल्लेख छ।बागमती प्रदेशका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमवाली, २०६४अनुसार पालिका भित्र भ्रमणमा जाँदा दैनिक तथा भ्रमण खर्च दिने व्यवस्था छैन । सवारी साधन चल्ने सोही दिन फर्किन सकिने स्थानमा भ्रमण गर्दा २५ प्रतिशत खाजा भत्ताको व्यवस्था छ ।नमुनाको रुपमा परीक्षण गर्दा निम्नानुसारका कर्मचारीहरु पालिका देखि निकटका वडा कार्यालयमा विभिन्न काममा गएकोमा समेत भ्रमण आदेश र भ्रमण बिल संलग्न गरी भुक्तानी गरेको पाईयो ।पालिकाले आवश्यक निर्णय गरी निश्चित दुरी सम्म भत्ता नदिने सोही दिन फर्किन सकिनेमा २५ प्रतिशत खाजा भत्ता मात्र दिने तथा सवारी साधन नचल्ने सोही दिन फर्किन सम्भव नहुनेमा मात्र दैनिक तथा भ्रमण भत्ता दिने नीति गत निर्णय गरी स्थानको वर्गीकरण गर्नु पर्दछ । नमुना छनौट गरी परीक्षण गर्दा निम्नानुसार देखिएकोले नियमसंगत देखिएन रु...

| क्र. सं. | गो भौ नं/ मिति (नगरपालिका चालु) | कार्यक्रमको विवरण | अनुगमन भत्ता भुक्तानी विवरण रु. | पारिश्रमिक कर कट्टी भए नभएको रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | १०७७/ २०८१।३। २४ | अनुगमन (औषधी पसल, प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य संस्था) | · नगर उपप्रमुख सृजना बुर्लाकोटी अर्याल लगायत ७ सदस्यमा थप १ जना सदस्य सचिव स्वास्थ्य शाखा प्रमुख विनोद कुमार शाहले २०८०।४।१ देखि २०८१।१।२ सम्म ६ पटक अनुगमन गरे बापत जनही रु.१५००।०० का दरले (८ जना * रु.१५००।००भत्ता दर*६ पटक) गर्दा रु.७२०००।००<br>· आमन्त्रित सदस्य १ जना सि अ हे व भरत पाण्डे को ४ पटकको प्रति पटक रु.१५००।०० का दरले रु.६०००।००<br>मा पारिश्रमिक कर कटाई भुक्तानी भएको कुल रु.६६३००।०० | भएको | नगर स्वास्थ्य समितिले मिति२०७९।६।२६ मा अनुगमन गर्ने समिति सम्बन्धी निर्णय गरी ७ सदस्यीय समिति गठन गरेको तथा मिति २०७९।९।४ मा निर्णय गरी जनही १५००।०० अनुगमन भत्ता तथा खाजा खाना व्यवस्था गर्ने गराउने निर्णय गरेको छ।<br>विभिन्न संस्थाहरुको अनुगमन गरी प्रतिवेदन पेस गरेको छ। |
| २ | १०७८/ २०८१।३। २४ | विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम | दिनको १०००।००का दरले<br>· प्र प्र अ दिनेश राज पन्त: रु.१००००।००<br>· ले अ खिला नाथ बास्कोटा: ६०००।००<br>· निर्मला शर्मा : ६०००।००<br>· विनोद कुमार शाह : ६०००।००<br>· गणेश बहादुर कुँवर : ५०००।००<br>· राधा कुमारी थपलिया : ५०००।००<br>· सन्तोष ढकाल : ५०००।००<br>· शोभा शर्मा : ५०००।००<br>· भरत पाण्डे : ५०००।०० | नभएको रु.७९५०।०० | बेरुजु रु.५३०००।०० रकम नियमित भै आएमा असुल गर्ने गरी कायम गर्नुपर्ने रु.७९५०।०० रहेको छ।नगरपालिकाको स्वीकृत कार्यक्रमको खर्च मापदण्ड, २०८० मा अनुगमन भत्ता प्रति दिन रु.१०००।०० को व्यवस्था रहेको छ। |
| ३ | १०९१/ २०८१।३। २४ | दादुरा रुबेला विरुद्धको खोप अभियान | मिति २०८०।११।१३ देखि १२।१० सम्मको कार्यक्रमका लागि प्रति दिन रु.१०००।०० का दरले<br>· प्र प्र अ दिनेश राज पन्त: रु.१००००।००<br>· ले अ खिला नाथ बास्कोटा: ८०००।००<br>· निर्मला शर्मा : ८०००।००<br>· सविता आचार्य : ५०००।००<br>· प्रमोद डाँगी : ५०००।०० | नभएको रु. ५४००।०० | ससर्त अन्तर्गतको कार्यक्रम संचालन गर्दा अनुगमन भत्ता पालिका चालुतर्फको क्रियाकलाप नं २४ बाट भुक्तानी भएको नियमसंगत नभएको देखिन्छ।<br>पारिश्रमिक कर दाखिला गर्नुपर्ने रु.५४००।०० रहेको छ। बेरुजु रु.३६०००।०० रकम नियमित भै आएमा असुल गर्ने गरी कायम गर्नुपर्ने रु.५४००।०० |
| | | जम्मा | १५५३००।०० | १३३५०।०० | |

| | |
|---|---|
| अनियमित भएको | १,५५,३०० |

## १०७ कार्यक्रम संचालन

अर्थ मन्त्रालय कार्यसञ्चालन निर्देशिका, २०७७ को दफा ७.१.५ मा भौतिक रुपमा नै उपस्थित भई तालिम, गोष्ठी गर्नु परेमा उपलब्ध भएसम्म आफ्नै सभाहल वा बैठक कक्षा तथा उपलब्ध नभएमा सार्वजनिक सभाहल वा बैठक हल प्रयोग गर्नुपर्ने उल्लेख छ । सरकारी रकम खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता तथा औचित्यलाई समेत ध्यानमा राखी खर्च गर्नुपर्दछ ।पालिकाको नयाँ भवनमा बैठक हलको व्यवस्था भएकोमा सुशासन सम्बन्धी LISA र FRA तालिम चितवनको कविलास रिसोर्ट एण्ड फनपार्कमा

सञ्चालन गरी गो.भौ.५९२।०८०।१२।९ बाट रकम रु.९९५३६०।०० खर्च गरेको रकमको औचित्य पुष्टी नभएको साथै मितव्ययी र नियम सम्मत नदेखिएको रु...

| | |
|---|---|
| अनियमित भएको | ९,९५,३६० |

## १०८ अनुदान फिर्ता

सङ्घीय ससर्त अनुदानको खर्च भई बाँकी भएको रकम आर्थिक वर्षको अन्तमा संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्दछ । पालिकामा सङ्घीय सरकारको हस्तान्तरित कार्यक्रम स्वास्थ्य क्षेत्र सुधार कार्यक्रममा CGAS बाट असार अन्तिममा स्वास्थ्य तर्फका कर्मचारीहरुको नपुग हुने थप रकम रु. १७००००००।०० निकासा प्राप्त भएकोमा पालिकाले उक्त रकम को.ले.नि.का. बाट निकासा ल्याएर संघीय कार्यालयबाट हस्तान्तरित कार्यक्रम ससर्त चालुतर्फको गो.भौ.नं. १६५।०८१।३।२५ मा आम्दानी बाँधी भौचर नं १६६देखि १७१ सम्मबाट खर्च गरेकोमा पुन: गो.भौ.नं. १७९।०८१।२।३।२५ बाट रु.१७००००००।०० रिभर्स भौचर उठाएकोले ससर्तको फिर्ता गर्नुपर्ने रकमबाट रु.१७००००००।०० थप घटेको देखिन्छ । पालिकाले ससर्तबाट तलब भत्ता लगायतमा निकासा नआएकोले पछि सोध भर्ना हुने गरी आन्तरिक चालु गो.भौ. ९८।०८०।६।२६ बाट स्वास्थ्यकर्मीको साउन र भाद्रको तलब भत्ता बापत रु.८३१८५९१।६० , गो.भौ.नं ९९।०८०।६।२६ बाट असोजको तलब रु.७८०४२९८।९०, गोश्वारा भौचर ४०४।०८०।९।२४ बाट शिक्षकको पारिश्रमिक बापत रु.९६,६१,४२६।००,गो.भौ. ४१२।०८०।९।२५ बाट शिक्षा निकासा रु.५८,५०,५६७।०० र गो.भौ.१४१।०८०।७।१ बाट प्रारम्भिक बाल सहजकर्ताको पारिश्रमिक बापत रु.२७,६२,०००।०० समेत गरी कोष चालुबाट रकम रु.३४३९६८८३।५ बजेट खर्च लेखेकोमा ससर्त चालु गो.भौ.नं. ८८।०८१।१।२३ बाट रकम रु.१५५११९९३।०० र गो.भौ.नं. ८९।०८१।१।२३ बाट रु.१२८४८१८१।८९ गरी जम्मा रकम रु.२८३६०१७४।८९ को सोध भर्ना हिसाब मिलानको भौचर उठाए पनि रकम नघटेकोले बैंक नगदीको मौज्दातमा रु.२८३६०१७४।८९ रहेको देखिन्छ । यसरी पालिकाले ससर्त निकासा नआएका कारण पछि सोधभर्ना लिने गरी रु.३४३९६८८३।५ खर्च गरेको तर बापत रु.२८३६०१७४।८९ मात्र सोधभर्ना गरेकोले पालिकाले रु.६०३६७०८।६१ सोधभर्ना घटी लिएको देखिन्छ ।अत: पालिकाले संघलाई फिर्ता गर्नुपर्ने रु.१७००००००।०० बाट पालिकाले सोध भर्ना प्राप्त गर्नुपर्ने देखिएको रकम रु.६०३६७०८।६१ घटाएर बाँकी रकममध्ये पालिकाको आन्तरिक श्रोतबाट खर्च भएको र पालिकाले संघबाट सोधभर्ना प्राप्त गर्नुपर्ने वा फिर्ता गर्नुपर्ने रकम भएमा सो को प्रमाण पेस गर्नुपर्ने अन्यथा संघमा फिर्ता गर्नुपर्ने देखिएको रकम सङ्घीय सञ्चित कोषमा फिर्ता गरेको प्रमाण पेस गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,०९,६३,२९१.३९ |

## १०९ गरिबसँग विश्वेश्वर कार्यक्रम

आर्थिक कार्यविधि तथ वित्तीय उत्तरदायित्व नियमावली, २०७७को नियम ३५ को उपनियम १ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची २ को ढाँचामा त्रैमासिक प्रगति विवरण बनाउनु पर्ने तथा नियम ३६मा त्रैमासिक, अर्धवार्षिक र वार्षिक प्रगति विवरण तयार गरी प्रकाशन गरी प्रगति कम भएमा सोको समीक्षा गरी सुधार गर्नुपर्ने व्यवस्था छ । यस वर्ष पालिकालाई गरिबसँग विश्वेश्वर कार्यक्रम सञ्चालन गर्न रु.४१५०००।०० बजेट प्राप्त भएकोमा सामाजिक परिचालकको पारिश्रमिकमा रु.९००००।०० खर्च भएको छ भने कार्यक्रम सञ्चालनका लागि प्राप्त भएको रकम सम्बन्धित कार्यक्रममा खर्च भएको पाइएन । कार्यक्रमको उद्देश्य अनुसार कार्यक्रम सञ्चालन गर्न कर्मचारीको पारिश्रमिक सहित बजेट विनियोजन भएकोमा मूल कार्यक्रममा नै शून्य प्रगति भएको देखिँदा कार्य दक्षतामा कमी भएको देखिन्छ। अत: कार्यक्रमको लक्ष्य हाँसिल हुन नसक्नुका कारण पहिल्याउँदै आगामी दिनमा समयमै कार्यसम्पन्न गर्नुपर्दछ ।

## ११० कानूनी सल्लाहकार

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधासम्बन्धी ऐन,२०७५ लाई संशोधन गर्न बनेको ऐन,२०७६ले स्थानीय तहको प्रमुखको कानूनी सल्लाहकारसम्बन्धी कुनै सेवा सुविधाको बारेमा उल्लेख गरेको देखिँदैन । त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ति गर्न नहुने उल्लेख छ।पालिकाले गो भौ न ८१९।०८१।२।२७ बाट कानूनी सल्लाहकार रामहरी लोहनीलाई भुक्तानी हुने गरी लिगल जुम नेपाल प्रा.लि. लाई पारिश्रमिक तथा बहस पैरवीको रकम रु.३७३७२०।०० खर्च गरेको छ । सम्झौता अनुसार निजलाई पारिश्रमिक बापत रु.२००००।००, प्रति मस्यौदा तथा बहस बापत

रु.१५०००।०० र प्रति तारेख रु.१०००।०० दिने उल्लेख गरेको पाइयो । कार्यालयले उपलब्ध गराएको दरबन्दीको विवरण अनुसार कानूनी सल्लाहकारको दरबन्दी रहेको देखिँदैन । पालिकाले पालिकामा न्यायिक कार्यको सहजीकरणका लागि कानूनी सल्लाहकारसँग करार सम्झौताबाट कार्य लगाएको जनाएको छ । कार्यालयले यस्ता आवश्यक कार्यका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी कार्यबोझ अनुसार दरबन्दी स्वीकृत गराई पदपूर्ति प्रकृयामार्फत छनौट भएका व्यक्तिबाट कार्य गर्नुगराउनु उपयुक्त हुन्छ ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : तारकेश्वर नगरपालिका , तारकेश्वर नगरपालिका , काठमाडौं

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | दिनेश राज पन्त | २०८०-५-६ | २०८१-१०-११ |
| कार्यालय प्रमुख | ईश्वर प्रसाद आचार्य | २०८१-१०-१४ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | खिलानाथ बाँस्कोटा | २०७७-८-११ | २०८१-१०-११ |
| लेखा प्रमुख | सबिना अर्याल | २०८१-९-४ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ३,०९४,६००.४८ | १३,८१८,४१५ | ६३,२६३,९२२.१ | ० | ० | ७,४१६,६१२.९ |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ८७,५९३,५५०.४८ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ६४५,२६१ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ८६,९४८,२८९.४८ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | २८९१६३२७६.२३ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ५२९९६९१४४ | चालु खर्च | ६१०११५१०९.२२ |
| प्रदेश सरकारबाट अनुदान | ४६९२०१६८ | पूँजीगत खर्च | ९७४३१२००९.८३ |
| राजश्व बाँडफाँट | ४८९३१२८०५.५५ | वित्तीय/अन्य व्यवस्था | २०३५०९८३४.८७ |
| आन्तरिक आय | २८१२९९९१४.८५ | | |
| अन्य आय | ३१८९३९४७७ | | |
| कुल आय | १६६६४४१५०९.४ | कुल खर्च | १७८७९३६९५३.९२ |
| बाँकी मौज्दात | | १६७६६७८३१.७१ | |

## अनुसूची - २

## बेरूजु दफा २० सँग सम्बन्धित विवरण - अनुसूची - ३

| क्र.सं. | पेश्की लिएको मिति | गो. भौ. न. | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | खर्च उपशिर्षक | चालुआ. व. | | गत आ.व.सम्मको | | जम्माबाँकी पेश्की | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | म्याद ननाघेको | म्यादनाघेको | म्याद ननाघेको | म्यादनाघेको | म्यादननाघेको | म्यादनाघेको | जम्मा |
| १ | २ | ३ | ४ | ५ | ८ | ९ | ११ | १२ | १४ | १५=(९+१२) | १६=(११+१४) | १७=(१५+१६) |
| १ | कर्मचारी | | | | | | | | | | | |
| १ | ०४/०१/२०८० | १२ | उद्दार~ राहत तथा पुनर्स्थापना खर्च | बिनोदकुमार साह | २७२१२ | ० | ० | ० | ३९००००. | ० | ३९००००. | ३९००००. |
| जम्मा | | | | | | ० | ० | ० | ३९००००. | ० | ३९००००. | ३९००००. |
| २ | ठेकेदार | | | | | | | | | | | |
| १ | ०४/०१/२०८० | ८९ | सांग्लाकाभ्रेस्थलि जितपूर तीनपिप्ले सडक | के.एच. ब्रदर्स /महाविर जेभि | ३११५१ | ० | ० | ० | ६४५०००. | ० | ६४५०००. | ६४५०००. |
| २ | ०४/०१/२०८० | ८९ | पञ्चेश्वरमन्दिर हुदै वडा नं १० र ११ को सिमाना सडक | खैरावाङ्गीभगवती निर्माण सेवा | ३११५१ | ० | ० | ० | २७८०००. | ० | २७८०००. | २७८०००. |
| ३ | ०४/०१/२०८० | ८९ | सडकतथा पूल निर्माण | च्याङ्गरासी निर्माण सेवा | ३११५१ | ० | ० | ० | ११०००००. | ० | ११०००००. | ११०००००. |
| ४ | ०४/०१/२०८० | ८९ | सानोपुलदेखि वोहरा टार सडक कालोपत्रे तथा स्तरोन्नती गर्ने कार्य | च्याङ्गरासी निर्माण सेवा | ३११५१ | ० | ० | ० | ५३५०००. | ० | ५३५०००. | ५३५०००. |
| ५ | ०४/०१/२०८० | ८९ | बिहानीचोकदेखी साङला हुदै भिनद्यखोला सम्म ढुङगा बिच्छ्याउने | ड्रिमसिटी कन्स्ट्रक्सन एण्ड इन्टेरियर प्रा.लि. | ३११५१ | ० | ० | ० | ८७९०००. | ० | ८७९०००. | ८७९०००. |
| ६ | ०४/०१/२०८० | ८९ | सडकतथा पूल निर्माण | न्यूमनकामना निर्माण सेवा | ३११५१ | ० | ० | ० | ७५००००. | ० | ७५००००. | ७५००००. |
| ७ | ०४/०१/२०८० | ८९ | सार्वजनिकशौचालय निर्माण | मनसुनइन्फ्रास्ट्रक्चर प्रा.लि. | ३११५८ | ० | ० | ० | ३६००००. | ० | ३६००००. | ३६००००. |
| ८ | ०४/०१/२०८० | ८९ | सडकतथा पूल निर्माण | लहरेपौवा निमाणि सेवा | ३११५१ | ० | ० | ० | १८०००००. | ० | १८०००००. | १८०००००. |
| ९ | ०४/०१/२०८० | ८९ | अन्यसार्वजनिक निर्माण | सनवेसोलार एण्ड इलेक्ट्रोनिक्स टेक्नोलोजी प्रा.लि. | ३११५९ | ० | ० | ० | २६५००००. | ० | २६५००००. | २६५००००. |
| १० | ०४/०१/२०८० | ८९ | नेपालटारचोकलेखि शुभकामना चोक लोकतान्त्रिक चोक हुदै मनमैजु पुरानो वस्तिसम्म बाटो ढलानकोदोस्रो | साईबाबा एण्ड तारा कन्स्ट्रक्सन सेवा | ३११५१ | ० | ० | ० | ८०००००. | ० | ८०००००. | ८०००००. |
| ११ | ०४/०१/२०८० | ८९ | सडकतथा पूल निर्माण | साईबाबा एण्ड तारा कन्स्ट्रक्सन सेवा | ३११५१ | ० | ० | ० | ३७००००. | ० | ३७००००. | ३७००००. |
| १२ | ०४/०१/२०८० | ८९ | गोलढुङ्गाखेलमैदान निर्माण | हेम।समर जे.भी. | ३११५९ | ० | ० | ० | ४५२३४२. | ० | ४५२३४२. | ४५२३४२. |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १३ | ०९/०९/२०८० | १८५ | काभ्रेस्थलीमारहेको कोइराले खोलामा पुल निर्माण | विदिनइन्जिनियरिङ्ग कन्सल्ट एण्ड कन्स्ट्रक्ट प्रा.लि. | ३११५१ | ० | २८५८४०. | ० | ० | ० | २८५८४०. | २८५८४०. |
| १४ | १०/०४/२०८० | २३० | नेपालटारपुल देखि फुटुङ जाने बाटो स्तरोन्नति | प्रकृतिकन्स्ट्रक्सन एण्ड सप्लार्यस प्रा.लि. | ३११५१ | ० | ८५००००. | ० | ० | ० | ८५००००. | ८५००००. |
| १५ | १२/२०/२०८० | ४८५ | नेपालटारपुल देखि फुटुङ जाने बाटो स्तरोन्नति | प्रकृतिकन्स्ट्रक्सन एण्ड सप्लार्यस प्रा.लि. | ३११५१ | ० | ८५००००. | ० | ० | ० | ८५००००. | ८५००००. |
| १६ | ०२/०४/२०८१ | ९ | तारकेश्वरनगरपालिकामा रहेका मुहानबाट पानी संकलन गर्न वृहत खानेपानी योजना | बाक्चापाखाकन्सट्रक्सन एण्ड सप्लायर्स प्राइभेट लिमिटेड | ३११५६ | ८३८१६४. | | ० | ० | ८३८१६४. | | ८३८१६४. |
| १७ | ०३/२४/२०८१ | २२ | जेष्ठनागरिक विद्यालय निर्माण | सृजनकन्स्ट्रक्सन एण्ड कम्पनी प्रा.लि. | ३१११२ | ७११०००. | ० | ० | ० | ७११०००. | ० | ७११०००. |
| जम्मा | | | | | | १५४९१६४. | १९८५८४०. | ० | १०६१९३४२. | १५४९१६४. | १२६०५१८२. | १४१५४३४६. |
| ३ | संस्थागत | | | | | | | | | | | |
| १ | ०४/०१/२०८० | १२ | अन्यसस्था सहायता | कम्युनिटिआउट लुक | २५३१५ | ० | ० | ० | २०,०००.०० | ० | २०,०००.०० | २०,०००.०० |
| २ | ०४/०१/२०८० | १२ | कर्मचारीकोबैठक भत्ता | तारकेश्वरनगरपालिका | २११३४ | ० | ० | ० | १. | ० | १. | १. |
| ३ | ०४/०१/२०८० | १२ | स्थायीबसोवास भएका प्रसुती पोषण कार्यक्रम (प्रतिव्यत्ति रु ३०००) | धर्मस्थलीस्वास्थ्य चौकी | २२५२९ | ० | ० | ० | ३०,०००.०० | ० | ३०,०००.०० | ३०,०००.०० |
| ४ | ०४/०१/२०८० | १२ | विविधखर्च | नेपालकम्युनिस्ट पार्टी | २२७११ | ० | ० | ० | २५,०००.०० | ० | २५,०००.०० | २५,०००.०० |
| ५ | ०४/०१/२०८० | १२ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | नेपालतामाङ्ग घेदुङ्ग संघ | २२३१५ | ० | ० | ० | ३५,०००.०० | ० | ३५,०००.०० | ३५,०००.०० |
| ६ | ०४/०१/२०८० | १२ | अन्यसस्था सहायता | लोकसांस्कृतिक महिला नौमती बाजा समूह | २५३१५ | ० | ० | ० | ९८,५००.०० | ० | ९८,५००.०० | ९८,५००.०० |
| ७ | ०४/०१/२०८० | १२ | मस्वा स्वं से लाई छाता जुता र अक्षय कोष थप रु१००० को दरले विवरण कार्यक्रम | शहरीस्वास्थ्य केन्द्र तारकेश्वर १० | २२५२९ | ० | ० | ० | २७,६००.०० | ० | २७,६००.०० | २७,६००.०० |
| ८ | ०४/०१/२०८० | १२ | ज्येष्ठनागरिक घर दैलो कार्यक्रम (कार्यक्रम र बजेट भएकाे वडालाई यो रकम उपलव्धगराईनेछैन) | शहरीस्वास्थ्य केन्द्र वडा न ४ | २२५२९ | ० | ० | ० | ५०,०००.०० | ० | ५०,०००.०० | ५०,०००.०० |
| ९ | ०४/०१/२०८० | १२ | स्थायीबसोवास भएका प्रसुती पोषण कार्यक्रम (प्रतिव्यत्ति रु ३०००) | साङ्गलाप्राथमिक स्वास्थ्य केन्द्र | २२५२९ | ० | ० | ० | ६०,०००.०० | ० | ६०,०००.०० | ६०,०००.०० |
| १० | ०४/०१/२०८० | १२ | कार्यालयसंचालन खर्च वडा नं १~२~३~४~५~६~७~८~९~१०~११(५००००*११)शहरी स्वास्थय केन्द्र २ -२५००० | साङलाप्राथमिक स्वास्थ्य केन्द्र. | २२३११ | ० | ० | ० | ४५,०००.०० | ० | ४५,०००.०० | ४५,०००.०० |
| | | | | | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
